United Nations
Educational, Scientific and
Cultural Organization
국제연합
교육과학문화기구

ichcap
International Information and Networking Centre
for Intangible Cultural Heritage in the Asia-Pacific Region
under the auspices of UNESCO
유네스코 아태무형유산센터

# अमूर्त साँस्कृतिक सम्पदा संरक्षण महासन्धि २००३ सँग सम्बन्धित समग्र प्रतिफल प्रारुपका लागि मार्गनिर्देशनहरु

# GUIDANCE NOTES FOR THE OVERALL RESULTS FRAMEWORK FOR THE 2003 CONVENTION FOR THE SAFEGUARDING OF THE INTANGIBLE CULTURAL HERITAGE

United Nations
Educational, Scientific and
Cultural Organization

Intangible
Cultural
Heritage

United Nations
Educational, Scientific and
Cultural Organization
국제연합
교육과학문화기구

ichcap
International Information and Networking Centre
for Intangible Cultural Heritage in the Asia-Pacific Region
under the auspices of UNESCO
유네스코 아태무형유산센터

# अमूर्त साँस्कृतिक सम्पदा संरक्षण महासन्धि २००३ सँग सम्बन्धित समग्र प्रतिफल प्रारुपका लागि मार्गनिर्देशनहरु

# GUIDANCE NOTES FOR THE OVERALL RESULTS FRAMEWORK FOR THE 2003 CONVENTION FOR THE SAFEGUARDING OF THE INTANGIBLE CULTURAL HERITAGE

United Nations
Educational, Scientific and
Cultural Organization

Intangible
Cultural
Heritage

# अमूर्त साँस्कृतिक सम्पदा संरक्षण महासन्धि २००३ का लागि समग्र प्रतिफल प्रारुप

समग्र प्रतिफल प्रारुप बनाउने प्रक्रिया युनेस्कोको आन्तरिक निरीक्षण सेवा (Internal Oversight Service)ले सन् २०१३ मा युनेस्को संस्कृति शाखाका मापदण्डहरु तोक्ने कार्यको मूल्याङ्कनको हिस्साका रुपमा दिएको सिफारिशबाट शुरु भएको थियो । सोहि वर्ष अमूर्त साँस्कृतिक सम्पदा संरक्षणका लागि अन्तरसरकारी समितिले एउटा यस्तै समग्र प्रतिफल प्रारुप बनाउने निर्णय गऱ्यो (निर्णय ८, समिति ५ सी १) र यस उपर काम गर्न अर्को वर्ष एउटा खुला अन्तरसरकारी कार्य समूहका लागि आह्वान गऱ्यो (निर्णय ९, समिति १३ ई) ।

अन्तरसरकारी कार्यसमूहको प्रारम्भिक कदमका रुपमा यस प्रयत्नको शुरुवातका लागि युनेस्कोले सेप्टेम्वर ७ देखि ९ सम्म चीनको बेइजिङमा छैटौं श्रेणीका विज्ञहरुको वैठक आयोजना गऱ्यो । युनेस्कोका निमित्त जनगणतन्त्र चीन राष्ट्रिय आयोगले सदासयतापूर्वक उक्त बैठकका लागि सहयोग प्रदान गरेको थियो । विज्ञहरुको उक्त बैठकबाट प्राप्त नतिजाका लागि समितिले उसको एघारौँ सत्रमा खुशी व्यक्त गरेको थियो (निर्णय ११, समिति १४) ।

यो प्रक्रिया सन् २०१७ को जुन ११ देखि १३ सम्म चीनको चेङ्दूमा आयोजित खुला अन्तरसरकारी कार्य समूहको बैठकमा जारी रह्यो । जनगणतन्त्र चीनको संस्कृति मन्त्रालय र अमूर्त साँस्कृतिक सम्पदा संरक्षण केन्द्र चेङ्दूले सदासयतापूर्वक प्रदान गरेको योगदानबाट उक्त बैठकको आयोजना भएको थियो । उच्च स्तरीय नतिजाहरुको खाकाका आधारमा कार्य समूहले २६ वटै सूचकहरुमाथि लामो छलफल गर्नुका साथै समग्र प्रतिफल प्रारुपमा ८६ वटा मूल्याङ्कनका कारक तत्वहरु तयार पार्न सक्षम भएको थियो । खुला अन्तरसरकारी कार्य समूहको उक्त बैठकले तयार पारेको समग्र प्रतिफल प्रारुपको खाकालाई समितिले उसको बाह्रौँ अधिवेशनमा जाँचबुझ गरेर सन् २०१८ मा हुने महासभाको सत्रौँ अधिवेशनबाट यसलाई अनुमोदन गर्नका लागि सिफारिश गऱ्यो (निर्णय १२, समिति ९) ।

समितिले सिफारिश गरेपछि महासन्धिका पक्ष राज्यहरुको महासभाको सातौँ अधिवेशनले समग्र प्रतिफल प्रारुप अनुमोदन गऱ्यो (प्रस्ताव ७, महासभा ९) ।

यी पाठहरु सचिवालयको वेवसाइटः https://ich.unesco.org/en/overall-results-framework-00984 बाट लिइएका हुन् ।

## एशिया–प्रशान्त क्षेत्रका विभिन्न भाषाहरुमा (समग्र प्रतिफल प्रारुपको) प्रकाशन

एशिया-प्रशान्त क्षेत्रका पक्ष राज्यहरुले सन् २०२४ मा आवधिक प्रतिवेदन बुझाउनु पर्दछ।

ICHCAP समग्र प्रतिफल प्रारुप र यसको निर्देशिकालाई एशिया-प्रशान्त क्षेत्रका विभिन्न भाषाहरुमा प्रकाशन गरी महासन्धिका यस क्षेत्रका सरोकारवालाहरुलाई वितरण गर्ने तथा चेतना अभिवृद्धि गर्ने कार्यहरुका माध्यमबाट सन् २००३ को महासन्धिको कार्यान्वयन तथा क्षमता विकास सुदृढिकरणमा सहयोग गर्न चाहन्छ।

यो प्रकाशन गणतन्त्र कोरियाको साँस्कृतिक सम्पदा प्रशासनको सहयोगमा युनेस्को (ICHCAP) अन्तरगत एशिया-प्रशान्त क्षेत्रमा अमूर्त साँस्कृतिक सम्पदाका लागि अन्तर्राष्ट्रिय सूचना तथा सञ्जाल केन्द्रले जारी गरेको हो।

कार्यकारी प्रकाशकः कीउम जी हुवाङ
प्रमुख सम्पादकः वेन्मो पार्क
सम्पादन सहयोगीः मिञ्जी कीम
अनुवादः ख्याम विश्वकर्मा
शुद्धाशुद्धीः भीम नेपाल
डिजाइनः ग्राफिक कोरिया
प्रकाशकः ९५ सिओहाक-रो, वान्सन-गु, जिअञ्जु, जिआल्लावक-डो ५५१०१ गणतन्त्र कोरिया
फोनः +८२ ६३ २३० ९७४२ फ्याक्सः +८२ ६३ २३० ९७०० ईमेलः info@unesco-ichcap.org

# अमूर्त साँस्कृतिक सम्पदा संरक्षण महासन्धि २००३ का लागि समग्र प्रतिफल प्रारुप

**तालिका १: संक्षिप्त सूचकहरु सहितको उच्चस्तरीय प्रारुप**

<table>
<tr><td>प्रभाव</td><td colspan="4">अमूर्त साँस्कृतिक सम्पदालाई सक्रियतापूर्वक अभ्यास एवं हेरचाह गर्दै शान्त र समावेशी समाजमा मानव कल्याण,</td></tr>
<tr><td>दीर्घकालीन उपलब्धी</td><td colspan="2">अमूर्त साँस्कृतिक सम्पदाको अभ्यास एवं हस्तान्तरण निरन्तर रुपमा भइरहेको सुनिश्चित भएको हुनेछ।</td><td colspan="2">अमूर्त साँस्कृतिक सम्पदाको विविधतालाई सम्मान गरिएको हुनेछ।</td></tr>
<tr><td>मध्यकालीन उपलब्धी</td><td colspan="4">अमूर्त साँस्कृतिक सम्पदा संरक्षणकालागि विविध समुदाय, समूह एवं व्यक्ति तथा अन्य सरोकार वालाहरुकाबीच प्रभावकारी सम्बन्धको विकास भएको हुनेछ।</td></tr>
<tr><td>अल्पकालीन उपलब्धी</td><td colspan="4">आम रुपमा अमूर्त साँस्कृतिक सम्पदा संरक्षणमा सहयोग गर्ने क्षमतामा वृद्धि भएको हुनेछ।</td></tr>
<tr><td>विषयगत क्षेत्र</td><td>संस्थागत एवं मानव क्षमता</td><td>हस्तान्तरण एवं शिक्षा</td><td>वस्तुसूचीकरण एवं अनुसन्धान</td><td>नीति तथा कानूनी एवं प्रशासकीय उपायहरु</td></tr>
<tr><td>मूख्य सूचकहरु (संक्षिप्तमा)</td><td>१. सक्षम निकायहरुले (अमूर्त साँस्कृतिक सम्पदाहरुको) अभ्यास र हस्तान्तरणमा मद्दत पुऱ्याइरहेको</td><td>४. औपचारिक तथा अनौपचारिक दुवै प्रकारको शिक्षाले हस्तान्तरणलाई सुदृढ बनाएको तथा सम्मानको प्रबर्द्धन गरेको</td><td>७. वस्तुसूचीले अमूर्त साँस्कृतिक सम्पदाको विविधतालाई प्रतिबिम्बित गर्नुका साथै यसको संरक्षणमा योगदान पुऱ्याइरहेको</td><td>११. साँस्कृतिक नीति तथा कानूनी एवं प्रशासनिक उपायहरुले अमूर्त साँस्कृतिक सम्पदाको विविधतालाई प्रतिबिम्बित गरेको र तिनीहरुको कार्यान्वयन भएको</td></tr>
</table>

| |
|---|
| आत्म-सम्मान र रचनात्मकताका लागि दिगो विकासका क्षेत्रमा योगदान पुऱ्याइरहेका समुदाय, समूह एवं व्यक्तिहरु द्वारा यसको संरक्षण गरिएको छ। |

| | |
|---|---|
| अमूर्त साँस्कृतिक सम्पदाको महत्वलाई मान्यता दिइनुका साथै यसकाबारेमा चेतना अभिवृद्धि भइ यसको संरक्षण सुनिश्चित भएको हुनेछ। | संरक्षणका लागि सबै तहका सबै सरोकारवालाहरुका माझ संलग्नता एवं अन्तर्राष्ट्रिय सहयोगमा अभिवृद्धि भएको हुनेछ। |

| |
|---|
| विविध समुदाय, समूह एवं व्यत्तिहरुको नेतृत्वमा स्वतः स्फूर्तरुपमा अमूर्त साँस्कृतिक सम्पदाका विशिष्ट तत्वहरुकालागि संरक्षणका उपाय एवं योजनाहरु निर्माण भइ कार्यान्वय गरिएको हुनेछ। |

| |
|---|
| अमूर्त साँस्कृतिक सम्पदाका विशिष्ट तत्वहरुका लागि संरक्षणका उपायहरु वा योजनाहरुको कार्यान्वयन गर्ने क्षमतामा सुधार आएको हुनेछ। |

| | | | |
|---|---|---|---|
| समाजमा अमूर्त साँस्कृतिक सम्पदा र यसको संरक्षणको भूमिका | चेतना अभिवृद्धि | समुदाय, समूह एवं व्यक्तिका साथै अन्य सरोकार वालाहरुको संलग्नता | अन्तर्राष्ट्रिय संलग्नता |
| १५. समाजमा अमूर्त साँस्कृतिक सम्पदाको महत्वलाई व्यापक मान्यता दिइएका | १७. चेतना जगाउनमा समुदाय, समूह तथा व्यक्तिहरु व्यापक रुपमा सहभागी भएका | २१. अमूर्त साँस्कृतिक सम्पदा संरक्षणका लागि सरोकारवाला-हरुको संलग्नतामा अभिवृद्धि भएको | २३. समितिमा गैरसरकारी संस्था, सार्वजनिक तथा नीजि संस्था एवं व्यक्तिहरु संलग्न भएको [1] |

१. यो सूचकको अनुगमन गर्ने तथा प्रतिवेदन पेश गर्ने काम विश्वस्तरमा मात्रै हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | २. कार्यक्रमहरुले संरक्षणका लागि मानव क्षमता सुदृढिकरणमा मद्दत पुऱ्याइरहेको<br>३. तालिमहरु समुदाय एवं संस्कृति तथा सम्पदाका क्षेत्रमा काम गर्नेहरुलाई सम्बोधन गर्दै उनीहरुले नै सञ्चालन गरिरहेका | ५. प्राथमिक तथा माध्यामिक तहको शिक्षामा अमूर्त साँस्कृतिक सम्पदा समावेश गरिएको<br>६. उत्तर-माध्यामिक शिक्षाले अमूर्त साँस्कृतिक सम्पदा संरक्षण एवं अध्ययनमा सहयोग पुऱ्याइरहेका | ८. वस्तुसूचीकरण प्रक्रिया समावेशी भएको र यसले विविधतालाई सम्मान गरेको तथा समुदाय एवं समूहहरुद्वारा गरिने संरक्षण कार्यमा मद्दत पुऱ्याइरहेको ।<br>९. अनुसन्धान एवं अभिलेखिकरणले संरक्षणमा योगदान पुऱ्याइरहेको ।<br>१०. अनुसन्धानबाट प्राप्त तथ्यहरु पहुँचयुक्त भएको तथा तिनको उपयोग भएको | १२. शैक्षिक नीति एवं कानूनी तथा प्रशासनिक उपायहरुले अमूर्त साँस्कृतिक सम्पदाको विविधतालाई प्रतिबिम्बित गरेको र तिनीहरुको कार्यान्वयन भएको<br>१३. साँस्कृतिक तथा शैक्षिक बाहेकका नीति एवं कानूनी तथा प्रशासनिक उपायहरुले अमूर्त साँस्कृतिक सम्पदाको विविधतालाई प्रतिबिम्बित गरे को र तिनीहरुको कार्यान्वयन भएको<br>१४. नीति एवं कानूनी तथा प्रशासनिक उपायहरुले संस्कार जन्य अधिकार, अभ्यास एवं अभिव्यक्तिहरुलाई सम्मान गरेका |

| | | | |
|---|---|---|---|
| १६. समावेशी योजना कार्यक्रमहरुले अमूर्त साँस्कृतिक सम्पदाको महत्वलाई मान्यता दिएको तथा आत्मसम्मान र आपसी सम्मानलाई बढावा दिएको | १८. चेतना जगाउने कार्यमा सञ्चार माध्यमहरु संलग्न भएका<br><br>१९. सार्वजनिक सूचनाका लागि अपनाइएका उपायहरुले चेतना अभिवृद्धि गरेको<br><br>२०. चेतना जगाउने गतिविधिहरु सञ्चालन गर्दा आचरणगत सिद्धान्तहरुको पालना गरिएका | २२. नागरिक समाजले संरक्षणको अनुगमनमा योगदान पुऱ्याइरहेका | २४. संरक्षणका लागि पक्ष राज्यहरुले सहयोग पुऱ्याएको<br><br>२५. अन्तर्राष्ट्रिय सञ्जाल निर्माण तथा संस्थागत सहयोगमा पक्षराज्यहरु संलग्न भएको<br><br>२६. संरक्षण तथा अन्तर्राष्ट्रिय संलग्नताका लागि अमूर्त साँस्कृतिक सम्पदा कोषले मद्दत पुऱ्याएको[२] |

## तालिका २: विषयगत क्षेत्रका आधारमा व्यवस्थापन गरिने मूख्य सूचक तथा मूल्याङ्कनका कारक तत्वहरु

| विषयगत क्षेत्र | मूख्य सूचकहरु | निम्नानुसार मूल्याङ्कन गरिनुपर्ने |
|---|---|---|
| संस्थागत एवं मानव क्षमता | १. सक्षम निकायहरु एवं संस्थाहरु तथा परामर्शी संयन्त्रहरुले आईसीएचको निरन्तर अभ्यास र हस्तान्तरणमा कति सम्म सहयोग पुऱ्याएका छन् | १.१ आईसीएच संरक्षणका लागि एक वा सो भन्दा बढी सक्षम निकायहरु तोकिएको वा स्थापना गरिएको छ। |
| | | १.२ सूचीकृत गरिएका वा नगरिएका आईसीएच विशिष्ट तत्वहरुको संरक्षणका लागि सक्षम निकायहरु अस्तित्वमा रहेका छन [3]। |
| | | १.३ परामर्शी निकाय वा अन्य समन्वयकारी संयन्त्रहरु मार्फत आईसीएच संरक्षण एवं व्यवस्थापनमा खास गरेर सम्बन्धित समुदाय, समूह र व्यक्तिहरुको वृहत तथां समावेशी[4] संलग्नतालाई प्रोत्साहित गरिएको छ। |
| | | १.४ आईसीएच अभिलेखिकरणका लागि संस्था, संगठन र/वा आरम्भ गरिन लागेका पदल कदमीहरुलाई प्रोत्साहित गरिएको छ र तिनीहरुले उत्पादन सामाग्रीहरु अमूर्त साँस्कृतिक सम्पदाको निरन्तर अभ्यास र हस्तान्तरणमा मद्दत पुऱ्याउनमा उपयोग गरिएको छ। |
| | | १.५ साँस्कृतिक केन्द्र, विशेषज्ञता केन्द्रहरु अनुसन्धान संस्था, संग्रहालय, अभिलेखालय, पुस्तकालयहरु आदिले आईसीएच संरक्षण तथा व्यवस्थापनमा योगदान योगदान पुऱ्याउँछन्। |
| | २. आईसीएचको संरक्षण तथा व्यवस्थापन गर्ने कार्यलाई प्रवर्द्धन गर्न कार्यक्रमहरुले मानव क्षमता सुदृढीकरणमा कति सम्म सहयोग पुऱ्याएका छन् | २.१ उच्च शिक्षा प्रदान गर्ने संस्थाहरुले समावेशी ढङ्गले आईसीएच संरक्षण तथा व्यवस्थापनमा पाठ्यक्रम तथा शैक्षिक उपाधी प्रदान गर्दछन्। |
| | | २.२ सरकारी संस्था, केन्द्रहरु तथा अन्य निकायहरुले आईसीएच संरक्षण एवं व्यवस्थापनमा समावेशी ढङ्गले तालिम प्रदान गर्दछन् । |
| | | २.३ समुदायमा आधारित वा गैरसरकारी संस्थाको पहलमा सञ्चालित कार्यक्रमहरुले समावेशी ढङ्गले आईसीएच संरक्षण तथा व्यवस्थापनमा तालिम प्रदान गर्दछन्। |

२. यो सूचकको अनुगमन गर्ने तथा प्रतिवेदन पेश गर्ने काम विश्वस्तरमा मात्रै हुनेछ।

३. 'सूचीमा उल्लेख गरिएको वा नगरिएको सन्दर्भलाई 'तत्काल संरक्षण गर्नु पर्ने अमूर्त साँस्कृतिक सम्पदा सूचीमा सूचीकृत गरिएका वा मानवतका अमूर्त साँस्कृतिक सम्पदाहरुको प्रतिनिधिमूलक सूचीका अर्थमा बुझ्नु पर्दछ।

४. 'समावेशी', 'समावेशीपूर्वक' वा 'समावेशी आधारमा' सँग सम्बन्धित सन्दर्भलाई 'आदिवासी समुदाय, स्वदेशी एवं विदेशी आप्रवासी तथा शरणार्थी, विभिन्न उमेर समूह लिङ्गका समुदाय, अपाङ्गता भएका व्यक्ति र अति संवेदनशील समूहका सदस्यहरु भनेर बुझ्नु पर्दछ (हेर्नुहोस्: कार्यसञ्चालन निर्देशिका १७४ र १९४)। यस सम्बन्धी कार्यक्रम र उपलब्धीहरुको प्रतिवेदन बुझाउँदा पक्षराज्यहरुलाई विभिन्न समूहहरुका बारेमा भिन्ना भिन्नै उल्लेख गरिएको तथ्याङ्क प्रदान गर्न वा यस्तो समावेशीता कसरी सुनिश्चित गरिएको छ भनेर व्याख्या गर्न उत्प्रेरित गरिन्छ।

| विषयगत क्षेत्र | मूख्य सूचकहरु | निम्नानुसार मूल्याङ्कन गरिनुपर्ने |
| --- | --- | --- |
| संस्थागत एवं मानव क्षमता | ३. समुदाय, समूह र व्यक्तिका साथै संस्कृति र सम्पदाका क्षेत्रमा काम गर्नेहरुले कति सम्म तालिमहरु सञ्चालन गरेका छन् वा यस्ता तालिमहरुले उनीहरुलाई कतिसम्म सम्बोधन गरेका छन् | ३.१ समुदाय आफैले सञ्चालन गरेका लगायतका तालिम कार्यक्रमहरुले समुदाय, समूह वा व्यक्तिहरुलाई आईसीएचमा समावेशी ढङ्गले क्षमता निर्माण गर्ने कार्यलाई सम्बोधन गर्दछन् । |
| | | ३.२ तालिम कार्यक्रमहरुले संस्कृति र सम्पदाका क्षेत्रमा काम गर्ने व्यक्तिहरुलाई आईसीएचमा समावेशी ढङ्गले क्षमता निर्माण गर्ने कार्यलाई सम्बोधन गर्दछन् । |
| हस्तान्तरण एवं शिक्षा | ४. औपचारिक तथा अनौपचारिक शिक्षा दुवैले आईसीएचको हस्तान्तरणलाई सुदृढीकरण गर्न तथा आईसीएचप्रतिको सम्मान प्रर्बद्धन गर्नमा कति सम्म योगदान पुऱ्याएका छन् | ४.१ अभ्यासकर्ता एवं संवाहकह[५] अमूर्त साँस्कृतिक सम्पदा शिक्षा कार्यक्रमको खाका तयार पार्ने तथा उक्त कार्यक्रमको निर्माणमा र/वा उनीहरुको सम्पदालाई सक्रियतापूर्वक प्रस्तुत गर्ने तथा हस्तान्तरण गर्ने कार्यमा समावेशी ढङ्गले संलग्न भएका छन् । |
| | | ४.२ समुदाय, समूह तथा व्यक्तिहरुले मान्यता दिएका आईसीएच हस्तान्तरणका चलन र विधिहरु सिकिएको र/वा मजवूत पारिएको छ र तिनलाई औपचारिक र अनौपचारिक दुवै शैक्षिक कार्यक्रमहरुमा समावेश गरिएको छ । |
| | | ४.३ समुदाय, समूह, गैर-सरकारी संस्था वा सम्पदा संस्थाहरुले सञ्चालन गरेका अमूर्त साँस्कृतिक सम्पदा र यसको हस्तान्तरणलाई मजवूत पार्ने कार्यसँग सरोकार राख्ने शैक्षिक कार्यक्रमहरु र/वा अतिरिक्त शैक्षिक गतिविधिहरु उपलब्ध छन् र तिनलाई सहयोग प्रदान गरिएको छ । |
| | | ४.४ शिक्षक तालिम कार्यक्रमहरु र अनौपचारिक शिक्षाका तालिम प्रदायकहरुका लागि सञ्चालित कार्यक्रमहरुले आईसीएच र यसको संरक्षणलाई शिक्षामा एकीकृत गर्ने उपायहरु समावेश गर्दछन् । |

५. महासन्धिमा एकैनाससँग 'समुदाय, समूह र व्यक्तिहरु' प्रयोग गरिएको भएता पनि मूल्यांकनका लागि प्रयोग गरिएका थुप्रै दस्तावेजहरु, जस्तै कार्यसञ्चालन निर्देशिकामा अमूर्त साँस्कृतिक सम्पदासँग सम्बन्धित विषयमा विशेष भूमिका खेल्ने निश्चित सदस्यहरुको पहिचानका लागि 'अभ्यासकर्ता एवं धारकहरु' उल्लेख गरिएको छ ।

| विषयगत क्षेत्र | मूख्य सूचकहरु | निम्नानुसार मूल्याङ्कन गरिनुपर्ने |
|---|---|---|
| हस्तान्तरण एवं शिक्षा | ५. आईसीएच र यसको संरक्षणलाई प्राथमिक एवं माध्यामिक तहको शिक्षामा कति सम्म एकीकृत गरिएको छ, सम्बन्धित विषयका विषयवस्तुहरुमा के कत्तिको समावेश गरि एको छ र आईसीएचका बारेमा एवं आईसीएचयुक्त शिक्षण र सिकाईलाई सुदृढ गर्न तथा आफ्नो र अरुको आईसीएच प्रति सम्मान गर्नमा कत्तिको प्रयोग गरिएको छ | ५.१ विद्यालयका बालबालिकाहरुले शैक्षिक कार्यक्रम एवं पाठ्यक्रमहरुका माध्यमबाट उनीहरुको आफ्नो समुदाय वा समूहका आईसीएच वा अरुका अमूर्त साँस्कृतिक सम्पदाहरुप्रति सम्मान तथा तिनका बारेमा चिन्तन मनन गर्न सिक्दछन् । |
| | | ५.२ विद्यालयका बालबालिकाहरुले शैक्षिक कार्यक्रम एवं पाठ्यक्रमहरुका माध्यमबाट उनीहरुको आफ्नो समुदाय वा समूहका आईसीएच वा अरुका अमूर्त साँस्कृतिक सम्पदाहरुप्रति सम्मान तथा तिनका बारेमा चिन्तन मनन गर्न सिक्दछन् । |
| | | ५.३ मातृभाषा वा बहुभाषी शिक्षा र/वा शैक्षिक पाठ्यक्रममा 'स्थानीय विषयवस्तु' को समावेशी करणका माध्यमबाट शिक्षार्थीहरुको अमूर्त साँस्कृतिक सम्पदाको विविधता प्रतिविम्वित भएको छ। |
| | | ५.४ शैक्षिक कार्यक्रमहरुले प्राकृतिक तथा साँस्कृतिक स्थानहरु तथा स्मारक स्थलहरुको सुरक्षाका बारेमा पढाउँछन् , जसको अस्तित्व अमूर्त साँस्कृतिक सम्पदाको अभ्यासका लागि अपरिहार्य हुन्छ। |
| | ६. उत्तरमाध्यमिक शिक्षाले आईसीएच अभ्यास एवं हस्तान्तरणका साथै यसका सामाजिक, साँस्कृतिक तथा अन्य आयामहरुको अध्ययनमा कतिसम्म सहयोग पुऱ्याइरहेको छ | ६.१ उत्तर–माध्यामिक तहको शिक्षा प्रदान गर्ने संस्थाहरुले (संगीत, कला, हस्तकला, प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम आदि जस्ता विषयहरुमा) पाठ्यक्रम एवं शैक्षिक उपाधी प्रदान गर्दछन् , जसले आईसीएचको अभ्यास र हस्तान्तरणलाई सुदृढ बनाउँछन् । |
| | | ६.२ उत्तर–माध्यामिक तहको शिक्षा प्रदान गर्ने संस्थाहरुले आईसीएच र यसका सामाजिक, साँस्कृतिक एवं अन्य आयामहरुको अध्ययनका लागि पाठ्यक्रम तथा शैक्षिक उपाधी प्रदान गर्दछन् । |

| विषयगत क्षेत्र | मूख्य सूचकहरु | निम्नानुसार मूल्याङ्कन गरिनुपर्ने |
|---|---|---|
| वस्तुसूचीकरण तथा अनुसन्धान | ७. अमूर्त साँस्कृतिक सम्पदाको वस्तु सूचीमा आईसीएचको विविधता कत्तिको झल्किएको छ र यसले आईसीएचको संरक्षणमा कत्तिको योगदान पुऱ्याएको छ | ७.१ (महासन्धिको) अनुमोदन गरे पछि आईसीएचको संरक्षण एवं त्यसको विविधतालाई प्रतिविम्वित गर्ने दिशा तर्फ उन्मुख एक वा सो भन्दा बढि वस्तु सूचीकरण पद्दति स्थापित गरिएको वा पुनरावलोकन गरिएको छ। |
| | | ७.२ विशिष्टीकृत वस्तुसूचीहरु र/वा विविध प्रयोजनका लागि तयार पारिएका वस्तुसूचीहरुले (आईसीएचको विविधता झल्काउँदै (तिनको) संरक्षणमा योगदान पुऱ्याउँछन्। |
| | | ७.३ विद्यमान वस्तुसूची वा वस्तुसूचीहरुलाई, खास गरेर उक्त सूचीमा समेटिएका सम्पदा तत्वहरुको हालको जीवन्तता दर्शाउन, प्रतिवेदन तयार पार्ने बेलामा अद्यावधिक गरिएको छ। |
| | | ७.४ आईसीएचका विशेष पक्षहरुसम्मको पहुँचलाई नियमन गर्ने प्रथागत अभ्यासहरुको सम्मान गर्दै आईसीएच वस्तुसूचीहरुसम्मको पहूँचलाई सहजीकरण गरिएको छ। र तिनीहरुलाई संरक्षण कार्यको सुदृढीकरणमा उपयोग गरिएको छ। |
| | ८. वस्तुसूचीकरण प्रक्रिया कत्तिको समावेशी छ, यसले आईसीएच र यसका अभ्यासकर्ताहरुको विविधता प्रति कत्तिको सम्मान गर्दछ र सम्बद्ध समुदाय, समूह र व्यक्तिहरुले गरेका संरक्षणका प्रयासहरुलाई कति सम्म सहयोग गरेको छ | ८.१ समुदाय, समूह र सम्बद्ध गैर-सरकारी संस्थाहरु वस्तुसूचीकरण प्रक्रियामा समावेशीपूर्ण तरीकाले सहभागी भएका छन्, जसले उनीहरुका संरक्षणका प्रयासहरुका बारेमा जानकारी दिन्छ र ती प्रयासहरुलाई सुदृढ पार्दछ। |
| | | ८.२ वस्तुसूचीकरण प्रक्रियाले आईसीएचको विविधता एवं समाजका सबै क्षेत्र, सबै लैङ्गिक समूह र सबै क्षेत्रका अभ्यास र अभिव्यक्तिहरु लगायत यसका अभ्यासकर्ताहरुलाई सम्मान गर्दछ। |

| विषयगत क्षेत्र | मूख्य सूचकहरु | निम्नानुसार मूल्याङ्कन गरिनुपर्ने |
|---|---|---|
| वस्तुसूचीकरण तथा अनुसन्धान | ९. वैज्ञानिक, प्राविधिक तथा कलात्मक अध्ययनहरु लगायत अध्ययन तथा अभिलेखीकरणले संरक्षणमा कतिसम्म योगदानको पुऱ्याएका छन् | ९.१ आर्थिक तथा अन्य प्रकारका सहयोगहरुले संरक्षणमूलक तथा सम्बद्ध नैतिक सिद्दान्तहरु अनुरुप सञ्चालन गरिएका अनुसन्धान, वैज्ञानिक, प्राविधिक एवं कलात्मक अध्ययन, अभिलेखीकरण र पुरालेखण कार्यलाई प्रोत्साहित गर्दछन् । |
| | | ९.२ सूचीकृत गरिएका वा नगरिएका आईसीएच तथा यसका विशेष तत्वहरुको संरक्षणतर्फ लक्षित विधिहरु एवं तिनीहरुको प्रभावसँग सम्बन्धित अनुसन्धानलाई प्रोत्साहित गरिएको छ । |
| | | ९.३ आईसीएच अभ्यासकर्ता एवं संबाहकहरु उनीहरुको स्वतन्त्र, अटुट एवं पूर्व सुसूचित सहमतिका आधारमा सञ्चालन गरिएका अनुसन्धान तथा वैज्ञानिक, प्राविधिक तथा कला सम्बन्धी अध्ययनबाट प्राप्त नतिजाहरुको व्यवस्थापन, कार्यान्वयन र संप्रेषणमा सहभागी भएका छन् । |
| | १०. अनुसन्धानबाट प्राप्त नतिजाहरु एवं अभिलेखिकरण कत्तिको पहुँचयुक्त छन् र तिनीहरुलाई नीति निर्माण सुदृढीकरण तथा संरक्षणमा सुधार ल्याउन कत्तिको प्रयोगमा ल्याइएको छ | १०.१ आईसीएचका विशेष पक्षहरुसम्मको पहुँचलाई नियमन गर्ने प्रथागत अभ्यासहरुलाई सम्मान गर्दै अभिलेखीकरण र अनुसन्धानबाट प्राप्त नतिजाहरु समुदाय, समूह एवं व्यक्तिहरुका लागि पहुँचयोग्य बनाइएका छन् । |
| | | १०.२ आईसीएच सम्बन्धी अनुसन्धान, अभिलेखीकरण र वैज्ञानिक, प्राविधिक एवं कला सम्बन्धी अध्ययनबाट प्राप्त नतिजाहरुलाई विभिन्न क्षेत्रहरुमा नीति निर्माण सुदृढीकरणका लागि उपयोग गरिएको छ । |
| | | १०.३ आईसीएच सम्बन्धी अनुसन्धान, अभिलेखीकरण र वैज्ञानिक, प्राविधिक एवं कला सम्बन्धी अध्ययनबाट प्राप्त नतिजाहरुलाई संरक्षण कार्यमा सुधार ल्याउनमा प्रयोग गरिएको छ । |
| नीतिगत तथा कानूनी एवं प्रशासकीय उपायहरु | ११. संस्कृतिका क्षेत्रका नीति तथा कानूनी एवं प्रशासकीय उपायहरुले आईसीएचको विविधता र यसको संरक्षणको महत्वलाई के कति प्रतिविम्वित गरेका छन् र तिनीहरुको कार्यान्वयन कस्तो भइरहेको छ | ११.१ आईसीएच र यसको संरक्षणलाई समावेश गर्ने तथा यसको विविधतालाई प्रतिविम्वित गर्ने साँस्कृतिक नीति र/वा कानूनी तथा प्रशासकीय उपायहरु बनाइएको वा परिमार्जन गरिएको तथा तिनको कार्यान्वयन गरिएको छ । |
| | | ११.२ सूचीकृत गरिएका वा नगरिएका विशेष सम्पदा तत्वहरुका संरक्षण योजना लगायत आईसीएचको संरक्षणसँग सम्बन्धित राष्ट्रिय वा प्रादेशीक/स्थानीय रणनीतिहरु र/वा कार्ययोजनाहरु, बनाइएको वा परिमार्जन गरिएको तथा तिनको कार्यान्वयन गरिएको छ । |
| | | ११.३ संस्कृति र साधारणतया सम्पदाका लागि उपलब्ध गराइने समग्र सहयोगका हकमा, तत्काल संरक्षणको आवश्यकता भएका भनि पहिचान गरिएका सम्पदाहरुलाई प्राथमिकतामा राख्नु पर्ने कुरालाई ध्यानमा राख्दै, समतामूलक तवरले सूचीकृत गरिएका वा नगरिएका, आईसीएच तत्वको संरक्षणका लागि सार्वजनिक वित्तीय र/वा प्राविधिक सहयोग प्रदान गरिएको छ । |
| | | ११.४ आईसीएच र यसको संरक्षणलाई समावेश गर्ने साँस्कृतिक नीतिहरु र/वा कानूनी तथा प्रशासकीय उपायहरु समुदाय, समूह र व्यक्तिहरुको सक्रिय सहभागिताका आधारमा बनाइएका हुन् । |

| विषयगत क्षेत्र | मूख्य सूचकहरु | निम्नानुसार मूल्याङ्कन गरिनुपर्ने |
|---|---|---|
| | १२. शिक्षाको क्षेत्रमा भएका नीति तथा कानूनी एवं प्रशासनिक उपायहरुले आईसीएचको विविधता र यसको संरक्षणको महत्वलाई कत्तिको प्रतिविम्वित गरेका छन् र तिनीहरुको कार्यान्वयन कस्तो भइरहेको छ | १२.१ अमूर्त साँस्कृतिक सम्पदाको मान्यता, यसप्रतिको सम्मान र विकास सुनिश्चित गर्न शिक्षासँग सम्बन्धित नीतिहरु र/वा कानूनी एवं प्रशासनिक उपायहरु बनाइएको वा परिमार्जित गरिएको तथा तिनीहरुको कार्यान्वयन गरिएको छ। |
| | | १२.२ आईसीएचको हस्तान्तरण तथा अभ्यास सुदृढीकरण गर्न शिक्षासँग सम्बन्धित नीतिहरु र/वा कानूनी एवं प्रशासनिक उपायहरु बनाइएको वा परिमार्जित गरिएको तथा तिनीहरुको कार्यान्वयन गरिएको छ। |
| | | १२.३ नीतिहरु र/वा कानूनी एवं प्रशासनिक उपायहरुले मातृभाषामा सिकाइ तथा बहूभाषी शिक्षाको प्रबर्द्धन गर्दछन। |
| नीतिगत तथा कानूनी एवं प्रशासकीय उपायहरु | १३. संस्कृति र शिक्षा बाहेकका अन्य क्षेत्रमा भएका नीतिका साथै कानूनी एवं प्रशासनिक उपायहरुले आईसीएच र यसको महत्वलाई कत्तिको प्रतिविम्वित गरेका छन् र तिनीहरुको के कस्तो कार्यान्वयन भएको छ | १३.१ अमूर्त साँस्कृतिक सम्पदा संरक्षणका नैतिक सिद्धान्तहरुलाई विकास योजना, नीति तथा कार्यक्रमहरुमा ध्यान दिइएको छ। |
| | | १३.२ आईसीएच र यसको संरक्षणका लागि समावेशी सामाजिक विकास[६] तथा वातावरणीय दिगोपनाका लागि नीतिहरु र/वा कानूनी तथा प्रशासनिक उपायहरु बनाइएको वा परिमार्जनका लागि विचार गरिएको छ। |
| | | १३.३ प्रभावित आईसीएच समावेश गर्न तथा प्रभावित जनसमुदायलाई पहिलेकै अवस्थामा फर्काउने कार्यका लागि यसको महत्व पहिचान गर्न प्राकृतिक विपद अथवा सशस्त्र द्वन्द्वको अवस्थालाई सम्बोधन गर्न नीति र/वा कानूनी तथा प्रशासनिक उपायहरु बनाइएको वा परिमार्जन गरिएको छ। |
| | | १३.४ आईसीएच र यसको संरक्षणमाथि विचार पुऱ्याउन समावेशी आर्थिक विकासका निम्ति नीतिहरु र/वा कानूनी तथा प्रशासनिक उपायहरु बनाइएको वा परिमार्जन गरिएको छ।[७] |
| | | १३.५ अमूर्त साँस्कृतिक सम्पदाको अभ्यास एवं हस्तान्तरणलाई सहजीकरण र/वा अभिप्रेरित गर्न तथा यसको अभ्यासका लागि आवश्यक प्राकृतिक तथा अन्य स्रोतहरुको उपलब्धता बढाउनमा मद्दत पुग्ने वित्तीय वा आर्थिक नीति एवं प्रोत्साहन कार्यक्रमहरु बनाइएको छ वा संशोधन गरिएको छ। |

६ कार्यसञ्चालन निर्देशिकाको भाग चारमा उल्लेख गरिए अनुसार 'समावेशी सामाजिक विकास' मा खाद्य सुरक्षा, स्वास्थ्य स्याहार, लैङ्गिक समानता, सफा र सुरक्षित पिउने पानीसम्मको पहुँच र पानीको दिगो प्रयोग पर्दछन्; गुणस्तरी शिक्षालाई सूचक नं. १२ मा समावेश गरिएको छ।

७ कार्यसञ्चालन निर्देशिकाको भाग चारमा उल्लेख गरिए अनुसार 'समावेशी आर्थिक विकास' मा आय आर्जन एवं दिगो जिविकोपार्जन, उत्पादनमूलक रोजगारी तथा सम्मानजनक काम र अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण र पर्यटनले एकार्कालाई पार्ने प्रभाव आदि पर्दछन।

| विषयगत क्षेत्र | मूख्य सूचकहरु | निम्नानुसार मूल्याङ्कन गरिनुपर्ने |
| --- | --- | --- |
| नीतिगत तथा कानूनी एवं प्रशासकीय उपायहरु | १४. नीतिहरुका साथै कानूनी एवं प्रशासनिक उपायहरुले खास गरेर आईसीएचको अभ्यास र हस्तान्तरणका सम्बन्धमा प्रथाजन्य अधिकार, अभ्यास र अव्यिक्तिहरुलाई के कति सम्मान गरेका छन् | १४.१ अरु कसैले आईसीएचलाई व्यापारिक प्रयोजनका लागि प्रयोग गर्ने बेलामा सम्बद्ध आईसीएच अभ्यासकर्ता, संवाहक र उनीहरुको समुदायलाई बौद्धिक सम्पत्ति माथिको अधिकार र गोपनीयताको अधिकार जस्ता कानूनी संरक्षणहरु प्रदान गरिएको छ। |
| | | १४.२ आईसीएचको अभ्यास र हस्तान्तरणका लागि आवश्यक भूमी, समुद्र, वन पर्यावरणमाथि समुदाय एवं समूहको प्रथाजन्य अधिकारको महत्वलाई नीति र/वा कानूनी तथा प्रशासनिक उपायहरुमा मान्यता दिइएको छ। |
| | | १४.३ भैै-भगडाको रोकथाम तथा शान्तिपूर्ण तवरले द्वन्द्व समाधानमा योगदान पुऱ्याउने अमूर्त साँस्कृतिक सम्पदाका अभिव्यक्ति, अभ्यास र प्रतिनिधित्वलाई नीति र/वा कानूनी एवं प्रशासनिक उपायहरुले मान्यता दिन्छन्। |
| समाजमा अमूर्त साँस्कृतिक सम्पदा र यसको संरक्षणको भूमिका | १५. सम्बन्धित समुदाय, समूह र व्यक्तिहरु तथा समग्रमा समाज दुबैले समाजमा आईसीएच र यसको संरक्षणलाई कति सम्म महत्व दिएका छन् | १५.१ समुदाय, समूह एवं व्यक्तिहरुले उनीहरुको आईसीएचलाई दिगो विकास कार्यक्रमको परिवेशमा लगायत उनीहरुको समृद्धिलाई माथि उठाउनमा प्रयोग गर्दछन्। |
| | | १५.२ समुदाय, समूह र व्यक्तिहरुले उनीहरुको आईसीएचलाई सम्वाद, आपसी सम्मानको प्रबर्द्धन, द्वन्द्व समाधान र शान्ति निर्माणमा प्रयोग गर्दछन्। |
| | | १५.३ विकासका लागि सञ्चालित कार्यक्रमहरुले समाजमा आईसीएचको महत्वलाई पहिचान र निरन्तरताको स्रोत र ज्ञान र सीपको स्रोतका रुपमा मान्यता दिन्छन् र दिगो विकासलाई सवल बनाउने एउटा संसाधनका रुपमा यसको सुदृढीकरण गर्दछन्। |
| | १६. आत्म-सम्मान तथा आपसी सम्मानलाई प्रोत्साहन गर्ने समावेशी योजना एवं कार्यक्रमहरुका माध्यमबाट आईसीएच संरक्षणको महत्वलाई कत्तिको मान्यता दिइएको छ | १६.१ आईसीएच संरक्षण योजना तथा कार्यक्रमहरुले निम्नानुसारका समाजका सबै क्षेत्र र तहहरुलाई समावेश गर्दछन्, तर यी क्षेत्र र तहहरुमा नै सीमित हुनु पर्छ भन्ने छैनः<br>• आदिवासी जन-समुदाय;<br>• फरक-फरक जातीय पहिचान भएका समूहहरु;<br>• वसाइ सरेर आएका स्वदेशी वा विदेशी आप्रवासी तथा शरणार्थीहरु;<br>• विभिन्न उमेर समूहका जन-समुदायहरु;<br>• विभिन्न लैङ्गिक समूहका जन-समुदायहरु;<br>• जोखिममा परेका समूहका सदस्यहरु |
| | | १६.२ सामान्यतया सूचीकृत गरिएको वा नगरिएको आईसीएचका लागि र/वा आईसीएचको विशिष्ट तत्वका लागि बनाइएका संरक्षण योजना तथा कार्यक्रमका माध्यमबाट समुदाय, समूह र व्यक्तिहरुको आत्म-सम्मान तथा उनीहरुका माभ आपसी सम्मान प्रोत्साहित गरिएको छ। |

| विषयगत क्षेत्र | मूख्य सूचकहरु | निम्नानुसार मूल्याङ्कन गरिनुपर्ने |
|---|---|---|
| चेतना अभिवृद्धि | १७. आईसीएच र यसको संरक्षणको महत्वका बारेमा चेतना जगाउन समुदाय, समूह र व्यक्तिहरु व्यापक रुपमा कत्तिको सहभागी भएका छन् | १७.१ चेतना जगाउने क्रियाकलापहरुले सम्बन्धित समुदाय, समूह र व्यक्तिहरुको समावेशी एवं व्यापक सम्भाव्य सहभागितालाई प्रतिविम्वित गर्दछन् । |
| | | १७.२ सम्बन्धित समुदाय, समूह र व्यक्तिहरुसँग उनीहरुका अमूर्त साँस्कृतिक सम्पदाका विशिष्ट तत्वहरुस( ँग सम्बन्धित चेतना अभिवृद्धि क्रियाकलापहरु स्वतन्त्र, अटुट एवं पूर्व सुसूचित सहमति प्राप्त गरिएको छ। |
| | | १७.३ आईसीएचका बारेमा चेतना अभिवृद्धि सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्दा सम्बन्धित समुदाय, समूह र व्यक्तिहरुको अधिकार एवं उनीहरुका आध्यात्मिक तथा भौतिक अभिरुचीहरुलाई यथोचितरुपमा संरक्षण गरिएको छ। |
| | | १७.४ युवाहरु आफ्नो समुदायका अमूर्त साँस्कृतिक सम्पदाहरुसँग सम्बन्धित सूचनाहरुको संकलन तथा वितरण गर्ने लगायत चेतना अभिवृद्धि क्रियाकलापहरुमा सक्रिय भएर लागि परेका छन् । |
| | | १७.५ समुदाय, समूह र व्यक्तिहरुले आईसीएच र यसको संरक्षणका बारेमा चेतना जगाउन सूचना तथा सञ्चार प्रविधि, एवं सबै प्रकारका मिडियाहरु, खास गरेर आधुनिक मिडियाहरुको प्रयोग गर्दछन् । |
| | १८. आईसीएच र यसको संरक्षणको महत्वका बारेमा चेतना अभिवृद्धि गर्न तथा समझदारी र पारस्परिक सम्मानको प्रबर्द्धनमा सञ्चार माध्यम कतिसम्म संलग्न भइरहेका छन् | १८.१ सञ्चार माध्यम समेटिएका सामाग्रीहरुले आईसीएच र यसको संरक्षणको महत्वका बारेमा चेतना अभिवृद्धि गर्दछन् र समुदाय, समूह र व्यक्तिहरुका माझ पारस्परिक सम्मान प्रबर्द्धन गर्दछन् । |
| | | १८.२ आईसीएचसँग सम्बन्धित विभिन्न सरोकारवालाहरु र सञ्चार संस्थाहरुका बीच क्षमता निर्माण क्रियाकलापहरु सहित आईसीएच सम्बन्धी विशेष सहायता क्रियाकलाप वा कार्यक्रमहरु बनाइएको तथा तिनीहरुको कार्यान्वयन गरिएको छ। |
| | | ११८.३ आईसीएच सम्बन्धी मिडिया कार्यक्रमहरु समावेशी हुनुका साथै तिनीहरुले सम्बन्धित समुदाय तथा समूहको भाषा प्रयोग गर्दछन् र/वा विभिन्न लक्षित समूहहरुलाई सम्बोधन गर्दछन् । |
| | | १८.४ अमूर्त साँस्कृतिक सम्पदा र यसको संरक्षण सम्बन्धी मिडियाले समेटेको सामाग्री महासन्धिले निर्दिष्ट गरेको अवधारणा र शब्दावली अनुसार छ। |

| विषयगत क्षेत्र | मूख्य सूचकहरु | निम्नानुसार मूल्याङ्कन गरिनुपर्ने |
|---|---|---|
| चेतना अभिवृद्धि | १९. सार्वजनिक सूचना कार्यक्रमहरुले आईसीएच र यसको संरक्षणको महत्वका बारेमा कतिसम्म चेतना अभिवृद्धि गरेका छन् र तिनीहरुले समभदारी र आपसी सम्मानको कत्तिको प्रबर्द्धन गरेका छन् | १९.१ नीति तथा कार्यक्रमहरुका माध्यमबाट आईसीएचका अभ्यासकर्ताहरु एवं संवाहकहरुप्रति समावेशी ढङ्गले सार्वजनिक रुपमा आभार प्रकट गरिएको छ। |
| | | १९.२ समुदाय, समूह र व्यक्तिहरु, जनसाधारण, अनुसन्धानकर्ता, मिडिया र अन्य सरोकारवालाहरुका लागि आईसीएच, यसको महत्व तथा संरक्षण र महासन्धिसँग सम्बन्धित सार्वजनिक कार्यक्रमहरुको आयोजना गरिएको छ। |
| | | १९.३ संरक्षणका राम्रा अभ्यासहरुलाई प्रबर्द्धन एवं संप्रेषण गर्ने कार्यक्रमहरुलाई प्रोत्साहन तथा सहयोग गरिएको छ। |
| | | १९.४ आईसीएच सम्बन्धी सार्वजनिक सूचनाले समुदाय र समूहभित्र र उनीहरुकाबीच आपसी सम्मान र सराहनाको प्रबर्द्धन गर्दछ। |
| | २०. आईसीएचका बारेमा चेतना अभिवृद्धि गर्ने कार्यक्रमहरुले सम्बद्ध नैतिक सिद्धान्तहरुलाई कत्तिको सम्मान गरेका छन् | २०.१ चेतना अभिवृद्धि क्रियाकलापहरुमा अमूर्त साँस्कृतिक सम्पदा संरक्षणका नैतिक सिद्धान्तहरुलाई सम्मान गरिएको छ । |
| | | २०.२ चेतना अभिवृद्धि क्रियाकलापहरुमा नैतिक सिद्धान्तहरु, खास गरेर सम्बद्ध पेशागत नियम वा मापदण्डहरुलाई समेटिएको छ। |
| समुदाय, समूह र व्यक्तिका साथै अन्य सरोकारवालाहरुको संलग्लनता | २१. आईसीएच संरक्षणका लागि सरोकारवालाहरुको सहभागितामा कत्तिको अभिवृद्धि भएको छ | २१.१ समग्रमा, सूचीकृत गरिएको वा नगरिएको, आईसीएच र आइसीएचको विशिष्ट तत्वको संरक्षणमा समावेशी आधारमा र यथासम्भव व्यापक रुपमा समुदाय, समूह र व्यक्तिहरु सहभागी हुन्छन्। |
| | | २१.२ समग्रमा, सूचीकृत गरिएको वा नगरिएको, आईसीएच र आइसीएचको विशिष्ट तत्वको संरक्षणमा गैर-सरकारी संस्थाहरु र नागरिक समाजका अभियन्ताहरु सहभागी हुन्छन्। |
| | | २१.३ आईसीएच संरक्षणका नैतिक सिद्धान्तहरुको सम्मान गर्दै, सूचीकृत गरिएका वा नगरिएका, आईसीएच र आईसीएचका विशिष्ट तत्वहरुको संरक्षणमा नीजि क्षेत्रका संघसंस्थाहरु सहभागी हुन्छन्। |

| विषयगत क्षेत्र | मूख्य सूचकहरु | निम्नानुसार मूल्याङ्कन गरिनुपर्ने |
| --- | --- | --- |
| | २२. आईसीएच संरक्षणको अनुगमनमा नागरिक समाजले कति सम्म योगदान पुऱ्याएको छ | २२.१ आईसीएच संरक्षण कार्यक्रम तथा उपायहरुको अनुगमन तथा वैज्ञानिक, प्राविधिक एवं कला सम्बन्धी अध्ययन गर्न सम्बन्धित समुदाय, समूह र व्यक्तिहरुका लागि सहज वातावरण उपलब्ध छ। |
| | | २२.२ आईसीएच संरक्षण कार्यक्रम तथा उपायहरुको अनुगमन तथा वैज्ञानिक, प्राविधिक एवं कला सम्बन्धी अध्ययन गर्न गैर-सरकारी संस्था, र अन्य नागरिक समाज निकायका लागि सहज वातावरण उपलब्ध छ। |
| | | २२.३ आईसीएच संरक्षण कार्यक्रम तथा उपायहरुको अनुगमन तथा वैज्ञानिक, प्राविधिक एवं कला सम्बन्धी अध्ययन गर्न अध्येता, विज्ञ, अनुसन्धान संस्था तथा विशेषज्ञता केन्द्र (centres of expertise) लागि सहज वातावरण उपलब्ध छ। |
| अन्तर्राष्ट्रिय संलग्नता | २३. संरक्षणका लागि सहकार्यमा अन्य पक्ष-राज्यहरुसँग सक्रियरुपले संलग्न पक्ष-राज्यहरुको प्रतिशत | २३.१ सल्लाहकार सेवा प्रदान गर्नका लागि मान्यता प्रदान गरिएका गैर-सरकारी संस्थाहरुको संख्या, तिनीहरुको भौगोलिक वितरण र विभिन्न विधागत क्षेत्रहरुमा तिनीहरुको प्रतिनिधित्व। |
| | | २३.२ महासन्धिका नियामक निकायहरुका अधिवेशन/बैठक र कार्य समूहमा सहभागी हुने मान्यता प्राप्त गैरसरकारी संस्थाहरुको प्रतिशत र तिनीहरुको भौगोलिक वितरण। |
| | | २३.३ मूल्याङ्कन संयन्त्र बाहेक परामर्शको उद्देश्यका लागि समितिले मान्यता प्राप्त गैर-सरकारी संस्थाहरुलाई संलग्न गराएका अवसर तथा क्रियाकलापहरुको संख्या। |
| | २४. संरक्षणका लागि सहकार्यमा अन्य पक्ष-राज्यहरुसँग सक्रियरुपले संलग्न पक्ष-राज्यहरुको प्रतिशत | २४.१ आमरुपमा आईसीएच संरक्षणका उपायहरु कार्यान्वयन गर्न द्विपक्षीय, बहुपक्षीय, क्षेत्रीय अथवा अन्तर्राष्ट्रिय सहयोगको काम प्रारम्भ गरिएको छ। |
| | | २४.२ आईसीएचका विशेष तत्वहरु, खास गरेर खतरामा परेका, एकभन्दा बढि राज्यहरुको भूभागमा प्रचलत एवं (दुई देशको) सीमाक्षेत्र वारपार अभ्यास गरिने तत्वहरु संरक्षणका उपायहरु कार्यान्वयन गर्न द्विपक्षीय, बहुपक्षीय, क्षेत्रीय अथवा अन्तर्राष्ट्रिय सहयोगको काम प्रारम्भ भएको छ। |
| | | २४.३ आईसीएच र आईसीएच संरक्षणका राम्रा अभ्यासहरु लगायत यसको संरक्षण सम्बन्धी सूचना तथा अनुभवहरु अन्य पक्ष राज्यहरुसँग आदान-प्रदान गरिएको छ। |
| | | २४.४ अर्को पक्ष-राज्यको भू-भागमा प्रचलित आईसीएच तत्वसँग सम्बन्धित अभिलेखहरु उक्त पक्ष-राज्यलाई समेत दिइएको छ। |

| विषयगत क्षेत्र | मूख्य सूचकहरु | निम्नानुसार मूल्याङ्कन गरिनुपर्ने |
|---|---|---|
| | २५. अन्तर्राष्ट्रिय सञ्जाल निर्माण तथा संस्थागत सहयोगमा सक्रियरुपले संलग्न पक्ष राज्यहरुको प्रतिशत | २५.१ पक्ष राज्यहरु आईसीएचका क्याटगोरी २ केन्द्रहरुका क्रियाकलापहरुको आयोजक वा लाभग्राहीका रुपमा संलग्न हुन्छन् । |
| | | २५.२ आईसीएचका क्षेत्रमा सक्रिय समुदाय, समूह तथा व्यक्ति, गैर-सरकारी संस्था, विशेषज्ञ, विशेषज्ञता केन्द्र र अनुसन्धान संस्थाहरुका बीच अन्तर्राष्ट्रिय सञ्जाल फस्टाएको छ । |
| | | २५.३ पक्षराज्यहरु युनेस्को बाहेक अन्य अन्तर्राष्ट्रिय तथा क्षेत्रीय निकायहरुका आईसीएच सम्बन्धी क्रियाकलापहरुमा सहभागी हुन्छन् । |
| अन्तर्राष्ट्रिय संलग्नता | २६. आईसीएच कोषले संरक्षण तथा अन्तर्राष्ट्रिय संलग्नतालाई प्रभावकारी रुपमा सहयोग गर्दछ[१] | २६.१ पक्ष राज्यहरुले आईसीएच कोषबाट आर्थिक वा प्राविधिक सहयोग प्राप्त गर्ने प्रयास गर्दछन् र यस्तो सहायताको परिणाम स्वरुप आएका कार्यक्रमहरुलाई कार्यान्वयन गर्दछन् । |
| | | २६.२ पक्ष राज्य वा अन्य निकायहरुले साधारण वा विशेष उद्देश्यका लागि, खास गरेर विश्वव्यापी क्षमता अभिवृद्धि कार्यक्रमका लागि आईसीएच कोषमा स्वइच्छाले थप योगदान पुऱ्याउँछन् । |
| | | २६.३ आईसीएच कोषलाई महासन्धिको नियामक निकायका बैठकहरुमा सल्लाहकारको हैसियतमा बोलाइएका आईसीएच विज्ञहरु तथा विकासशील देशका मान्यताप्राप्त गैर-सरकारी संस्थाहरु, सार्वजनिक तथा नीजि निकायका साथै समुदाय एवं समूहका सदस्यहरु लगायत व्यापक तह र तप्काका सरोकार वालाहरुको सहभागिताका लागि लाग्ने खर्च व्यहोर्न उपयोग गरिएको छ । |

[१] यो सूचकको अनुगमन एवं प्रतिवेदन विश्वस्तरमा मात्रै गरिन्छ ।

# संक्षिप्त विवरण एवं औचित्य

| | |
|---|---|
| **सूचक** | **१. सक्षम निकायहरु एवं संस्थाहरु तथा परामर्शी संयन्त्रहरुले अमूर्त साँस्कृतिक सम्पदाको निरन्तर अभ्यास र हस्तान्तरणमा कति सम्म सहयोग पुऱ्याएका छन्** |

| | | |
|---|---|---|
| **मूल्याङ्कनका कारक तत्वहरु** | यो सूचकलाई हरेक पक्ष राज्यले अनुगमन गरेका तथा प्रतिवेदन पेश गरेका पाँचवटा राज्यस्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ। | |
| | १.१ आईसीएच संरक्षणका लागि एक वा सो भन्दा बढि सक्षम निकायहरु तोकिएको वा स्थापना गरिएको छ। | धारा १३ (बी)<br>ओडी १५४ (ए) |
| | १.२ सूचीकृत गरिएका वा नगरिएका आईसीएचका विशिष्ट तत्वहरुको संरक्षणका लागि सक्षम निकायहरु अस्तित्वमा रहेका छन्। | धारा १३ (बी)<br>ओडी १५८ (ए)<br>ओडी १६२ (डी |
| | १.३ परामर्शी निकायहरु वा अन्य समन्यवकारी संयन्त्रहरु मार्फत आईसीएच संरक्षण एवं व्यवस्थापनमा खास गरेर सम्बन्धित समुदाय, समूह र व्यक्तिहरुको व्यापक तथा समावेशी संलग्नतालाई प्रोत्साहित गरिएको छ। | ओडी ८० |
| | १.४ आईसीएच अभिलेखीकरणका लागि संस्था, संगठन र/वा आरम्भ गरिन लागेका पहल-कदमीहरुलाई प्रोत्साहित गरिएको छ र तिनीहरुले उत्पादन गरेका सामाग्रीहरुलाई आईसीएचको निरन्तर अभ्यास र हस्तान्तरणमा मद्दत पुऱ्याउनमा उपयोग गरिएको छ। | धारा १३ (डी)<br>(iii) |
| | १.५ साँस्कृतिक केन्द्र, विशेषज्ञता केन्द्रहरु (centres of expertise) अनुसन्धान संस्था, संग्रहालय, अभिलेखालय, पुस्तकालयहरु आदिले आईसीएच संरक्षण तथा व्यवस्थापनमा योगदान पुऱ्याउँछन्। | ओडी ७९,<br>ओडी १०९ |

| | |
|---|---|
| **दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध** | **दिगो विकास लक्ष्य:** यो सूचकले 'विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको सुरक्षा एवं संरक्षण गर्ने प्रयासहरुलाई सुदृढ पार्ने' दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्य (एसडीजी टार्गेट) ११.४ लाई सम्बोधन गर्दछ। संरक्षणमा व्यापक जनसहभागिताको समन्यव गर्न औपचारिक निकायहरु वा संयन्त्रहरुलाई अभिप्रेरित गर्दै मूल्याङ्कनको कारक तत्व १.३ ले 'सबै तहमा प्रभावकारी, उत्तरदायी तथा पारदर्शी संस्थाहरुको विकास गर्ने' एसडीजी टार्गेट १६.६ का साथै 'सबै तहमा जिम्मेवार, समावेशी, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णय-प्रक्रियाको सुनिश्चित गर्ने' एसडीजी टार्गेट १६.७ को परिपूरकका रुपमा समेत काम गर्दछ।<br>**अन्य सूचकहरुसँगको सम्बन्ध:** यो सूचकले संस्थागत क्षमताका बारेमा ध्यान दिएको छ भने सूचक २ ले मानव क्षमतामा जोड दिएको छ। यहाँ समेटिएका निकायहरु एवं संस्थाहरु विशेषत: सरकारी वा सरकारको सहयोगमा स्थापित संस्थाहरु हुन् भने गैर–सरकारी संस्था, सामुदायिक संघ र नीजि क्षेत्रका संघसंस्थाहरुलाई सूचक २१ मा सम्बोधन गरिएको छ। अनुसन्धान गतिविधिहरु र तिनीहरुबाट प्राप्त तथ्य/तथ्याङ्क एवं लिखित सामाग्रीहरुलाई सूचक ९ र १० अन्तरगत छलफल गरिएको छ, जबकि यहाँ संस्थाहरुकै बारेमा ध्यान केन्द्रित गरिएको छ। डाटाहरुको अनुगमन विशेषज्ञता केन्द्रहरुको संलग्नतालाई सूचक २२ मा चर्चा गरिएको छ भने यस्ता संघसंस्थाहरुका बीच अन्तर्राष्ट्रिय सञ्जाल बनाउने कुरालाई सूचक २५ ले सम्बोधन गरेको छ। |

| | |
|---|---|
| **कार्यक्रमको औचित्य** | धारा १३ (बी) ले पक्ष राज्यहरुलाई आईसीएचको संरक्षण गर्न सक्ने एक वा सो भन्दा बढि सक्षम निकायहरुको स्थापना गर्ने वा (यस्तो निकाय) तोक्ने जिम्मेवारी उल्लेख गरेको छ । महासन्धिमा यस प्रकारको संस्थागत पूर्वाधारलाई प्रभावकारी संरक्षणको पूर्व-शर्तका रुपमा बुझिएको छ र धेरै देशहरुमा यस्ता निकायहरुलाई राष्ट्रिय स्तरमा महासन्धिको कार्यान्वयनका लागि विशिष्ट जिम्मेवारीहरु दिइएको छ । महासन्धिले समुदाय, समूह र व्यक्तिहरुलाई संरक्षणको केन्द्रमा राख्ने तथा अन्य धेरै कर्ताहरुको सहभागिताको परिकल्पना गरेको हुनाले, पक्ष राज्यहरुले प्रायः यस्तो संलग्नतालाई समन्यव गर्न अतिरिक्त निकायहरु वा संयन्त्रहरु स्थापना गर्नु उपयोगी हुने देख्छन् । संरक्षण निकाय वा संस्थाहरु अन्तरगत साँस्कृतिक केन्द्र, विशेषज्ञता केन्द्रहरु, संग्रहालय, अभिलेखालय, पुस्तकालय तथा अन्य अनुसन्धान संस्थाहरु लगायतका संघ-संस्थाहरु पर्दछन् जसको आईसीएच अभिलेखीकरणमा भूमिका रहनु (धारा १३ डी )का साथै आईसीएच संरक्षण तथा व्यवस्थापनमा समेत व्यापक भूमिका हुन्छ । |
| **मुख्य शब्दावलीहरु** | • सक्षम निकायहरु<br>• आईसीएचका तत्वहरु<br>• सूचीकृत (सूचीकृत भएको वा नभएको)<br>• समावेशी/समावेशीतापूर्वक<br>• सहभागीता वा संलग्नता<br>• समुदाय, समूह वा, कतिपय अवस्थाहरुमा, व्यक्तिहरु<br>• परामर्शी निकाय वा समन्वयकारी संयन्त्र<br>• विशेषज्ञता केन्द्र (Centres of expertise)<br>• अनुसन्धान संस्थाहरु |

# अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

**अनुगमनका फाइदाहरु**

यो सूचक अनुगमन गर्नाले पक्ष राज्यहरुलाई आईसीएचको क्षेत्रमा सक्रिय संस्थाहरुका बारेमा जानकारी प्राप्त हुन्छ। यसले संस्थागत कमी कमजोरीहरु पत्ता लगाउन तथा तिनीहरुलाई सम्बोधन गर्न मद्दत गर्दछ। यसले आईसीएच संरक्षणका लागि जिम्मेवार विद्यमान सक्षम निकायहरु प्रभावकारीरुपमा परिचालन भए/नभएको तथा तिनीहरुले गरेका संरक्षणका प्रयासहरु र अन्य कर्ताहरुका प्रयासहरुसँग तालमेल मिले/नमिलेको मूल्याङ्कन गर्न पनि सहयोग गर्दछ। विश्वस्तरमा, अनुगमनले आईसीएच संरक्षणका संस्थागत पूर्वाधारहरुको संक्षिप्त विवरण दिन सक्नुका साथै आफ्नो प्रभावकारीता पुष्टी गरेका समन्वय संयन्त्रहरुका उदाहरणहरु समेत प्रदान गर्न सक्छ।

**सूचनाहरुको स्रोत तथा सूचना सङ्कलन**

धेरै जसो अवस्थामा, अनुसन्धान तथा प्रतिवेदन तयार पार्ने जिम्मेवारी पाएको कार्यालयलाई राष्ट्रिय स्तरमा आईसीएचको संरक्षण गर्ने तथा २००३ को महासन्धि कार्यान्वयनमा समन्वय गर्ने सक्षम निकायका रुपमा तोकिएको हुन्छ र त्यसैले यहाँ उल्लेख गरिएका प्राथमिक निकाय, संस्था वा संयन्त्रहरु बारेका विद्यमान सूचनाहरुसम्म यसको पहूँच हुनु सम्भव छ। संस्कृति भन्दा फरक क्षेत्रका अन्य संघसंस्थाहरु लगायत राज्यका अन्य निकायहरु एवं राष्ट्रिय संगठनहरु, यसले बारम्बार सहकार्य गर्ने सहकर्ता, साझेदारहरु हुन सक्नेछन्। प्रादेशिक तथा स्थानीय निकाय एवं संस्थाहरुलाई समेत ध्यान दिनु पनि महत्वपूर्ण हुनेछ र यसका लागि निरन्तररुपमा सञ्जाल बनाइहनु आवश्यक पर्न सक्छ। खास गरेर कारक तत्व नं. १.२ को मूल्याङ्कन र आईसीएचका विशिष्ट तत्वहरुको संरक्षणका सन्दर्भमा स्थानीय तहमा के भइरहेको छ भनेर अनुगमन गर्न पक्ष राज्यहरुलाई नियमित रुपमा सर्वेक्षणहरु सञ्चालन गर्न आवश्यक पर्न सक्छ। प्रभावकारी परामर्शी निकाय वा समन्वय संयन्त्र भएमा, यस्ता बहुस्तरीय अनुगमनहरु बढि प्रभावकारी हुनेछन्।

**संभाव्य सूचनाका स्रोतहरु**

- सरकारी राजपत्र/जर्नल वा कानून तथा कानूनी नियमवालीहरुको संग्रह
- सरकारी साँस्कृतिक कार्यालयहरु तथा सम्पदा संस्थाहरुको बार्षिक बजेट, कार्य योजना तथा प्रतिवेदनहरु
- राष्ट्रिय स्तरका परामर्शी निकायहरुका बार्षिक प्रतिवेदन वा बैठकका निर्णयहरु
- राष्ट्रिय सूची वा युनेस्को सूचीमध्ये कुनैमा सूचीकृत भएका सम्पदा तत्वहरुसँग सम्बन्धित विषयमा राज्यहरुलाई बुझाएको आवधिक प्रतिवेदन
- साँस्कृतिक कार्यालयहरु तथा सम्पदा संस्थाहरुका वेवसाइट तथा डाइरेक्टरीहरु

# संक्षिप्त विवरण एवं औचित्य

| | | |
|---|---|---|
| **सूचक** | **२.आईसीएचको संरक्षण तथा व्यवस्थापन गर्ने कार्यलाई प्रबर्द्धन गर्न कार्यक्रमहरुले मानव क्षमता सुदृढीकरणमा कतिसम्म सहयोग पुऱ्याएका छन् ।** | |
| **मूल्याङ्कनका कारक तत्वहरु** | यो सूचकलाई हरेक पक्ष राज्यले अनुगमन गरेर प्रतिवेदन पेश गरेका तीनवटा राज्यस्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ । | |
| | २.१ उच्च शिक्षा प्रदान गर्ने संस्थाहरुले समावेशी ढङ्गले आईसीएच संरक्षण तथा व्यवस्थापनमा पाठ्यक्रम तथा शैक्षिक उपाधी (degrees) प्रदान गर्दछन् । | धारा १४(ए) (iii)<br>ओडी १०७ (के) |
| | २.२ सरकारी संस्था, केन्द्रहरु तथा अन्य निकायहरुले आईसीएच संरक्षण एवं व्यवस्थापनमा समावेशी ढङ्गले तालिम प्रदान गर्दछन् । | धारा १४(ए) (iii) |
| | २.३ समुदायमा आधारित वा गैरसरकारी संस्थाको पहलमा सञ्चालित कार्यक्रमहरुले समावेशी ढङ्गले आईसीएच संरक्षण तथा व्यवस्थापनमा तालिम प्रदान गर्दछन् । | धारा १४(ए) (iii) |
| **दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध** | **दिगो विकास लक्ष्य:** समग्रमा यो सूचकले 'विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको सुरक्षा एवं संरक्षण गर्ने प्रयासहरुलाई सुदृढ पार्ने' दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्य (एसडीजी टार्गेट) ११.४ लाई सम्बोधन गर्दछ । यदि विकासशील पक्ष राज्यले उसको क्षमता निर्माणका प्रयासहरुका लागि अन्तर्राष्ट्रिय सहयोगबाट लाभ प्राप्त गरेको छ भने, यो सूचकले एसडीजी टार्गेट १७.९ लाई समेत सम्बोधन गर्दछ । यो टार्गेटले राष्ट्रिय स्तरमा दिगो विकास लक्ष्यहरुको कार्यान्वयनलाई सबल बनाउन 'विकासशील देशहरुमा प्रभावकारी तथा लक्षित क्षमता निर्माण कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि अन्तर्राष्ट्रिय सहयोग' माथि ध्यान केन्द्रित गर्दछ । यसले एसडीजी टार्गेट ४.७ को परिपूरकका रुपमा समेत काम गर्दछ । यो टार्गेटले शिक्षार्थीहरुलाई 'दिगो विकासको प्रबर्द्धनार्थ ...(खास गरेर) दिगो विकासमा संस्कृतिको योगदानको सराहना गर्नका लागि आवश्यक ज्ञान तथा सीप' प्राप्त गर्नु पर्ने कुरालाई जनाउँछ ।<br><br>**अन्य सूचकहरुसँगको सम्बन्ध:** यो सूचकले उच्च-माध्यामिक तहमा आईसीएच संरक्षण तथा व्यवस्थापनमा विशिष्ट तालिमका साथै यस्ता अवसरको उपलब्धता माथि ध्यान दिँदै भविष्यमा शैक्षिक उपाधी दिलाउन सक्ने अल्पकालीन तालिमका अवसरहरुसँग सरोकार राख्दछ । सूचक ३ ले यस्ता तालिम कार्यक्रमहरुका सहभागी र तिनको प्रभावकारीतालाई सम्बोधन गर्दछ । सूचक ४ र ६ ले प्राथमिक, माध्यामिक र उच्च-माध्यामिक तहका शैक्षिक कार्यक्रमहरुलाई सम्बोधन गर्दछन् जसले सामान्यतया आईसीएचको संरक्षण एवं व्यवस्थापनमा भन्दा पनि यसको अभ्यास र हस्तान्तरणका साथै यस प्रति अगाध सम्मान प्रबर्द्धन गर्ने कुरामा विशेष ध्यान दिन्छन् । | |

| | |
|---|---|
| **कार्यक्रमको औचित्य** | आईसीएच संरक्षणका लागि क्षमता निर्माण गर्नु सबै राज्यहरुको निरन्तर आवश्यकता हो चाहे तिनीहरुसँग आईसीएच संरक्षणमा लामो अनुभव भएको होओस् वा उनीहरु हालै मात्र यस क्षेत्रमा प्रवेश गरेका होऊन् । मावन क्षमता सुदृढीकरण गर्ने आवश्यकतालाई कलेज तथा विश्वविद्यालयहरुले प्रदान गर्ने शैक्षिक कार्यक्रमहरुका माध्यमबाट सम्बोधन गर्न सकिन्छ, तर यसलाई सरकारी संस्था तथा गैर-सरकारी वा सामुदायिक संस्थाहरु लगायतका धेरै प्रकारका निकायहरुले प्रदान गर्ने अल्पकालीन तालिमहरुका माध्यमबाट समेत सम्बोधन गर्न सकिन्छ । आईसीएच संरक्षण र व्यवस्थापनमा समुदाय, समूह र व्यक्तिहरुको यथासम्भव व्यापक सहभागिताको महत्व हुने भएकोले सबै प्रकारका तालिम तथा क्षमता विकास कार्यक्रमहरुमा समावेशीपना हुनु अत्यावश्यक हुन्छ (धारा १५) । |
| **मुख्य शब्दावलीहरु** | • समावेशी/समावेशी पूर्वक<br>• तालिम<br>• गैर-सरकारी/सामुदायिक संस्थाहरु<br>• क्षमता निर्माण<br>• उच्च शिक्षा |

# अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

**अनुगमनका फाइदाहरु**

तालिम कार्यक्रमहरु र संस्थाहरुको अनुगमन गर्नाले राज्यलाई आईसीएच व्यवस्थापनका सम्बन्धमा क्षमता निर्माणका आवश्यकताहरुको स्तर र सम्भाव्यता बुझ्न मद्दत गर्न सक्छ। यसले राज्यलाई उचीत तालिमका अवसरहरु तथा स्रोत-साधनमा आफ्ना कर्मचारीहरुको पहुँच सुनिश्चित गर्ने कार्यमा मद्दत गर्दै वर्तमानमा के कस्ता आवश्यकताहरु पुरा भएका छन भनेर मूल्याङ्कन गर्न सहयोग पुऱ्याउनुका साथै मध्यम र दीर्घकालमा सम्बोधन गर्नु पर्ने आवश्यकताहरुको पहिचान गर्न सक्छ। विश्व स्तरमा, अनुगमन र प्रतिवेदन तयार पार्ने कार्यले अन्तर्राष्ट्रिय सहयोगका अवसरहरुलाई दर्शाइदिन सक्छ। यस्ता अवसरहरुमा आफ्नो देश बाहिर आयोजना हुने तालिमका अवसरहरु पनि हुन सक्छन्, जसबाट कर्मचारीले लाभ उठाउन सक्छन्। यसका साथै अनुगमन तथा प्रतिवेदनबाट तालिममा भएका कमि-कमजोरीहरु पनि पत्ता लगाउन सकिन्छ, जसलाई युनेस्कोले उसका सम्बद्ध साझेदारहरु तथा संघसंस्थाहरुसँग मिलेर विश्वव्यापी क्षमता निर्माण कार्यक्रमका माध्यमबाट सम्बोधन गर्न सक्छ।

**सूचनाहरुको स्रोत तथा सूचना सङ्कलन**

आईसीएच जस्तो विशिष्ट क्षेत्रमा शैक्षिक उपाधी वा प्रमाणपत्रलाई आधिकारिकता दिने जिम्मेवारी शिक्षा मन्त्रालय वा उच्च शिक्षा मन्त्रालयको हुन सक्छ र यदि त्यसो हो भने यस्ता शैक्षिक-कार्यक्रमहरु कहाँ प्रदान गरिन्छ भन्ने जानकारी पनि त्यहाँ उल्लेख गरिएको हुन्छ (मूल्याङ्कन कारक तत्व २.१)। राज्यसँग परामर्शी निकाय वा सहयोग संयन्त्र भएमा (सूचक १ हेर्नुहोस्), त्यसले पनि सरकारी निकाय (मूल्याङ्कन कारक तत्व २.२) वा गैर सरकारी संस्था तथा समुदाय आफैं (मूल्याङ्कन कारक तत्व २.३)ले प्रदान गरेका तालिमहरुका अवसरहरु सम्बन्धी सूचनाहरु सङ्कलन तथा संप्रेषण गर्न सक्छ।

**सम्भाव्य सूचनाका स्रोतहरु**

- शिक्षा वा उच्च शिक्षा मन्त्रालयका अभिलेख वा सूचनाहरु
- क्याम्पस वा विश्वविद्यालयका पाठ्यक्रमहरु तथा वेवसाइटहरु
- संस्कृति मन्त्रालय वा आईसीएचका लागि जिम्मेवार अन्य निकायहरुको क्षमता निर्माण रणनीति
- तालिमप्रति समर्पित संस्था वा निकायहरु
- आईसीएचका क्षेत्रमा सक्रिय गैर-सरकारी निकायहरुका वेवसाइटहरु
- कार्यशालाहरु वा अन्य सान्दर्भिक अवसरहरुका लागि आह्वान गरिएका सूचनाहरु
- यस्ता कार्यशाला एवं तालिम गतिविधिहरुका बारेमा आमसञ्चार माध्यमले प्रसारण गरेका सामाग्रीहरु
- क्षमता निर्माण परियोजना सम्बन्धी युनेस्कोको वेवसाइट

# संक्षिप्त विवरण एवं औचित्य

| | | |
|---|---|---|
| **सूचक** | **३. समुदाय, समूह र व्यक्तिका साथै संस्कृति र सम्पदाका क्षेत्रमा काम गर्नेहरुले कति सम्म तालिमहरु सञ्चालन गरेका छन् वा यस्ता तालिमहरुले उनीहरुलाई कतिसम्म सम्बोधन गरेका छन्** | |
| **मूल्याङ्कनका कारक तत्वहरु** | यो सूचकलाई हरेक पक्ष राज्यले अनुगमन गरेर प्रतिवेदन पेश गरेका दुईवटा राज्यस्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ। | |
| | ३.१ समुदाय आफैले सञ्चालन गरेका लगायतका तालिम कार्यक्रमहरुले समुदाय, समूह वा व्यक्तिहरुलाई आईसीएचमा समावेशी ढङ्गले क्षमता निर्माण गर्ने कार्यलाई सम्बोधन गर्दछन्। | धारा १४(ए) (ii) ओडी ८२, ओडी १५३ (बी), ओडी १५५ (बी) |
| | ३.२ तालिम कार्यक्रमहरुले संस्कृति र सम्पदाका क्षेत्रमा काम गर्ने व्यक्तिहरुलाई आईसीएचमा समावेशी ढङ्गले क्षमता निर्माण गर्ने कार्यलाई सम्बोधन गर्दछन्। | धारा १४(ए) (iii) ओडी १५३ (बी) |
| **दिगो विकास लक्ष्यहरु र अन्य सूचकहरुसँगको सम्बन्ध** | **दिगो विकास लक्ष्य:** सबै सूचकहरुले जस्तै प्रस्तुत सूचकले पनि 'विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको सुरक्षा एवं संरक्षण गर्ने प्रयासहरुलाई सुदृढ पार्ने' दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्य (एसडीजी टार्गेट) ११.४ लाई सम्बोधन गर्दछ। यदि विकासशील राज्यले उसको क्षमता विकासका प्रयासहरुका लागि अन्तर्राष्ट्रिय सहयोगबाट लाभ प्राप्त गरेको छ भने, यो सूचकले एसडीजी टार्गेट १७.९ लाई समेत सम्बोधन गर्दछ। यो टार्गेटले दिगो विकास लक्ष्यहरुको राष्ट्रिय कार्यान्वयनमा मद्दत पुऱ्याउन प्रभावकारी तथा लक्षित क्षमता निर्माणका लागि अन्तर्राष्ट्रिय सहयोगमा जोड दिन्छ। सूचक २ ले जस्तै यसले पनि एसडीजी टार्गेट ४.७ को परिपूरकका रुपमा समेत काम गर्दछ। यो टार्गेटले शिक्षार्थीहरुलाई 'दिगो विकासको प्रबर्द्धनार्थ ...(खास गरेर) दिगो विकासमा संस्कृतिको योगदानको सराहना गर्नका लागि आवश्यक ज्ञान तथा सीप' प्राप्त गर्नु पर्ने कुरालाई जनाउँछ।<br>**अन्य सूचकहरुसँगको सम्बन्ध:** सूचक २ ले आईसीएच संरक्षण तथा व्यवस्थापनमा क्षमता विकास कार्यक्रमका अवसरहरु प्रदान गर्ने संस्था, निकाय वा अन्य संगठनहरुमा जोड दिन्छ भने यो सूचक ती कार्यक्रमहरुले सम्बोधन गरेका व्यक्तिहरुमाथि केन्द्रित रहेको छ। आईसीएच संरक्षण तथा व्यवस्थापनका लागि क्षमता निर्माणप्रति यहाँ दिइएको महत्वले प्रस्तुत सूचकलाई सूचक ४, ५ र ६ बाट भिन्न पार्दछ। सूचक ४, ५ र ६ ले बढि जसो आईसीएचप्रतिको सम्मान, त्यसको अभ्यास र हस्तान्तरणसँग प्रत्यक्षरुपले सरोकार राख्दछन्। | |

| | |
|---|---|
| **कार्यक्रमको औचित्य** | महासन्धिले सम्बन्धित समुदाय र समूहहरु (धारा १४ (ए) (ii) र आईसीएच संरक्षण तथा व्यवस्थापनमा व्यवसायिकरुपले संलग्न व्यक्तिहरुको (धारा १४ (ए) (iii) क्षमता सुदृढीकरणको महत्वमाथि प्रकाश पार्दछ । यदि समुदाय, समूह र व्यक्तिहरु संरक्षणमा यथासम्भव व्यापक रुपमा सहभागी हुने हो भने तथा यसको व्यवस्थापनमा सक्रिय रुपमा संलग्न हुने हो भने (धारा १५), उनीहरुले आफूसँग अहिले नभएका विशिष्ट सीप तथा विधिहरु हाँसिल गर्नु आवश्यक पर्न सक्छ । त्यसरी नै, संस्कृति र सम्पदाका क्षेत्रमा काम गर्ने व्यवसायिक व्यक्तिहरुसँग उनीहरुको काममा सघाउ पुऱ्याउने विस्तृत ज्ञान तथा अनुभव हुन सक्छ, तर उनीहरुसँग आईसीएच संरक्षण र व्यवस्थापनमा अवलम्वन गरिएको विशिष्ट उपाय सम्बन्धी ज्ञानको अभाव हुन सक्छ । क्षमता विकास क्रियाकलापका लागि समावेशीताको सामान्य महत्वलाई ध्यानमा राख्दै आईसीएचसँग सबैभन्दा नजिकबाट संलग्न भएका विशेष क्षेत्रहरुलाई लक्षित गर्नु महत्वपूर्ण हुन सक्छ । |
| **मुख्य शब्दावलीहरु** | • तालिम<br>• क्षमता विकास<br>• समुदाय, समूह वा, कतिपय अवस्थाहरुमा, व्यक्तिहरु,<br>• समावेशी/समावेशी ढङ्गले |

# अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

**अनुगमनका फाइदाहरु**

सूचक २ ले क्षमता विकास कार्यक्रमहरुको उपलब्धता माथि जोड दिन्छ भने यहाँ ती कार्यक्रमहरु विभिन्न लक्षित वर्गसम्म प्रभावकारीरुपमा पुगेका छन् कि छैनन् भन्ने कुरामा ध्यान केन्द्रित गरिएको छ। यसरी राष्ट्रिय तहमा गरिने अनुगमनले यस्ता कार्यक्रमहरु आयोजना गर्नेहरु र राज्यका कर्मचारीहरु (जसले कुनै सन्दर्भहरुमा कार्यक्रम आयोजकहरुलाई आर्थिक सहयोग प्रदान गरेका हुन सक्छन्) दुवैलाई यस्ता तालिमहरु खासमा लक्षित वर्गहरुमा के कति मात्रामा पुगेका छन् भन्ने बारेमा तथा विशिष्ट क्षेत्रहरुका आवश्यकताहरुलाई पूर्णरुपले सम्बोधन गर्न कुनै समायोजनको आवश्यकता भए नभएको बारेमा सर-सुझाव प्रदान गर्दछन्। विश्वव्यापी तहमा अनुगमन र प्रतिवेदन तयार पार्ने कार्यले क्षमता निर्माण सेवालाई प्रभावकारीरुपमा प्रवाह गर्ने राम्रा नमूनाहरु पत्ता लगाउनमा मद्दत पुऱ्याउन सक्छ। साथै यसले आफ्नो प्रभाकारीता सिद्ध गरेका उपाय र विधिहरु सिक्न अन्य राज्यहरुलाई सहयोग गर्न सक्छ।

**सूचनाहरुको स्रोत तथा सूचना सङ्कलन**

तालिम कार्यक्रमहरु र गतिविधिका सहभागी तथा लाभग्राहीहरुको वर्गीकृत तथ्याङ्क उपलब्ध छ भने त्यो सूचनाको महत्वपूर्ण स्रोत हो। यसलाई सामान्यतया तालिम कार्यक्रमहरु सम्पन्न भए पछि साझेदारहरु वा जनसाधारणमा पेश गरिने प्रतिवेदनहरुबाट पत्ता लगाउन सकिन्छ। आदर्शतः यस्ता प्रतिवेदनहरुमा तालिम लिने व्यक्तिहरु समुदाय वा समूहका सदस्यहरु हुन् (मूल्याङ्कन कारक तत्व ३.१) वा संस्कृति तथा सम्पदाका क्षेत्रमा व्यवसायिक ढङ्गले संलग्न व्यक्तिहरु हुन् भनेर तिनीहरुको पहिचान उल्लेख गरिएको हुन्छ। सहभागीहरुको उमेर, लैङ्गिक समूह, भाषा (यदि सान्दर्भिक भएमा), जातजाति आदिका आधारमा तथ्याङ्कलाई वर्गीकरण गरेर समावेशीताको अनुगमन गर्न सकिन्छ। उपलब्ध भए सम्म तालिम लिने व्यक्तिहरुको मध्यम देखि दीर्घकालसम्मको अनुगमन गरेर उनीहरुले तालिम कार्यक्रमका दौरान प्राप्त गरेका सीप तथा ज्ञानहरुलाई कत्तिको मात्रा उपयोग गरेका छन् भनेर जाँचबुझ गर्न सकिन्छ।

**सम्भाव्य सूचनाका स्रोतहरु**

- परियोजना प्रतिवेदनहरु र तालिम कार्यक्रम तथा क्रियाकलापका सहभागीहरुका सूचीहरु
- तालिमका सहभागीहरुको मूल्याङ्कन (तालिमको अन्त्यमा गरिएको, तथा सम्भव भएमा पछि समेत गरिएको)
- गैर-सरकारी संस्थाहरु र समुदायमा आधारित संस्थाहरुले सङ्ज्कलन गरेका सूचनाहरु
- कार्यशाला र तालिम गतिविधिका बारेमा आमसञ्चारले प्रसार गरेका सामाग्रीहरु
- तालिमका सहभागीहरुसँग उनीहरुले विशेष तालिमबाट हाँसिल गरेका ज्ञान तथा सीपहरुलाई कसरी उपयोग गरिरहेका छन् भनेर मूल्याङ्कन गर्न सञ्चालन गरिएका खोजी अनुसन्धानहरु

# संक्षिप्त विवरण एवं औचित्य

| | |
|---|---|
| **सूचक** | **४. औपचारिक तथा अनौपचारिक शिक्षा दुवैले आईसीएचको हस्तान्तरणलाई सुदृढीकरण गर्न तथा आईसीएचप्रतिको सम्मान प्रर्बद्धन गर्नमा कति सम्म योगदान पुऱ्याएका छन्** |

| | | |
|---|---|---|
| **मूल्याङ्कनका कारक तत्वहरु** | यो सूचकलाई हरेक पक्ष राज्यले अनुगमन गरेर प्रतिवेदन पेश गरेका चारवटा राज्यस्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ। | |
| | ४.१ अभ्यासकर्ताहरु र संवाहकहरु आईसीएच शिक्षा कार्यक्रमको खाका तयार पार्ने तथा उक्त कार्यक्रमको निर्माणमा र/वा उनीहरुको सम्पदालाई सक्रियतापूर्वक प्रस्तुत गर्ने तथा हस्तान्तरण गर्ने कार्यमा समावेशी ढङ्गले संलग्न भएका छन्। | ओडी १०७(ई) |
| | ४.२ समुदाय, समूह तथा व्यक्तिहरुले मान्यता दिएका आईसीएच हस्तान्तरणका चलन र विधिहरु सिकिएको र/वा मजवूत पारिएको छ र तिनलाई औपचारिक र अनौपचारिक दुवै शैक्षिक कार्यक्रमहरुमा समावेश गरिएको छ। | ओडी १४(ए) (i)<br>ओडी १४(ए) (ii)<br>ओडी १८०(ए) (iii) |
| | ४.३ समुदाय, समूह, गैर-सरकारी संस्था वा सम्पदा संस्थाहरुले सञ्चालन गरेका आईसीएच र यसको हस्तान्तरणलाई मजवूत पार्ने कार्यसँग सरोकार राख्ने शैक्षिक कार्यक्रमहरु र/वा अतिरिक्त शैक्षिक गतिविधिहरु उपलब्ध छन् र तिनलाई सहयोग प्रदान गरिएको छ। | ओडी १०९ |
| | ४.४ शिक्षक तालिम कार्यक्रमहरु र अनौपचारिक शिक्षाका तालिम प्रदायकहरुका लागि सञ्चालित कार्यक्रमहरुले आईसीएच र यसको संरक्षणलाई शिक्षामा एकीकृत गर्ने उपायहरु समावेश गर्दछन् | धारा १४ |

| | |
|---|---|
| **दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध** | **दिगो विकास लक्ष्य:** दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्य (एसडीजी टार्गेट) ४.७ ले शिक्षालाई 'साँस्कृतिक विविधता र दिगो विकासमा संस्कृतिले पुऱ्याएको योगदानको कदर' लाई प्रोत्साहित गर्ने कुरासँग सरोकार राख्ने हुँदा यो सूचकले उक्त एसडीजी टार्गेटको परिपूरकका रुपमा काम गर्दछ। थप यसले 'विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको सुरक्षा एवं संरक्षण गर्ने प्रयासहरुलाई सुदृढ पार्ने' एसडीजी टार्गेट ११.४ मा योगदान पुऱ्याउँछ। |

१. महासन्धिले लगातार 'समुदाय, समूह र व्यक्तिहरु' शव्दावलीहरुको प्रयोग गरेको भएता पनि कार्यसञ्चालनका निर्देशिकाहरु जस्ता मूल्याङ्कनका केहि कारक तत्वहरुले सम्बन्धित समुदायका निश्चित सदस्यहरुले खेल्ने निश्चित भूमिकाहरुलाई अझै राम्रोसँग पहिचान गर्न 'अभ्यासकर्ताहरु तथा संवाहकहरु'को उल्लेख गरेका छन्।

| | |
|---|---|
| | **अन्य सूचकहरुसँगको सम्बन्धः** सूचकहरु ४, ५ र ६ ले आईसीएच हस्तान्तरण र शिक्षासँग सरोकार राख्दछन् तर यी सूचकहरुले खास क्षेत्रलाई जोड दिन्छन् । सूचक ४ ले यहाँ औपचारिक र अनौपचारिक शिक्षामाथि ध्यान दिन्छ र आईसीएचको हस्तान्तरण सुदृढीकरण तथा यसको सम्मान प्रबर्द्धन गर्ने कुरामाथि जोड दिन्छ । सूचक ५ प्राथमिक तथा माध्यामिक शिक्षा तथा आईसीएचले सिकाइलाई कसरी सुदृढीकरण गर्न सक्छ भन्ने विषयमा केन्द्रित छ भने सूचक ६ ले उच्च शिक्षासँग र खास गरेर आईसीएचको अभ्यास र हस्तान्तरणलाई मजबूत बनाउने तथा समाजमा आईसीएचको स्थानका बारेमा अध्ययन गर्ने लक्ष्य लिएका शैक्षिक कार्यक्रमहरुसँग सरोकार राख्दछ । यी तीनवटा सूचकहरुलाई सूचक २ र ३ बाट छुट्याउनु पर्दछ जसले आईसीएच आफैका बारेमा सिक्ने नभएर यसको संरक्षण र व्यवस्थापनमा जोड दिन्छन् । सूचक १२ शैक्षिक नीतिहरुसँग सम्बन्धित छ भने प्रस्तुत सूचकमा कार्यक्रम र क्रियाकलापहरुमाथि जोड दिइएको छ । |
| **कार्यक्रमको औचित्य** | महासन्धिमा राष्ट्रियस्तरमा राज्यले निर्वाह गर्नु पर्ने संरक्षणका जिम्मेवारीहरुमध्ये शिक्षालाई महत्वपूर्ण स्थान दिइएको छ । धारा १४ (ए) (i) ले जनसाधारण र खास गरेर युवाहरु लक्षित शैक्षिक कार्यक्रमहरुको महत्वमाथि जोड दिएको छ भने धारा १४ (ए) (ii) ले सम्बन्धित समुदाय वा समूह भित्रैका शैक्षिक कार्यक्रमहरुसँग सरोकार राख्दछ । ज्ञान हस्तान्तरण गर्ने अनौपचारिक साधनहरुको औचित्यलाई धारा १४ (ए) (iv) द्वारा प्रकाश पारिएको छ । यी जिम्मेवारीहरु पुरा गर्न राज्यहरुले थुप्रै प्रकारका सृजनात्मक शैक्षिक रणनीतिहरु र उपायहरुको विकास गरेका छन् । धेरै जसो गतिविधिहरु नियमित विद्यालय समयभन्दा बाहिर हुने गर्दछन् र तिनीहरुले बालबालिका र प्रौढ दुवैलाई सम्बोधन गर्दछन् । यिनीहरुलाई अक्सर राज्यको शैक्षिक प्रणालीकै अङ्गका रुपमा सहयोग गरिएको भएता पनि समुदाय, समूह, गैर–सरकारी वा अन्य संघसंस्थाहरुले पनि यस्ता गतिविधिहरु सञ्चालन गरेका हुन सक्छन् र तिनीहरु औपचारिक पाठ्यक्रमको हिस्सा नहुन सक्छन् । खास गरेर जतिवेला अभ्यासकर्ता र संवाहकहरु यस्ता कार्यक्रमहरुको निर्माण र सञ्चालनमा संलग्न हुन्छन् र जव उनीहरुले शिक्षण र सिकाईका आफ्नै ढङ्ग  र विधिहरुको प्रयोग गर्दछन्, त्यतिवेला यो विधिले रचनात्मक शिक्षण विधिहरु प्रदान गर्न सक्छ जसले शैक्षिक प्रणालीलाई अझै व्यापकरुपमा सुदृढ पार्न सक्छ । |
| **मुख्य शब्दावलीहरु** | • औपचारिक शिक्षा<br>• अनौपचारिक शिक्षा<br>• अभ्यासकर्ता र संवाहकहरु<br>• समावेशी/समावेशी ढङ्गले<br>• समुदाय, समूह वा, कतिपय अवस्थाहरुमा, व्यक्तिहरु<br>• अतिरिक्त शैक्षिक गतिविधिहरु<br>• गैर–सरकारी संघसंस्थाहरु<br>• सम्पदा संस्थाहरु |

# अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

**अनुगमनका फाइदाहरु**

यो सूचकले राज्यलाई उसको भू-भाग भित्र रचनात्मक शैक्षिक कार्यक्रमहरुको पहिचान गर्ने तथा तिनमा भइरहेको प्रगतिको जाँचबुझ गर्ने कार्यमा सहयोग गर्दछ । विभिन्न कार्यक्रमहरु र तिनका नतीजाहरुको विस्तृत विवरण उपलब्ध हुँदा राज्यलाई प्रभावकारी विधि र नमूनाहरुको पहिचान गर्नका साथै यस्ता विधिहरुको कार्यान्वयन नगरिएका क्षेत्रहरुमा तिनलाई विस्तार गर्नमा समेत सहयोग पुग्न सक्छ । अनुगमनले (उपलब्ध) विद्यमान सेवाहरुका कमिकमजोरीहरु औंल्याउन तथा भविष्यका कार्यक्रमहरुका बारेमा जानकारी दिन समेत सहयोग गर्दछ । विश्वस्तरमा अनुगमनले राज्यहरुलाई सफल (वा असफल) भनेर प्रमाणित भएका शैक्षिक कार्यक्रमहरु सम्बन्धी अनुभवहरु बाँड्न सहयोग गर्दछ । यसरी उनीहरुले आफ्नो परिवेशमा कुन विधि उत्तम हुन सक्छ भनेर राम्रोसँग निर्धारण गर्न सक्छन् ।

**सूचनाहरुको स्रोत तथा सूचना सङ्कलन**

अनुगमन र प्रतिवेदन तयार पार्ने कार्यका जिम्मेवार व्यक्ति तथा निकायहरुले शिक्षा मन्त्रालय (मूल्याङ्कन कारक तत्वहरु ४.१, ४.२ र ४.३ का लागि) र उच्च शिक्षा मन्त्रालय (मूल्याङ्कन कारक तत्व ४.४ का लागि) का सम्बन्धित सहकर्मीहरुसँग निकट रहि काम गर्ने चाहना राख्न सक्छन् । शैक्षिक अनुसन्धान संस्थाहरु वा शिक्षक तालिम संस्थाहरुले कार्यक्रमको डिजाइन तथा शिक्षण विधिका बारेमा अनुसन्धान सञ्चालन गर्ने चाहना राख्न सक्छन् र तिनीहरुको प्रभावकारीताको मूल्याङ्कन गर्ने तथा तिनका नतिजाहरुको अनुगमन गर्ने कामका लागि समेत जिम्मेवार हुन सक्छन् । शिक्षकहरु र अनौपचारिक शिक्षाकर्मीहरुलाई तालिम दिने कार्यक्रमहरु सामान्यतया उच्च शिक्षा मन्त्रालयको सुपरिवेक्षणमा शिक्षक तालिम संस्थाहरुले सञ्चालन गर्दछन् र तिनीहरुका पाठ्यक्रमहरु तथा विधिहरु पहुँचयुक्त हुनु पर्दछ ।

**सम्भाव्य सूचनाका स्रोतहरु**

- शैक्षिक पाठ्यक्रम वा (शिक्षण) निर्देशिकाका मापदण्डहरु
- शिक्षक तालिम संस्थाहरुका पाठ्यविषय र पाठ्यक्रम सूचीहरु
- शिक्षा मन्त्रालय र उच्च शिक्षा मन्त्रालयका आवधिक अनुगमन एवं प्रतिवेदनहरु
- शैक्षिक तथ्याङ्क, सर्वेक्षण, मूल्याङ्कन, तथा शैक्षिक उपलब्धीहरु सम्बन्धी वार्षिक वा आवधिक प्रतिवेदनहरु
- दिगो विकास लक्ष्य ४, खास गरेर एसडीजी टार्गेट ४.७ सम्बन्धी प्रतिवेदनहरु
- शैक्षिक कार्यक्रम डिजाइन तथा शिक्षण विधि र पद्धतिहरु सम्बन्धी अनुसन्धानहरुबाट प्राप्त तथ्यहरु

# संक्षिप्त विवरण एवं औचित्य

| | |
|---|---|
| **सूचक** | **५. आईसीएच र यसको संरक्षणलाई प्राथमिक एवं माध्यामिक तहको शिक्षामा कति सम्म एकीकृत गरिएको छ, सम्बन्धित विषयका विषयवस्तुहरुमा के कत्तिको समावेश गरिएको छ र आईसीएचका बारेमा एवं आईसीएचयुक्त शिक्षण र सिकाईलाई सुदृढ गर्न तथा आफ्नो र अरुको आईसीएचप्रति सम्मान गर्नमा कत्तिको प्रयोग गरिएको छ** |

| | | |
|---|---|---|
| **मूल्याङ्कनका कारक तत्वहरु** | यो सूचकलाई हरेक पक्ष राज्यले अनुगमन गरेर प्रतिवेदन पेश गरेका चारवटा राज्यस्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ। | |
| | ५.१ आईसीएच र यसको विविधतालाई यसको आफ्नै उचित योगदान स्वरुप र/वा अन्य विषयहरुलाई वर्णन गर्ने वा दर्शाउने साधनका रुपमा सम्बन्धित विषयहरुका विषयवस्तुमा समावेश गरिएको छ। | धारा १४ (ए) (i) ओडी १०७, ओडी १८०(ए) (ii) |
| | ५.२ विद्यालयका बालबालिकाहरुले शैक्षिक कार्यक्रम एवं पाठ्यक्रमहरुका माध्यमबाट उनीहरुको आफ्नो समुदाय वा समूहका आईसीएच वा अरुका आईसीएचहरु प्रति सम्मान तथा तिनका बारेमा चिन्तन मनन गर्न सिक्दछन्। | धारा १४ (ए) (i) ओडी १०५, ओडी १८०(ए)(i) ईपी ११ |
| | ५.३ मातृभाषा वा बहुभाषी शिक्षा र/वा शैक्षिक पाठ्यक्रममा 'स्थानीय विषयवस्तु' को समावेशीकरणका माध्यमबाट शिक्षार्थीहरुको आईसीएचको विविधता प्रतिविम्वित भएको छ। | ओडी १०७ |
| | ५.४ शैक्षिक कार्यक्रमहरुले प्राकृतिक तथा साँस्कृतिक स्थानहरु तथा स्मारक स्थलहरुको सुरक्षाका बारेमा पढाउँछन् जसको अस्तित्व आईसीएचको अभ्यासका लागि अपरिहार्य हुन्छ। | धारा १४ (सी) ओडी १४४ (ई) ओडी १८०(डी) ईपी ५ |

| | |
|---|---|
| **दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध** | **दिगो विकास लक्ष्य:** दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्य (एसडीजी टार्गेट) ४.७ ले शिक्षाले 'साँस्कृतिक विविधता र संस्कृतिले दिगो विकासमा पुऱ्याएको योगदानको कदर' लाई प्रोत्साहित गर्नु पर्ने विषयसँग सरोकार राख्ने हुनाले यो सूचकले उक्त टार्गेटको परिपूरकका रुपमा काम गर्दछ। यसले एसडीजी टार्गेट १२.८ ले 'दिगो विकास र प्रकृतिसँग सामान्जस्य राख्ने जीवन शैलीको प्रबर्द्धन गर्नका लागि शिक्षालाई सम्बन्धित बनाउन खोज्ने भएकोले यो टार्गेटलाई समेत मद्दत पुऱ्याउँछ। साथै यसले विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको संरक्षण गर्ने एसडीजी टार्गेट ११.४ मा समेत योगदान पुऱ्याउँछ। |

| | |
|---|---|
| | **अन्य सूचकहरुसँगको सम्बन्धः** प्रस्तुत सूचकले प्राथमिक र माध्यामिक तहको शिक्षासँग सम्बन्धित धारा १४ का प्रावधानहरु र खास गरेर आफ्नो र अरुको आईसीएचको बुझाइ तथा सम्मानलाई प्रबर्द्धन गर्ने लक्ष्य लिएका प्रावधानहरु प्रति विशेष ध्यान दिन्छ। यसले (महासन्धिको) प्रस्तावनामा उल्लेख गरिए जस्तै साँस्कृतिक विविधता र दिगो विकासको प्रर्बद्धनमा आईसीएचले खेल्ने भूमिकाको वृहत परिवेशलाई पनि सम्बोधन गर्दछ। त्यसो त यसले आईसीएचको संवाहकका रुपमा भाषाको महत्व र  सिकाईका लागि परिवेश सुहाँउदो विषयवस्तु एवं विधि प्रदान गर्नमा आईसीएच आफैको क्षमतालाई समेत मान्दछ। तुलनात्मक रुपमा सूचक ४ ले आईसीएचको हस्तान्तरणलाई सुदृढ गर्न औपचारिक र अनौपचारिक शिक्षा दुवैलाई कसरी प्रयोग गर्न सकिन्छ भन्नेमा बढि जोड दिन्छ भने सूचक ६ ले माध्यामिक तह पछिको शिक्षामा ध्यान दिन्छ। आईसीएच र शिक्षासँग सम्बन्धित विधान तथा नीतिहरुलाई सूचक १२ मा सम्बोधन गरिएको छ। क्षमता विकास कार्याशाला जस्ता सामयिक गतिविधिहरु लगायत आईसीएच संरक्षण तथा व्यवस्थापनसँग सम्बन्धित तालिमका अवसरहरु सूचक २ र ३ मा सम्बोधन गरिएको छ। |
| **कार्यक्रमको औचित्य** | धारा १४ ले राज्यहरुलाई आईसीएच भनेको के हो र यसको संरक्षण गर्नु किन महत्वपूर्ण छ भनेर जनसाधारण, खास गरेर युवाहरुलाई शिक्षित गर्न आह्वान गर्दछ। यस अन्तरगत आईसीएचको अभ्यासका लागि नभइ नहुने प्राकृतिक तथा साँस्कृतिक स्थलहरु एवं स्मरण स्थलहरुको सुरक्षा गर्नु पर्ने आवश्यकता पनि पर्दछ। धेरै देशहरुमा यस्ता प्रयासहरुका लागि प्राथमिक र माध्यामिक शिक्षाले महत्वपूर्ण परिवेश प्रदान गर्दछन्। यस क्षेत्रका सम्भावित कार्यक्रमहरुले आईसीएच –विद्यार्थीहरु र अन्य समुदायहरु दुबैको आईसीएच –सम्बन्धी एवं आईसीएचयुक्त शिक्षण र सिकाईप्रति विशेष जोड दिन्छन्। यसो गरेर शिक्षाकर्मीहरुले आईसीएच स्वयंका लागि र विद्यार्थीहरुका माझ सम्मान प्रबर्द्धन गर्न सक्छन्। अनुभवहरुले गणित, विज्ञान वा साहित्य जस्ता अन्य विषयहरुको अध्यापन एवं अध्ययन गर्न आईसीएचका विषयवस्तुहरु र विधिको प्रयोग गरेर विद्यालयहरुले सिकाईलाई अझ बढि उत्साहप्रद र पहुँचयुक्त बनाउँदै दैनिक जीवनमा आईसीएचको महत्वलाई जोड दिन, विद्यार्थीहरुको जिज्ञासालाई बढाउन तथा संरक्षणकार्यको प्रबर्द्धन गर्न सक्छन् भन्ने देखाएको छ। |
| **मुख्य शब्दावलीहरु** | • औपचारिक शिक्षा<br>• आईसीएचप्रतिको सम्मान<br>• मातृभाषा शिक्षा<br>• बहुभाषी शिक्षा<br>• स्थानीय विषयवस्तु<br>• स्मरण स्थलहरु<br>• प्राथमिक शिक्षा<br>• माध्यामकि शिक्षा |

# अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

**अनुगमनका फाइदाहरु**

राष्ट्रियस्तरको अनुगमनले एउटा राज्यलाई आईसीएचप्रतिको सम्मान र बुझाईलाई सुनिश्चित गर्न तथा सिकाइका उपलब्धीहरुमा सुधार ल्याउनमा आफ्नो प्रभावकारीता प्रमाणित गरि सकेका शैक्षिक विधिहरु तथा कार्य पद्धतिहरुबाट उसले कसरी पूर्णरुपमा फाइदा उठाउन सकेको छ भनेर पत्ता लगाउन सहयोग गर्दछ। त्यसो त यसले युवाहरुलाई उनीहरुको आफ्नो र अरु समुदायहरुप्रति सम्मान अभिवृद्धि गर्नमा समेत मद्दत गर्दछ। विश्वस्तरमा गरिने अनुगमनले यस्ता विधि एवं कार्यपद्धतिहरुलाई मजबूत गर्नका लागि, तिनीहरुको प्रभावकारीतामा सुधार ल्याउनका लागि र अन्तर्राष्ट्रिय स्तरमा अनुभवहरु बाँड्नका लागि अवसरहरुको पहिचान गर्न सहयोग गर्दछ।

**सूचनाहरुको स्रोत तथा सूचना सङ्कलन**

सूचक ५ ले प्राथमिक तथा माध्यामिक तहको औपचारिक शिक्षामाथि ध्यान दिन्छ। अनुगमन एवं प्रतिवेदन तयार पार्ने कार्यका लागि एउटा राज्यलाई आईसीएच अधिकारीहरु र उसको शिक्षा मन्त्रालयका बीचको परामर्शमा आधारित हुनु पर्ने आवश्यकता पर्न सक्छ। यो जानकारी शिक्षा मन्त्रालयले जारी राखेका अनुगमनका प्रयासहरु मार्फत पनि उपलब्ध हुन सक्छ। दिगो विकासका लागि शिक्षा, विश्व नागरिकत्व शिक्षा, आदिवासी शिक्षा, मातृ भाषा शिक्षा, बहुभाषी शिक्षा, अन्तर-साँस्कृतिक शिक्षा र समुदाय शिक्षा जस्ता शिक्षामा अमूर्त साँस्कृतिक सम्पदाहरु एकीकृत गर्ने विषयसँग सम्बन्धित क्षेत्रहरुबाट उपलब्ध हुन सक्ने सूचनाका स्रोतहरुको अध्ययन गर्नु पनि उपयोगी हुन सक्छ। खास गरेर यहाँ एसडीजी टार्गेट ४.७ र १२.८ को अनुगमनका लागि सङ्कलित सूचनाहरु प्रभावकारी हुन सक्छ।

**सम्भाव्य सूचनाका स्रोतहरु**

- सिकाईका उद्देश्यहरु एवं अपेक्षित नतीजाहरु सहित राष्ट्रिय तथा स्थानीय तह दुवैका शैक्षिक पाठ्यक्रमहरु
- शैक्षिक तथ्याङ्क, सर्वेक्षण, मूल्याङ्कन, र शैक्षिक उपलब्धीहरु सम्बन्धी वार्षिक वा आवधिक प्रतिवेदनहरु
- १९६० को महासन्धि र खास गरेर शिक्षामा अल्पसंख्यक भाषाहरुसँग सरोकार राख्ने शिक्षामा विभेदका विरुद्ध गरिएका सिफारिसहरुको कार्यान्यवनका बारेमा युनेस्कोमा पेश गरिएको राष्ट्रिय प्रतिवेदन
- अन्तर्राष्ट्रिय बुझाइ, सहयोग र शान्तिका लागि शिक्षा र मानव अधिकार तथा मौलिक स्वतन्त्रतासँग सम्बन्धित शिक्षासँग सम्बन्धी १९७४ को सिफारिसको कार्यन्वयनका बारेमा युनेस्कोमा पेश गरिएको राष्ट्रिय प्रतिवेदन
- आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी १९६६ को अन्तर्राष्ट्रिय अनुबन्धको धारा १३ को कार्यान्वयन सम्बन्धी ECOSOC मा पेश गरेको राष्ट्रिय प्रतिवेदन
- अन्तर्राष्ट्रिय श्रम संगठनमा खास गरेर भाग ६, शिक्षा र सञ्चारका साधानहरु सम्बन्धी महासन्धि नं. १६९ को कार्यान्वयनका बारेमा पेश गरेको राष्ट्रिय प्रतिवेदन

# संक्षिप्त विवरण एवं औचित्य

| | | |
|---|---|---|
| **सूचक** | **६. उत्तर–माध्यामिक शिक्षाले आईसीएचको अभ्यास एवं हस्तान्तरणका साथै यसको सामाजिक, साँस्कृतिक तथा अन्य आयामहरुको अध्ययनमा कतिसम्म सहयोग पुऱ्याएको छ** | |
| **मूल्याङ्कनका कारका तत्वहरु** | यो सूचकलाई हरेक पक्ष राज्यले अनुगमन गरेर प्रतिवेदन पेश गरेका दुईवटा राज्यस्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ : | |
| | ६.१ उत्तर–माध्यामिक तहको शिक्षा प्रदान गर्ने संस्थाहरुले (संगीत, कला, हस्तकला, प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम आदि जस्ता विषयहरुमा) पाठ्यक्रम एवं शैक्षिक उपाधी प्रदान गर्दछन्, जसले आईसीएचको अभ्यास र हस्तान्तरणलाई सुदृढ बनाउँछन् । | धारा १४ |
| | ६.२ उत्तर–माध्यामिक तहको शिक्षा प्रदान गर्ने संस्थाहरुले आईसीएच र यसका सामाजिक, साँस्कृतिक एवं अन्य आयामहरुको अध्ययनका लागि पाठ्यक्रम तथा शैक्षिक उपाधी प्रदान गर्दछन् । | धारा १४ |
| **दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध** | **दिगो विकास लक्ष्य:** यो सूचकले 'विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको सुरक्षा एवं संरक्षण गर्ने प्रयासहरुलाई सुदृढ पार्ने' दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्य (एसडीजी टार्गेट) ११.४ लाई योगदान दिन्छ। यसले एसडीजी टार्गेट ७ लाई पनि, खास गरेर आईसीएचका सामाजिक, साँस्कृतिक तथा अन्य आयामहरुको अध्ययनले 'साँस्कृतिक विविधता र दिगो विकासमा संस्कृतिले पुऱ्याएको योगदानको कदर' लाई प्रबर्द्धन गर्ने तहसम्म सहयोग गर्दछ। अन्य लक्ष्यहरु जस्तैः सबैका लागि उत्पादनमूलक रोजगारी तथा मर्यादित काम सम्बन्धी एसडीजी ८ र खास गरेर एसडीजी टार्गेट ८.९ पनि यो सूचकका हकमा प्रासंगिक देखिन्छन् ।<br>**अन्य सूचकहरुसँगको सम्बन्ध:** यो सूचकले उत्तर–माध्यामिक शिक्षालाई आईसीएचको सीप र ज्ञान हस्तान्तरण गर्ने वा समाजमा आईसीएचका बारेमा शिक्षण गर्ने थलोका रुपमा विशेष जोड दिएको छ । सूचक ४ जस्तै यसले पनि अभ्यास र हस्तान्तरणसँग सरोकार राख्दछ, यद्यपि यसको अभिप्रायः उच्च शिक्षा हो । त्यसरी नै, यहाँ उच्च शिक्षामाथि ध्यान केन्द्रित गर्दै यसले सूचक ५ ले जोड दिएको प्राथमिक तथा माध्यामिक शिक्षालाई समेत सहयोग पुऱ्याउँछ। आईसीएच संरक्षण एवं व्यवस्थापनका (मूल्याङ्कन कारक तत्व २.१) सीपहरुलाई सुदृढ पार्न समाजमा आईसीएचको अध्ययन सम्बन्धी कार्यक्रमहरु (मूल्याङ्कन कारक तत्व ६.२) लाई प्रायः तिनीहरुसँग जोड्ने गरिन्छ। शैक्षिक नीति तथा कानूनी र प्रशासनिक उपायहरु सूचक १२ अन्तरगत पर्दछन् । | |

| | |
|---|---|
| **कार्यक्रमको औचित्य** | महासन्धिको धारा १४ ले प्राथमिक र माध्यामिक शिक्षाका युवाहरुमा मात्रै सीमित नगरेर उच्च शिक्षाका युवाहरुलाई पनि सम्बोधन गरेको छ । केहि देशहरुमा आईसीएच अभ्यासमा प्रयोग हुने ज्ञान र सीपलाई ललितकला प्रतिष्ठान, संगीत तथा नृत्यकला विद्यालय र यस्तै उच्च माध्यामिक संस्थाहरुका पाठ्यक्रमहरुमा समावेश गरिएको छ। त्यसरी नै प्राविधिक तथा व्यवसायिक विद्यालय वा केन्द्रहरुले समेत, माध्यामिक वा उच्च माध्यामिक तहमा आईसीएचका विभिन्न विधाहरु (जस्तै : हस्तकला, अभिनय कला आदि) मा महत्वपूर्ण तालिमहरु प्रदान गर्दछन् । धेरै देशहरुमा उत्तर–माध्यामिक शिक्षा कार्यक्रमहरुमा आईसीएचको अध्ययनलाई मानवशास्त्र, इतिहास, समाजशास्त्र, साँस्कृतिक अध्ययन, लोक साहित्य अध्ययन र अन्य सम्बन्धित विधाहरु भित्रै समावेश गरिएको हुन्छ। |
| **मुख्य शब्दावलीहरु** | • औपचारिक शिक्षा<br>• तालिम<br>• उत्तर–माध्यामिक शिक्षा<br>• प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम |

# अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

**अनुगमनका फाइदाहरु**

आईसीएचसँग सम्बन्धित उत्तर–माध्यामिक शैक्षिक कार्यक्रमहरुको उपलब्धता एवं उपयोगको राष्ट्रिय स्तरको अनुगमनबाट आईसीएचको अभ्यास तथा हस्तान्तरण सुदृढीकरणका लागि उच्च शिक्षाबाट कत्तिको फाइदा लिन सकिएको छ भनेर मूल्याङ्कन गर्न राज्यलाई सहयोग पुग्न सक्छ । यसले आईसीएच स्वयंको र यसका सामाजिक साँस्कृतिक तथा अन्य आयामहरु सम्बन्धी ज्ञानलाई उच्च शिक्षाले कत्तिको मजबूत बनाएको छ भनेर मूल्याङ्कन गर्न समेत सहयोग गर्न सक्छ । अनुगमनले व्यापकरुपमा शैक्षिक संस्थाहरुलाई संलग्न गराएर र आईसीएचलाई अझै बढि कलात्मक, प्राविधिक तथा व्यवासायिक तालिममा पूर्णरुपले एकीकृत गराएर यस्तो शिक्षालाई सुदृढीकरण गर्ने अवसर हरुको पहिचान गर्न सक्छ । विश्वस्तरमा गरिने अनुगमनबाट निश्चित देशहरुमा पहिले देखिनै प्रचलनमा रहेका राम्रा अभ्यासहरु समेत पत्ता लगाउन सकिन्छ । यसका साथै अनुसन्धान, पाठ्यक्रम विकास र शिक्षण विधिहरुमा अन्तर्राष्ट्रिय सहयोगले हरेक राज्य भित्र कसरी क्षमता बढाउन सकेको रहेछ भनेर औँल्याउन समेत सकिन्छ ।

**सूचनाहरुको स्रोत तथा सूचना सङ्कलन**

सामान्यतया शिक्षा मन्त्रालय वा उच्च शिक्षा मन्त्रालयहरुले उत्तर–माध्यामिक शैक्षिक संस्थाहरुसँग सम्बन्धित तथ्याङ्कहरु एवं अन्य जानकारीहरु राख्ने गर्दछन् । कुनै सन्दर्भहरुमा, शैक्षिक उपाधीसम्बन्धी कार्यक्रमहरुलाई यस्तो मन्त्रालयलले आधिकारिकता प्रदान गर्नु पर्ने हुन्छ, जहाँ कुन उपाधी, कुन विधामा र कुन संस्थाले प्रदान गरेको हो भन्ने सूचना पहिले देखिनै सहजरुपमा उपलब्ध हुन सक्छ । जहाँ यस्तो पद्धति उपलब्ध छैन, त्यस्तो ठाउँमा अनुगमन तथा प्रतिवेदन तयार पार्ने जिम्मेवारी पाएकाहरुले शैक्षिक संस्था तथा तालिम केन्द्रहरुको सर्वेक्षण गर्ने वा ती संस्थाहरुको वेवसाइट अध्ययन गर्नु पर्ने हुन सक्छ, जसबाट यस्ता संस्थाहरुले सम्बन्धित उपाधि वा अध्ययन कार्यक्रम प्रदान गर्ने/नगर्ने बारेमा जानकारी प्राप्त गर्न सकिन्छ ।

**सम्भाव्य सूचनाका स्रोतहरु**

- शिक्षा मन्त्रालय वा उच्च शिक्षा मन्त्रालयले विभिन्न उत्तर–माध्यामिक संस्थाहरुमा आधिकारिकता प्रदान गरेका उपाधीहरु सम्बन्धी प्रतिवेदन र सूचनाहरु
- शैक्षिक कार्यक्रम र उपाधीहरुको सूची उल्लेख गरिएका उत्तर–माध्यामिक संस्थाहरुका वेवसाइटहरु
- व्यवसायिक संघसंस्थाहरु वा सम्बद्ध विषयहरुको सूची किताव (directory)
- कलात्मक एवं वैज्ञानिक क्षेत्रसँग सम्बन्धित विद्यमान व्यवसायिक सञ्जाल

# संक्षिप्त विवरण एवं औचित्य

| | |
|---|---|
| **सूचक** | **७. अमूर्त साँस्कृतिक सम्पदाको वस्तु सूचीमा आईसीएचको विविधता कत्तिको झल्किएको छ र यसले आईसीएचको संरक्षणमा कत्तिको योगदान पुऱ्याएको छ ।** |

| | | |
|---|---|---|
| **मूल्याङ्कनका कारका तत्वहरु** | यो सूचकलाई हरेक पक्ष राज्यले अनुगमन गरेर प्रतिवेदन पेश गरेका चारवटा राज्यस्तरीय तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ । | |
| | ७.१ (महासन्धिको) अनुमोदन गरे पछि आईसीएचको संरक्षण एवं त्यसको विविधतालाई प्रतिविम्वित गर्ने दिशा तर्फ उन्मुख एक वा सो भन्दा बढि वस्तु सूचीकरण पद्दति स्थापित गरिएको वा पुनरावलोकन गरिएको छ । | धारा ११ र १२ ओडी १, ओडी २ |
| | ७.२ विशिष्टीकृत वस्तुसूचीहरु र/वा विविध प्रयोजनका लागि तयार पारिएका वस्तुसूचीहरुले (आईसीएचको विविधता झल्काउँदै (तिनको) संरक्षणमा योगदान पुऱ्याउँछन् । | धारा १२ |
| | ७.३ विद्यमान वस्तुसूची वा वस्तुसूचीहरुलाई, खास गरेर उक्त सूचीमा समेटिएका सम्पदा तत्वहरुको हालको जीवन्तता दर्शाउन, प्रतिवेदन तयार पार्ने बेलामा अद्यावधिक गरिएको छ । | धारा १२ ओडी १, ओडी २ |
| | ७.४ आईसीएचका विशेष पक्षहरुसम्मको पहुँचलाई नियमन गर्ने प्रथागत अभ्यासहरुको सम्मान गर्दै आईसीएच वस्तुसूचीहरुसम्मको पहुँचलाई सहजीकरण गरिएको छ । र तिनीहरुलाई संरक्षण कार्यको सुदृढीकरणमा उपयोग गरिएको छ । | धारा १३(डी) (ii) ओडी ८५ |

| | |
|---|---|
| **दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध** | **दिगो विकास लक्ष्य:** आईसीएच वस्तुसूचीहरुसम्मको सार्वजनिक पहूँचसँग सरोकार राख्ने भएकोले प्रस्तुत सूचकले 'राष्ट्रिय कानून तथा अन्तर्राष्ट्रिय सहमति अनुसार सूचनाहरुमा सार्वजनिक पहूँच सुनिश्चित गर्ने तथा मौलिक स्वतन्त्रताको रक्षा गर्ने' दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्य (एसडीजी टार्गेट) १६.१० लाई मद्दत पुऱ्याउँछ । अन्य सूचकहरुले जस्तै यसले पनि 'विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको रक्षा र संरक्षण गर्ने प्रयासहरुलाई सुदृढ पार्ने' एसडीजी टार्गेट ११.४ मा समेत योगदान पुऱ्याउँछ ।<br>**अन्य सूचकहरुसँगको सम्बन्ध:** सूचक ७ र ८ वस्तुसूचीकरणसँग सम्बन्धित छन् भने सूचक ९ र १० ले अनुसन्धान र अभिलेखीकरणमा ध्यान दिन्छन् । वस्तुसूचीकरणमा खास गरेर अनुसन्धानको आयाम पनि समावेश हुने तथा ती बाट प्राप्त नतीजाहरुलाई एक वा धेरै तरिकाले अभिलेखीकरण गरिने हुँदा यी सबै सूचकहरु एकअर्कासँग सम्बन्धित छन् । यहाँ भने वस्तुसूचीकरणको परिणाम, वस्तुसूचीहरु स्वयं, र तिनीहरुलाई संरक्षणमा योगदान पुग्ने गरेर कसरी प्रयोग गरिएको छ भन्ने बारेमा ध्यान केन्द्रित गरिएको छ । सूचक ८ ले वस्तुसूचीकरण प्रक्रिया र यसको समावेशीपनामाथि जोड दिन्छ । सूचक ९ ले आफ्नो कार्यक्षेत्रलाई अझै विस्तार गरेर वस्तुसूचीकरणको क्षेत्रभन्दा बाहिर सञ्चालन भएका अन्य प्रकारका अनुसन्धानहरुलाई पनि समेट्दछ भने सूचक १० ले वस्तुसूचीहरुभन्दा बाहिर सञ्चालित अनुसन्धानका नतीजाहरु प्रति ध्यान केन्द्रित गर्ने प्रयास स्वरुप मूल्याङ्कनको कारक तत्व ७.४ लाई सहयोग गर्दछ । |

| | |
|---|---|
| **कार्यक्रमको औचित्य** | वस्तुसूचीकरण महासन्धिका पक्ष राज्यहरुले पालना गर्नु पर्ने प्राथमिक दायित्व मध्ये एक हो । महासन्धिको धारा ११ (ख) मा पक्ष राज्यले ‘समुदाय, समूह एवं सम्बद्ध गैर-सरकारी संघसंस्थाहरुको सहभागितामा उसको भू-भाग भित्र पर्ने अमूर्त साँस्कृतिक सम्पदाका विविध तत्वहरुको निर्क्योल तथा परिभाषित गर्नेछ’ भनेर उल्लेख गरिएको छ । त्यसरी नै धारा १२.१ मा ‘संरक्षण गर्ने ध्येयले परिचय सुनिश्चित गर्न, प्रत्येक पक्ष राज्यले, यसको भू-भागमा अवस्थित अमूर्त सांस्कृतिक सम्पदाका एक वा सो भन्दा बढी वस्तुसूचीहरू, यसको आफ्नो परिस्थिति सुहाउँदो किसिमले तयार गर्नेछ । यी सूचीहरू नियमित रुपमा अद्यावधिक गरिने छन्’ भनेर विस्तृत रुपमा थप विवरण प्रस्तुत गरिएको छ । पक्ष राज्यले अमूर्त सांस्कृतिक सम्पदासम्मको पहुँचलाई नियमन गर्ने परम्परागत प्रचलनहरूलाई आदर गर्दै त्यस्ता सम्पदा सम्मको पहुँचलाई सुनिश्चित गर्न प्रयास गर्नेछन् (धारा १३ (डी) (ii) । |
| **मुख्य शब्दावलीहरु** | • वस्तुसूची<br>• विविधता (आईसीएच र यसका अभ्यासकर्ताहरुको)<br>• जीवन्तता<br>• आईसीएचका तत्वहरु<br>• प्रथागत प्रचलनहरु<br>• विधाहरु (आईसीएचका)<br>• पहुँच<br>• (आदेश दिने) कार्यविधिका सिद्धान्तहरु<br>• समावेशीकरणका आधारहरु<br>• विशिष्टीकृत वस्तुसूचीहरु |

# अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

**अनुगमनका फाइदाहरु**

'यो महासन्धिको कार्यान्वयनका लागि अवलम्बन गरिएका कानूनी, नियामक तथा अन्य उपायहरु' (धारा २९) का बारेमा प्रतिवेदन पेश गर्नु पर्ने साधारण आवश्यकताका अतिरिक्त पक्ष राज्यहरुलाई विशेष गरेर 'उनीहरुका वस्तुसूचीहरुका बारेमा उचित जानकारी प्रदान गर्न' भनिएको छ (धारा १२.२)। अनुगमनले पक्ष राज्यले वस्तुसूचीकरणका क्षेत्रमा अनिवार्यरुपमा पुरा गर्नु पर्ने उसका जिम्मेवारीहरु पुरा गरे नगरेको तथा प्रतिवेदन अवधिका क्रममा उसका वस्तुसूचीहरु अद्यावधिक गरे या नगरेको निर्क्यौल गर्न सहयोग गर्दछ। यस्तो अनुगमनले विशिष्टीकृत वा विभिन्न दायरा (scope) भएका वस्तुसूचीहरुको निर्माणका माध्यमबाट पक्ष राज्यले उसको वस्तुसूचीकरणलाई सुदृढीकरण गर्ने थप सम्भावनाहरु छन् कि भनेर समेत दर्शाइदिन सक्छ। विश्वस्तरमा गरिने अनुगमनले खास गरेर (आईसीएचको) संरक्षण सुदृढीकरण गर्न वस्तुसूचीको उपयोग के कसरी गरिएको छ भनेर तिनका राम्रा अभ्यासहरु पत्ता लगाउन तथा राज्यहरुका बीच सहयोग र प्राविधिक सहायताका लागि अवसरहरु औंल्याई दिन सक्छ।

**तथ्याङ्कहरुको स्रोत तथा सङ्कलन**

धैरै देशहरुमा वस्तुसूचीकरण गर्ने वा अन्य संघसंस्थाहरुले गरेका वस्तुसूचीकरणका प्रयासहरुको समन्वय गर्ने जिम्मेवारी संस्कृति मन्त्रालय वा अन्य सक्षम निकायको हुन्छ। उनीहरुसँग वस्तुसूचीकरणको अद्यावधिक विस्तृत विवरण तथा त्यसको अवस्था सम्बन्धी जानकारी हुन सक्छ। तत्काल संरक्षण गर्न आवश्यक अमूर्त साँस्कृतिक सम्पदाको सूची वा प्रतिनिधिमूलक सूचीमा मनोनित गर्नु पर्ने सम्पदा तत्वका लागि वस्तुसूचीमा समावेश भएको हुनु पर्ने पूर्वशर्त भएको हुनाले यदि पक्ष राज्य यी मनोनयन प्रक्रियाहरुमा सहभागी भएको छ भने ऊ सँग वस्तुसूचीकरण सम्बन्धी जानकारीहरुसम्मको पहूँच सहजै उपलब्ध भएको हुनु पर्दछ। पहिले पेश गरिएका प्रतिवेदनहरुमा पनि वस्तुसूचीकरण सम्बन्धी, खास गरेर महासन्धिको सूचीमा पहिल्यै सूचीकृत गरिएका सम्पदा तत्वकहरुसँग सम्बन्धित महत्वपूर्ण जानकारी हरु हुन सक्छन्। राज्यसँग परामर्शी निकाय वा समन्वय संयन्त्र छ भने, विशिष्टीकृत संस्था वा स्थानीय तहले सञ्चालन गरेका वस्तुसूचीकरणका प्रयासहरु सम्बन्धी ताजा जानकारीहरुका लागि त्यो राम्रो स्रोत हुन सक्छ।

**सम्भाव्य सूचनाका स्रोतहरु**

- वस्तुसूचीकरणका लागि जिम्मेवार संस्कृति मन्त्रालय वा अन्य सक्षम निकायको वेवसाइट
- वस्तुसूचीकरणमा संलग्न विशिष्टीकृत संस्थाहरुको वेवसाइट
- तत्काल संरक्षण गर्न आवश्यक अमूर्त साँस्कृतिक सम्पदाहरुको सूची वा प्रतिनिधिमूलक सूचीमा पेश गर्नका लागि तयार पारिएको मनोनयन फाइल
- महासन्धि कार्यान्वयन र तत्काल संरक्षण गर्न आवश्यक अमूर्त साँस्कृतिक सम्पदाहरुको सूची वा प्रतिनिधिमूलक सूचीमा सूचीकृत सम्पदा तत्वहरुको अवस्था बारेका पुराना प्रतिवेदनहरु
- अभिलेख राख्ने संस्थाहरुको वा जिम्मा लिएका अन्य (संस्थाहरु) को वस्तुसूची सम्बन्धी जानकारीहरु सम्मको सार्वजनिक पहूँच सम्बन्धी नीति तथा नियमावलीहरु

# संक्षिप्त विवरण एवं औचित्य

| | |
|---|---|
| **सूचक** | **८. वस्तुसूचीकरण प्रक्रिया कत्तिको समावेशी छ, यसले आईसीएच र यसका अभ्यासकर्ताहरुको विविधता प्रति कत्तिको सम्मान गर्दछ र सम्बद्ध समुदाय, समूह र व्यक्तिहरुले गरेका संरक्षणका प्रयासहरुलाई कति सम्म सहयोग गरेको छ** |

| | | |
|---|---|---|
| **मूल्याङ्कनका कारका तत्वहरु** | यो सूचकलाई हरेक पक्ष राज्यले अनुगमन गरेर प्रतिवेदन पेश गरेका दुईवटा राज्यस्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ : | |
| | ८.१ समुदाय, समूह र सम्बद्ध गैर-सरकारी संस्थाहरु वस्तुसूचीकरण प्रक्रियामा समावेशीपूर्ण तरीकाले सहभागी भएका छन्, जसले उनीहरुका संरक्षणका प्रयासहरुका बारेमा जानकारी दिन्छ र ती प्रयासहरुलाई सुदृढ पार्दछ। | धारा ११ ओडी १ ओडी २ ईपी १, ईपी ६ ईपी ८, ईपी १० |
| | ८.२ वस्तुसूचीकरण प्रक्रियाले आईसीएचको विविधता एवं समाजका सबै क्षेत्र, सबै लैङ्गिक समूह र सबै क्षेत्रका अभ्यास र अभिव्यक्तिहरु लगायत यसका अभ्यासकर्ताहरुलाई सम्मान गर्दछ। | धारा ११ |

| | |
|---|---|
| **दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध** | **दिगो विकास लक्ष्य:** यो सूचीले 'विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको रक्षा र संरक्षण गर्ने प्रयासहरुलाई सुदृढ बनाउने' दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्य (एसडीजी टार्गेट) ११.४ मा योगदान दिन्छ।<br>**अन्य सूचकहरुसँगको सम्बन्ध:** वस्तुसूचीकरण र अनुसन्धानसँग सरोकार राख्ने चारै वटा सूचकहरु (सूचक ७-१०) ले एक-अर्काको परिपुरकका रुपमा काम गर्दछन्। यहाँ भने वस्तुसूचीकरण प्रक्रिया स्वयंको गुणस्तर र यो समावेशी भए या नभएको तथा यसले संरक्षण गतिविधिहरुलाई योगदान दिएको या नदिएको के छ भनेर हेर्ने कार्यलाई बढि जोड दिइएको छ। सूचक ७ ले वस्तुसूचीकरणका प्राप्त नतीजाहरु अद्यावधिक गरिएका हुन कि होइनन् र तिनीहरु कत्तिको पहुँचयोग्य छन् भनेर हेर्दछ। सूचक ९ र १० विशेष गरेर अनुसन्धान र अभिलेखीकरण -जो वस्तुसूचीकरण भन्दा भिन्दै स्वतन्त्र रुपमा सञ्चालन गरिएका पनि हुन सक्छन्- सँग सरोकार राख्दछन्। |

| | |
|---|---|
| **कार्यक्रमको औचित्य** | सूचक ७ मा उल्लेख गरिए झैं, वस्तुसूचीकरण अमूर्त साँस्कृतिक सम्पदा सम्बन्धी महासन्धि २००३ को धारा ११ (ख) मा पक्ष राज्यहरुले पुरा गर्नु पर्ने दायित्वहरु मध्येको एउटा प्रमुख दायित्व हो। उक्त धारामा पक्ष राज्यले 'समुदाय, समूह एवं सम्बद्ध गैर-सरकारी संघसंस्थाहरुको सहभागितामा उसको भू-भाग भित्र पर्ने अमूर्त साँस्कृतिक सम्पदाका विविध तत्वहरुको निर्क्यौल तथा परिभाषित गर्नेछ' भनेर उल्लेख गरिएको छ। आईसीएचको संरक्षण र व्यवस्थापनमा 'समुदाय, समूह र उपयुक्तताका आधारमा व्यक्तिहरुको व्यापक सहभागीता सुनिश्चित गर्न' धारा १५ ले गरेको उत्प्रेरणालाई परिपूर्ति गर्दै यहाँ समुदाय, समूह र सम्बद्ध गैर-सरकारी संस्थाहरुलाई वस्तुसूचीकरणमा सहभागी बन्नु पर्ने आवश्यकतालाई अनिवार्य बनाइएको छ। यसका साथै, 'केहि आईसीएच... नभएर उसको (सम्बद्ध पक्ष राज्यको) भू-भागमा रहेको आईसीएच' भन्ने उल्लेख गरिएकाले महासन्धिका अनुसार वस्तुसूचीकरण (प्रक्रिया) समावेशी हुनुका साथै यसले आईसीएचको विविधता र यसका अभ्यासकर्ताहरुप्रति सम्मान प्रकट गर्ने हुनुपर्दछ। |

| | |
|---|---|
| **मुख्य शब्दावलीहरु** | • वस्तुसूची<br>• समावेशी/समावेशी पूर्वक<br>• विविधता (आईसीएच र यसका अभ्यासकर्ताहरुको)<br>• समुदाय, समूह वा, कतिपय अवस्थाहरुमा, व्यक्तिहरु<br>• गैर-सरकारी संस्थाहरु<br>• समाजका हरेक क्षेत्रहरु तथा सबै क्षेत्रहरुको विविधता<br>• समाजका क्षेत्रहरु र तहहरु |

# अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

**अनुगमनका फाइदाहरु**

सूचक ७ का सन्दर्भमा उल्लेख गरिएझैं, महासन्धिले पक्ष राज्यहरुलाई प्रतिवेदन पेश गर्नु पर्ने उनीहरुको सामान्य दायित्व (धारा २९) को एउटा हिस्साका रुपमा पक्ष राज्यहरुले '(उनीहरुको) वस्तुसूची सम्बन्धी सान्दर्भिक सूचनाहरु प्रदान' गर्नु पर्दछ। प्रस्तुत सूचकको अनुगमनले राज्यलाई वस्तुसूचीकरण प्रक्रियामा समुदाय, समूह तथा सम्बद्ध गैर-सरकारी संस्थाहरुको सहभागितालाई प्रभावकारी रुपमा के कति मात्रामा सुनिश्चित गरिएको छ भनेर निर्क्यौल गर्न सहयोग पुग्छ। वस्तुसूचीकरणलाई समावेशी बनाउनु पर्ने आवश्यकताको अनुगमनले कुनै प्रणालीगत वा राज्यले नचाहँदा नचाहँदै पनि कुनै त्रुटिहरु रहेका छन् कि भनेर त्यस्ता कुराहरुलाई बाहिर ल्याउन तथा यस्ता त्रुटिहरुलाई उन्मूलन गर्नु पर्ने आवश्यकताप्रति व्यापक रुपमा ध्यानाकर्षण गर्न सकिन्छ। विश्वस्तरमा गरिने अनुगमनले प्रभावकारीसिद्ध भएका सहभागिता र समावेशीकरणका विधिहरु तर्फ ध्यानाकर्षण गर्न तथा राज्यहरुलाई अन्य राज्यहरुबाट समेत सिक्ने अवसर प्रदान गर्दछ।

**सूचनाहरुको स्रोत तथा सूचना सङ्कलन**

यो सूची सम्बन्धी जानकारीहरु सूची ७ कै जसरी उपलब्ध हुन सक्छन्। धेरै देशहरुमा अनुगमन र प्रतिवेदनका साथै वस्तुसूचीकरण तयार पार्ने वा अन्य निकायहरुले सञ्चालन गरेका वस्तुसूचीकरणका प्रयासहरुलाई समन्वय गर्ने कार्यका लागि एउटै निकायलाई जिम्मा दिइएको हुन्छ। वस्तुसूचीकरणका साथै सहभागिता र समावेशीकरण हासिल गर्न अपनाइएका उपायहरु र वस्तुसूचीकरणले संरक्षणमा कसरी योगदान पुऱ्याएको छ भनेर अद्यावधिक संक्षिप्त जानकारी पनि उपलब्ध हुन सक्छ। पक्ष राज्यसँग परामर्शी निकाय वा समन्वयकारी संयन्त्र भएमा यसमा वस्तुसूचकीकरणका प्रयासहरुमा सहभागी भइ यसका बारेमा जानकारी राख्ने गैर-सरकारी संस्था वा समुदायमा आधारित संस्थाहरुका प्रतिनिधिहरु समावेश भएका हुन सक्छन्।

**सम्भाव्य सूचनाका स्रोतहरु**

- वस्तुसूचीकरणका लागि जिम्मेवार संस्कृति मन्त्रालय वा अन्य सक्षम निकाय
- वस्तुसूचीकरणमा संलग्न विशिष्टीकृत संस्थाहरुको वेवसाइट
- तत्काल संरक्षण गर्न आवश्यक अमूर्त साँस्कृतिक सम्पदाहरुको सूची वा प्रतिनिधिमूलक सूचीमा पेश गर्नका लागि तयार पारिएको मनोनयन फाइल
- महासन्धि कार्यान्वयन र तत्काल संरक्षण गर्न आवश्यक अमूर्त साँस्कृतिक सम्पदाहरुको सूची वा प्रतिनिधिमूलक सूचीमा सूचीकृत सम्पदा तत्वहको अवस्था बारेका पहिलेका प्रतिवेदनहरु
- आईसीएच वस्तुसूचीकरणमा संलग्न गैर-सरकारी संस्थाहरु वा गैर-सरकारी संस्था सञ्जाल, वा समुदायहरुको सञ्जालका वेवसाइटहरु

# संक्षिप्त विवरण एवं औचित्य

| | |
|---|---|
| **सूचक** | **९. वैज्ञानिक, प्राविधिक तथा कलात्मक अध्ययनहरु लगायत अध्ययन तथा अभिलेखीकरणले संरक्षणमा कतिसम्म योगदानको पुऱ्याएका छन्** |

| | | |
|---|---|---|
| **मूल्याङ्कनका कारका तत्वहरु** | यो सूचकलाई हरेक पक्ष राज्यले अनुगमन गरेर प्रतिवेदन पेश गरेका तीनवटा राज्यस्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ । | |
| | ९.१ आर्थिक तथा अन्य प्रकारका सहयोगहरुले संरक्षणमूलक तथा सम्बद्ध नैतिक सिद्दान्तहरु अनुरुप सञ्चालन गरिएका अनुसन्धान, वैज्ञानिक, प्रावधिक एवं कलात्मक अध्ययन, अभिलेखीकरण र पुरालेखण कार्यलाई प्रोत्साहित गर्दछन् । | धारा १३ (सी) ओडी १७३, ओडी १७५ |
| | ९.२ सूचीकृत गरिएका वा नगरिएका आईसीएच तथा यसका विशेष तत्वहरुको संरक्षणतर्फ लक्षित विधिहरु एवं तिनीहरुको प्रभावसँग सम्बन्धित अनुसन्धानलाई प्रोत्साहित गरिएको छ । | धारा १३ (सी) ओडी १६२ |
| | ९.३ आईसीएच अभ्यासकर्ता एवं संबाहकहरु उनीहरुको स्वतन्त्र, अटुट एवं पूर्व सुसूचित सहमतिका आधारमा सञ्चालन गरिएका अनुसन्धान तथा वैज्ञानिक, प्राविधिक तथा कला सम्बन्धी अध्ययनबाट प्राप्त नतिजाहरुको व्यवस्थापन, कार्यान्वयन र संप्रेषणमा सहभागी भएका छन् । | ओडी १०९ (ए), ओडी १०९ (ई), ओडी १५३ (बी) (ii) ओडी १७५ ईपी १ ईपी ७ |

| | |
|---|---|
| **दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध** | **दिगो विकास लक्ष्यः** यो सूचकले 'विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको रक्षा र संरक्षण गर्ने प्रयासहरुलाई सुदृढ बनाउने' दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्य (एसडीजी टार्गेट) ११.४ लाई सम्बोधन गर्दछ । बृहत अर्थमा आईसीएच र यसको संरक्षण सम्बन्धी अनुसन्धान तथा अभिलेखीकरणले थुप्रै दिगो विकास लक्ष्यहरु (एसडीजी), जस्तैः दिगो कृषि (एसडीजी २), स्वास्थ्य तथा समृद्ध जीवनस्तर (एसडीजी ३), पानीको दिगो प्रयोग (एसडीजी ६), जैविक विविधता (एसडीजी १५) मा प्रभाव पार्न सक्छ ।<br><br>**अन्य सूचकहरुसँगको सम्बन्धः** यो सूचकलाई सूचक १० सँगसँगै हेरिनु पर्दछ । यहाँ भने अनुसन्धान एवं अभिलेखीकरण र तिनीहरुलाई महासन्धिको मर्म र उद्देश्य अनुरुप हुने गरी कसरी सञ्चालन र सहयोग गर्न सकिन्छ भन्ने कुरामा विशेष जोड दिइएको छ । सूचक १० ले अनुसन्धान एवं अभिलेखीकरण र तिनीहरुबाट प्राप्त नतिजाहरुलाई संरक्षण कार्य र नीति-निर्माण, यी दुबै कार्यमा सुधार ल्याउनमा कसरी प्रयोग गर्न सकिन्छ भन्ने बारेमा प्रकाश पार्दछ । अनुसन्धान एवं अभिलेखीकरणका प्रक्रिया र उपलब्धीहरुमाथि विशेष ध्यान केन्द्रित गर्दै यी दुईवटा सूचकहरुले अभिलेखीकरणका लागि संस्थाहरुलाई प्रोत्साहन गर्ने विषयसँग सम्बन्धित सूचक १ र अभिलेखीकरणको आदानप्रदानका माध्यमबाट अन्तर्राष्ट्रिय सहयोग प्रबर्द्धन गर्ने सूचक २४ लाई समेत सहयोग पुऱ्याउँछन् । सूचक २२ ले पनि वैज्ञानिक, प्राविधिक र कलात्मक अध्ययनहरुसँग सरोकार राख्दछ, तर त्यहाँ अध्ययनको उद्देश्य आईसीएच नभएर आईसीएच संरक्षणका कार्यक्रम तथा उपायहरुमाथि केन्द्रित गरिएको छ । |

| | |
|---|---|
| **कार्यक्रमको औचित्य** | (महासन्धिको) धारा २.३ मा बुझाइए जस्तै अभिलेखीकरण र अनुसन्धान संरक्षण गर्ने महत्वपूर्ण उपायहरु मध्येमा पर्दछन् । 'संरक्षण कार्यलाई प्रभावकारी ढंङ्गले सञ्चालन गर्ने दृष्टिले वैज्ञानिक, प्राविधिक तथा कला सम्बन्धी अध्ययनहरुका साथै अनुसन्धान विधिहरुलाई प्रोत्साहित गर्न' राज्यहरुलाई अभिप्रेरित गरिएको छ (धारा १३ (सी)) । कार्यसञ्चालन निर्देशिकाका विशेष प्रावधानहरुले यस्ता अनुसन्धानका सम्भाव्य क्षेत्रहरुका साथै अनुसन्धान कसरी गरिनु पर्दछ भनेर थप व्याख्या गरेका छन् । यसका साथै उक्त प्रावधानहरुले (आईसीएचका) अभ्यासकर्ता र संबाहकहरुको स्वतन्त्र, अटुट एवं पूर्व सुसूचित सहमतिको सुनिश्चित गर्ने लगायत अनुसन्धान प्रक्रियामा उनीहरुको व्यापक र सक्रिय सहभागितामाथि जोड दिएका छन् । आईसीएच अभ्यास र अभिव्यक्तिहरुको अनुसन्धान र अभिलेखीकरण वास्तवमा सदियौँदेखि धेरै देशहरुमा सञ्चालन हुँदै आएको छ, तर महासन्धिले यस्ता कार्यहरु संरक्षणका दिशा तर्फ केन्द्रित हुनु पर्ने कुरा मा जोड दिएको छ । यस अन्तरगत विविध प्रकारका संरक्षण रणनीति तथा विधिहरुको प्रभावकारीता र असरको अध्ययन समेत समावेश हुन सक्छ । |
| **मुख्य शब्दावलीहरु** | • वैज्ञानिक, प्राविधिक तथा कला सम्बन्धी अध्ययन<br>• अमूर्त साँस्कृतिक सम्पदा संरक्षणका लागि नैतिक सिद्धान्तहरु<br>• आईसीएचका तत्वहरु<br>• सूचीकृत (गरिएको वा नगरिएको)<br>• अभ्यासकर्ता तथा संवाहकहरु<br>• सहभागिता वा संलग्नता<br>• संप्रेषण/प्रचार-प्रसार<br>• स्वतन्त्र, अटुट एवं पूर्व सुसूचित सहमति |

# अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

**अनुगमनका फाइदाहरु**

अनुगमनले राज्यलाई उसका अनुसन्धान एवं अभिलेखीकरण संस्थाहरुले संरक्षण कार्यमा के कति हदसम्म प्रभावकारी रुपमा योगदान पुऱ्याइरहेका छन् भनेर मूल्याङ्कन गर्न सहयोग गर्दछ (सूचक १ सँग तुलना गर्नुहोस्) । अनुगमनले यस्ता अनुसन्धान एवं अभिलेखीकरणका प्रयासहरुलाई सहयोग पुऱ्याउन आर्थिक सहयोगको उपलब्धता सम्बन्धी अवसरहरु प्रदान गर्ने तथा आर्थिक अभाव कहाँ छ भनेर समेत प्रकाश पार्न सक्छ । यसले अनुसन्धान र अभिलेखीकरण प्रक्रियाका दौरान, र खास गरेर (सुसूचित सहमति जस्ता सान्दर्भिक नैतिक सिद्धान्तहरुलाई स्वीकार गरिएको छ कि छैन भनेर निश्चय गर्दछ । विश्वस्तरमा, अनुगमनले निश्चित देश वा क्षेत्रहरुमा रहेका आर्थिक अभावहरुलाई औंल्याइ दिन सक्छ जसलाई सम्भवतः अन्तर्राष्ट्रिय सहयोग एवं सहायताका माध्यमबाट सम्बोधन गर्न सकिने पनि हुन सक्छ । विश्वस्तरीय अनुगमनले अनुसन्धान र अभिलेखीकरण तथा तिनीहरुबाट प्राप्त नतिजाहरुको संप्रेषणका सबै चरणहरुमा आफ्नो प्रभावकारीता प्रमाणित गरिसकेका राम्रा अभ्यास तथा रचनात्मक रणनीतिहरुको पहिचान समेत गर्न सक्छ ।

**सूचनाहरुको स्रोत तथा सूचना सङ्कलन**

राज्यले अनुसन्धान एवं अभिलेखीकरण क्रियाकलापमा आर्थिक सहयोग प्रदान गरेको भएमा यस्ता आर्थिक सहयोगहरुका अभिलेखहरु प्राप्त गर्न सकिने हुन सक्छ; यदि परामर्शी निकाय वा समन्वयकारी निकाय छ भने, तेस्रो पक्षबाट आर्थिक सहयोग लिइने अभ्यासहरुका बारेमा उसले सूचनाहरु प्राप्त गर्न सक्ने हुन सक्छ । आर्थिक निर्देशिका एवं अनुसन्धान रणनीतिहरुले अनुसन्धान एवं अभिलेखीकरण प्रक्रियामा अभ्यासकर्ताहरु र संबाहकहरुको यथासम्भव वृहत सहभागितालाई सम्बोधन गर्न सक्छन् । अनुसन्धान एवं अभिलेखीकरणलाई प्रकाशन, प्रदर्शनी, सभा-सम्मेलन वा अन्य सार्वजनिक प्रस्तुतीहरुका माध्यमबाट सार्वजनिक गर्ने हो भने सामान्यतया यस्ता कुराहरु उपलब्ध हुन सक्छन् । अनुसन्धान कार्यविधि, नियम वा नीतिहरुले स्वतन्त्र, अटुट एवं पूर्व सुसूचित सहमतिका बारेमा व्याख्या गरेका हुन सक्छन् र अध्ययनका निम्ति उपलब्ध हुन सक्छन् ।

**सम्भाव्य सूचनाका स्रोतहरु**

- संस्कृति मन्त्रालय वा अनुसन्धान एवं अभिलेखीकरणमा सहयोग गर्ने अन्य आर्थिक स्रोतहरुका बजेट तथा प्रतिवेदनहरु
- आर्थिक सहयोग गर्ने निकायहरुका आर्थिक सहयोग सम्बन्धी घोषणा तथा मार्ग निर्देशनहरु
- अनुसन्धान अभ्यासहरु, खास गरेर मानव विषयसँग सम्बन्धित प्रक्रियाहरुलाई नियमन गर्ने नियमावली वा आधिकारिक विवरणको मूल प्रति (protocols)
- प्रदर्शनीका सूचीपत्रहरु (catalogues), सम्मेलनको एजेण्डा वा अभिलेख, वा अन्य सार्वजनिक प्रस्तुती तथा कार्यक्रमहरुका बारेमा प्रस्तुत गरिएका कागजपत्रहरु
- सहभागितामूलक अनुसन्धान एवं अभिलेखीकरण कार्यक्रम तथा क्रियाकलापहरुका बारेमा आम सञ्चार माध्यमले समेटेका खवरहरु

# संक्षिप्त विवरण एवं औचित्य

| | |
|---|---|
| **सूचक** | **१०. अनुसन्धानबाट प्राप्त नतिजाहरु एवं अभिलेखिकरण कत्तिको पहुँचयुक्त छन् र तिनीहरुलाई नीति निर्माण सुदृढीकरण तथा संरक्षणमा सुधार ल्याउन कत्तिको प्रयोगमा ल्याइएको छ** |

| | | |
|---|---|---|
| **मूल्याङ्कनका कारका तत्वहरु** | यो सूचकलाई हरेक पक्ष राज्यले अनुगमन गरेर प्रतिवेदन पेश गरेका तीनवटा राज्यस्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ । | |
| | १०.१ आईसीएचका विशेष पक्षहरुसम्मको पहुँचलाई नियमन गर्ने प्रथागत अभ्यासहरुलाई सम्मान गर्दै अभिलेखीकरण र अनुसन्धानबाट प्राप्त नतिजाहरु समुदाय, समूह एवं व्यक्तिहरुका लागि पहुँचयोग्य बनाइएका छन् । | धारा १३(डी)(ii) ओडी ८५, ओडी १०१ (सी) ओडी १५३(बी) (iii) ईपी ५ |
| | १०.२ आईसीएच सम्बन्धी अनुसन्धान, अभिलेखीकरण र वैज्ञानिक, प्राविधिक एवं कला सम्बन्धी अध्ययनबाट प्राप्त नतिजाहरुलाई विभिन्न क्षेत्रहरुमा नीति निर्माण सुदृढीकरणका लागि उपयोग गरिएको छ । | ओडी १५३(बी) (ii) |
| | १०.३ आईसीएच सम्बन्धी अनुसन्धान, अभिलेखीकरण र वैज्ञानिक, प्रावि( वधिक एवं कला सम्बन्धी अध्ययनबाट प्राप्त नतिजाहरुलाई संरक्षण कार्यमा सुधार ल्याउनमा प्रयोग गरिएको छ । | धारा २.३ र १३ (सी) |

| | |
|---|---|
| **दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध** | **दिगो विकास लक्ष्यहरु:** प्रस्तुत सूचकले सूचनाको सार्वजनिक पहूँचमाथि ध्यान दिने क्रममा दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्य (एसडीजी टार्गेट) १६.१० लाई सहयोग गर्दछ, साथै यसले एसडीजी टार्गेट १७.१४ लाई पनि सहयोग पुऱ्याउँदछ, जसले दिगो विकास अनुरुप हुने गरी नीतिहरुमा सुधार ल्याउन अभिप्रेरित गर्दछ । यो सूचकले 'विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको रक्षा र संरक्षण गर्ने प्रयासहरुलाई सुदृढ पार्ने' एसडीजी टार्गेट ११.४ लाई पनि सम्बोधन गर्दछ ।<br>**अन्य सूचकहरुसँगको सम्बन्ध:** यो सूचकले अनुसन्धान एवं अभिलेखीकरणका उपलब्धी र प्रभावहरु, खास गरेर, तिनीहरुलाई संरक्षण र नीति निर्माण कार्यमा सुधार ल्याउनमा कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरामा जोड दिन्छ । यसरी, यसले सूचक ९ को परिपूरकका रुपमा समेत काम गर्दछ, जसले अनुसन्धान र अभिलेखीकरणका प्रक्रियाहरु र तिनीहरुलाई उत्तम तरिकाले कसरी गर्न सकिन्छ भन्ने कुरामा विशेष ध्यान केन्द्रित गर्दछ । दुवै सूचकहरुले अभिलेखीकरणका लागि संस्थाहरुलाई प्रोत्साहित गर्नु पर्ने कुरासँग सम्बन्धित सूचक १ र अभिलेखीकरणको (अनुभव) आदान-प्रदानका माध्यमबाट अन्तर्राष्ट्रिय सहयोग प्रबर्द्धन गर्ने विषयसँग सरोकार राख्ने सूचक २४ लाई सहयोग पुऱ्याउँदछन् । यसका अतिरिक्त संस्कृति र शिक्षा लगायत विभिन्न क्षेत्रहरुमा नीति निर्माणका बारेमा सरोकार राख्ने सूचक ११, १२ र १३ सँग समेत यसको अनोन्याश्रित सम्बन्ध छ । |

| | |
|---|---|
| **कार्यक्रमको औचित्य** | महासन्धिले अनुसन्धान र अभिलेखीकरणलाई विशेष रुपले संरक्षण गर्ने उपायहरुका रुपमा वकालत गर्दछ (धारा २.३) । यस्ता अन्य उपायहरुमा जस्तै यस्ता कार्यहरुमा पनि यथासम्भव समुदाय, समूह र व्यक्तिहरुको व्यापक सहभागिता हुनु पर्दछ (धारा १५) । धेरै उदाहरणहरुले आईसीएचकर्मीहरुले उनीहरुका आफ्ना अभ्यास र हस्तान्तरणलाई सुदृढ पार्न विद्यमान अनुसन्धान र अभिलेखीकरणको उपयोग कसरी गरिरहेका छन् भन्ने दर्शाउँछन् । त्यसैले महासन्धिले अुसन्धानसम्मको व्यापक पहुँचलाई प्रबर्द्धन गर्दछ । यसो गर्दा सम्पदाका विशेष पक्षहरुको पहुँचलाई सीमित पार्न सक्ने समुदायका प्रथागत प्रचलनहरुलाई भने सम्मान गर्नु पर्दछ । अनुसन्धान र अभिलेखीकरणका साथै वैज्ञानिक, प्राविधिक र कला सम्बन्धी अध्ययनका लागि महत्वपूर्ण स्रोत हुन्, जसले खास गरेर संरक्षण सम्बन्धी विभिन्न कार्यक्रमहरुले के कस्तो असर र प्रभाव पारेका छन् भनेर पत्ता लगाउँदै नीति निर्माणमा सुझाव दिन सक्छन् । |
| **मुख्य शब्दावलीहरु** | • पहुँच (वस्तुसूची र/वा अभिलेखीकरण वा अनुसन्धानबाट प्राप्त नतिजाहरुसम्मको)<br>• समुदाय, समूह वा, कतिपय अवस्थाहरुमा, व्यक्तिहरु<br>• प्रथागत अभ्यास/प्रचलनहरु<br>• वैज्ञानिक, प्राविधिक तथा कला सम्बन्धी अध्ययन<br>• अन्तर-क्षेत्र नीति निर्माण |

# अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

**अनुगमनका फाइदाहरु**

राष्ट्रियस्तरमा गरिने अनुगमनले राज्यलाई समुदाय, समूह र व्यक्तिहरुले आफ्ना आईसीएच अभ्यास तथा हस्तान्तरणलाई मजबुत बनाउन अनुसन्धान एवं अभिलेखीकरणबाट कत्तिको फाइदा उठाउन सकेका छन् भनेर मूल्याङ्कन गर्न सहयोग गर्दछ । यस्तो अनुगमनले नीति निर्माणकर्ताहरुले पनि सम्बन्धित नीतिहरु बनाउँदा अनुसन्धान एवं अभिलेखीकरणबाट यसरी नै लाभ उठाइरहेका छन् कि छैनन् भनेर पत्ता लगाउन सक्छ । यसले नीतिका माध्यमबाट वा समुदायको अभ्यास मार्फत संरक्षण कार्यलाई सुदृढ पार्ने थप अवसरहरु पनि छन् कि भनेर पत्ता लगाउन सक्छ । यसका साथै, अनुगमनले नीति निर्माणमा सहयोग पुऱ्याउन उपयोगी हुन सक्ने कुन कुन क्षेत्रहरु हुन सक्छन् भनेर अनुसन्धानका लागि आर्थिक सहयोग प्रदान गर्ने निकायहरुलाई सुझाव दिन सक्छ । विश्वस्तर मा, अनुगमनले खास राज्यका आवश्यकता अनुरुप उपयोगमा ल्याउन सकिने राम्रा अभ्यासहरुको पहिचान गर्न, र अन्तर्राष्ट्रिय सहायता पत्ता लगाउन सक्छ ।

**सूचनाहरुको स्रोत तथा सूचना सङ्कलन**

अनुसन्धान र अभिलेखीकरण कार्यक्रम सञ्चालन गर्ने संस्थाहरुका प्रतिवेदन र प्रकाशनहरु यो सूचकका महत्वपूर्ण स्रोतहरु हुन् । अनुसन्धानकर्ताहरुका सञ्जाल वा व्यवसायिक संस्थाहरुले पत्र-पत्रिका र बुलेटिन प्रकाशन गर्ने वा नियमित बैठकहरु सञ्चालन गरेका हुन सक्छन्, जसका माध्यमबाट उनीहरुले आफ्ना क्रियाकलापहहरुका बारेमा प्रतिवेदन बुझाउने एवं उनीहरुले प्राप्त गरेका नतिजाहरुको पहुँचलाई व्यापकरुपमा प्रबर्द्धन गर्ने गर्दछन् । राज्यसँग नीति निर्माताहरु, विज्ञ र समुदायका सदस्यहरुलाई सँगसँगै ल्याउने परामर्शी निकाय वा समन्वयकारी संयन्त्र भएमा यस्तो निकाय वा संयन्त्र अनुसन्धान र अभिलेखीकरणका साथै वैज्ञानिक, प्राविधिक र कला सम्बन्धी अध्ययनको उपयोग तथा प्रभावलाई मूल्याङ्कन गर्ने मञ्च बन्न सक्छ ।

**सम्भाव्य सूचनाका स्रोतहरु**

- सम्बद्ध अनुसन्धान एवं अभिलेखीकरण संस्थाहरुका आवधिक प्रतिवेदनहरु
- आर्थिक सहयोग प्रदान गर्ने राष्ट्रिय निकायहरुको बार्षिक राष्ट्रिय अनुसन्धान बजेट र प्रतिवेदन
- पेशागत संघ संस्थाहरुका गतिविधिबारे जानकारी दिने पत्रिकाहरु, बुलेटिन वा अनुसन्धानकर्ताहरुका सञ्जालहरु
- प्रदर्शनीका सूचीपत्रहरु (catalogues), सम्मेलनको एजेण्डा वा अभिलेख, वा अन्य सार्वजनिक प्रस्तुती तथा कार्यक्रमहरुका बारेमा उल्लेख गरिएका कागजपत्रहरु
- अभिलेखालय वा अभिलेखीकरण गर्ने अन्य संस्थाहरुका सार्वजनिक पहुँच नीति एवं नियमावलीहरु

# संक्षिप्त विवरण एवं औचित्य

| | |
|---|---|
| **सूचक** | **११ संस्कृतिका क्षेत्रका नीति तथा कानूनी एवं प्रशासकीय उपायहरुले आईसीएचको विविधता र यसको संरक्षणको महत्वलाई के कति प्रतिविम्वित गरेका छन् र तिनीहरुको कार्यान्वयन कस्तो भइरहेको छ** |

| | | |
|---|---|---|
| **मूल्याङ्कनका कारका तत्वहरु** | यो सूचकलाई हरेक पक्ष राज्यले अनुगमन गरेर प्रतिवेदन पेश गरेका चारवटा राज्य स्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ : | |
| | ११.१ आईसीएच र यसको संरक्षणलाई समावेश गर्ने तथा यसको विविवधता लाई प्रतिविम्वित गर्ने साँस्कृतिक नीति र/वा कानूनी तथा प्रशासकीय उपायहरु बनाइएको वा परिमार्जन गरिएको तथा तिनको कार्यान्वयन गरिएको छ। | धारा १३ (ए) ओडी १५३ (बी) (i) ओडी १७१(डी) |
| | ११.२ सूचीकृत गरिएका वा नगरिएका विशेष सम्पदा तत्वहरुका संरक्षण योजना लगायत आईसीएचको संरक्षणसँग सम्बन्धित राष्ट्रिय वा प्रादेशीक/स्थानीय रणनीतिहरु र/वा कार्ययोजनाहरु, बनाइएको वा परिमार्जन गरिएको तथा तिनको कार्यान्वयन गरिएको छ। | ओडी १, ओडी २ |
| | ११.३ संस्कृति र साधारणतया सम्पदाका लागि उपलब्ध गराइने समग्र सहयोग का हकमा, तत्काल संरक्षणको आवश्यकता भएका भनि पहिचान गरिएका सम्पदाहरुलाई प्राथमिकतामा राख्नु पर्ने कुरालाई ध्यानमा राख्दै, समतामूलक तवरले सूचीकृत गरिएका वा नगरिएका, आईसीएच तत्वको संरक्षणका लागि सार्वजनिक वित्तीय र/वा प्राविधिक सहयोग प्रदान गरिएको छ। | |
| | ११.४ आईसीएच र यसको संरक्षणलाई समावेश गर्ने साँस्कृतिक नीतिहरु र/वा कानूनी तथा प्रशासकीय उपायहरु समुदाय, समूह र व्यक्तिहरुको सक्रिय सहभागिताका आधारमा बनाइएका हुन्। | धारा १५ |

| | |
|---|---|
| **दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध** | **दिगो विकास लक्ष्य:** यदि संस्कृतिलाई दिगो विकासका आर्थिक, सामाजिक तथा वातावरणीय आयामहरुलाई क्षमतावान बनाउने कारक तत्वका रुपमा मान्ने हो भने यसले दिगो विकासका व्यापक लक्ष्यहरुमा साँस्कृतिक नीतिहरुले प्रभाव पार्न सक्छन् भन्ने अर्थ दिन्छ। यस्तो सन्दर्भलाई विचार गर्दा, आईसीएचको संरक्षणले दिगो कृषि (एसडीजी २), स्वास्थ्य र समृद्ध जीवनस्तर (एसडीजी ३), स्वच्छ पानी र सरसफाइ (एसडीजी ६), जैविक विविधता (एसडीजी १५) लगायतका दिगो विकास लक्ष्यहरु (एसडीजी)को प्राप्तीमा योगदान पुर्‍याउँछ। यद्यपि प्रस्तुत सूचकलाई विशेष गरेर 'सबै तहमा जवाफदेही, समावेशी, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णय प्रक्रियाको सुनिश्चित गर्ने' दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्य (एसडीजी टार्गेट) १६.७ का साथै दिगो विकासका लागि सुदृढ नीतिगत सुसंगतीका लागि आह्वान गर्ने एसडीजी टार्गेट १७.१४ लाई सहयोग पुर्‍याउने सूचकका रुपमा बुझ्न सकिन्छ। त्यसरी नै अन्य सबै सूचकहरुले जस्तै यसले पनि 'विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको सुरक्षा एवं संरक्षण गर्न प्रयासहरुलाई सुदृढ पार्ने' एसडीजी टार्गेट ११.४ लाई सम्बोधन गर्दछ। |

| | |
|---|---|
| | **अन्य सूचकहरुसँगको सम्बन्ध:** नीतिगत, कानूनी र प्रशासनिक उपायहरुलाई सम्बोधन गर्ने चारवटा पूरक सूचकहरु (११-१४) छन् । प्रस्तुत सूचक ११ ले संस्कृतिको क्षेत्रलाई सम्बोधन गर्दछ; सूचक १२ ले शिक्षामाथि प्रकाश पार्दछ; सूचक १३ ले दिगो विकासका अन्य क्षेत्रहरुसँग सरोकार राख्दछ । यिनीहरुमध्येको चौथो सूचक १४ यी सबैसँग सम्बन्धित छ जसले यी सबै क्षेत्रहरुमा रहेका नीतिगत, कानूनी र प्रशासनिक उपायहरुले प्रथाजन्य अधिकार, अभ्यास र अभिव्यक्तिहरुलाई कत्तिको सम्मान गर्दछन् भनेर हेर्दछ । प्रस्तुत सूचकले साँस्कृतिक संस्थाका साथै तिनका कर्मचारीहरुमाथि विशेष ध्यान दिन्छ भने कार्यक्रम र क्रियाकलापहरु सूचक १-३, ७-१० र १५-२५ का विषयहरु हुन् । सूचक १० ले अनुसन्धान र अभिलेखीकरणलाई विभिन्न क्षेत्रमा नीति निर्माणका क्रममा कसरी प्रयोग गरिएको छ भनेर ध्यान दिन्छ भने सूचक १० ले नीति तथा कार्यक्रमहरुले अभ्यासकर्ता र संवाहकहरुलाई कसरी मान्यता दिएका छन् भनेर हेर्दछ । |
| **कार्यक्रमको औचित्य** | धारा १३ (ए) ले पक्ष राज्यहरुलाई 'समाजमा अमूर्त सांस्कृतिक सम्पदाको कार्यप्रवर्द्धन गर्ने तथा त्यस्ता सम्पदाको संरक्षणलाई योजनावद्ध कार्यक्रमहरूमा एकीकृत गर्ने उद्देश्यले एउटा सामान्य नीति अङ्गीकार गर्ने' कार्यका लागि अभिप्रेरित गर्दछ । यस्तो नीति बनाउने तथा योजना निर्माण गर्ने कार्यको प्रारंभिक क्षेत्र साँस्कृतिक क्षेत्र हुन सक्दछ । यी नीति तथा योजनाहरु वास्तवमा कार्यान्वयन भए नभएको वा के कत्तिको मात्रामा कार्यान्वयन भइरहेका छन् भनेर थाहा पाउनु महत्वपूर्ण हुन्छ । यस्ता नीति तथा योजनाहरु आईसीएचलाई वृहत साँस्कृतिक नीतिहरुमा समावेश गर्ने साधारण उपायहरु हुन सक्छन् (कारक तत्व ११.१) वा तिनीहरु सामान्यतया आईसीएच वा आईसीएचको विशिष्ट तत्वलाई संरक्षण गर्ने रणनीति वा कार्य योजनाको (कारक तत्व ११.२) रुपमा प्रस्तुत भएका पनि हुन सक्छन् । सूचीकृत भएको वा नभएको आईसीएचको विशिष्ट तत्वलाई ध्यानमा राख्दै, कारक तत्व ११.३ ले राज्यहरुलाई आईसीएच संरक्षणका लागि आर्थिक र/वा प्राविधिक सहयोग प्रदान गर्न उत्प्रेरित गर्दछ । यसो गर्दा वस्तुसूचीकरण वा अन्य माध्यमबाट तत्कालै संरक्षण गर्नु पर्ने आवश्यकता भएका भनेर पहिचान गरेका तत्वहरुलाई विशेष ध्यान दिनु पर्दछ । अन्त्यमा, कारक तत्व ११.४ ले धारा १५ अनुसार समुदाय, समूह र व्यक्तिहरु आईसीएचको संरक्षण तथा व्यवस्थापनमा कत्तिको सक्रिय भएर लागि परिरहेका छन् भनेर हेर्दछ । |
| **मुख्य शब्दावलीहरु** | • नीतिहरु<br>• कानूनी उपायहरु<br>• प्रशासनिक उपायहरु<br>• विविधता (आईसीए र यसका अभ्यासकर्ताहरुको)<br>• आईसीएचका तत्वहरु<br>• सूचीकृत (गरिएको वा नगरिएको)<br>• सहभागिता वा संलग्नता<br>• समुदाय, समूह वा, कतिपय अवस्थाहरुमा, व्यक्तिहरु |

# अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

**अनुगमनका फाइदाहरु**

नीति तथा कानूनी एवं प्रशासनिक उपायहरुको अनुगमन तिनीहरुको प्रभावकारीता दर्शाउने एउटा महत्वपूर्ण माध्यम हो । नीतिहरुलाई कार्यान्वयनमा ल्याइए पछि मात्रै ती यथार्थापरक तथा प्राप्त गर्न सकिने छन् वा तिनीहरुलाई परिवर्तन वा संशोधन गर्नु पर्ने हो भनेर थाहा हुन्छ । विशिष्ट रणनीतिहरु तथा कार्य योजनाको अनुगमनबाट राम्रा अभ्यासहरु पत्ता लगाउन वा अप्रभावकारी तथा सुधार गर्नु पर्ने वा छाड्नु पर्ने प्रयासहरुको जानकारी पाउन सकिन्छ । यसले नीतिमा भएका कमिकमजोरीहरु पत्ता लगाउन सक्छ जसलाई सम्बोधन गर्नु पर्ने हुन सक्छ । नीति निर्माण प्रक्रिया स्वयंको अनुगमनबाट आईसीएचको व्यवस्थापनमा समुदाय, समूह र व्यक्तिहरुको वृहत सहभागिताको सम्भाव्यतामा बाधा व्यवधान पुऱ्याउन सक्ने कुनै अवरोधहरु छन् कि भनेर जानकारी लिन तथा त्यस्ता अवरोधहरुलाई परास्त गर्ने उपायहरु समेत पत्ता लगाउन सकिन्छ । विश्वस्तरमा गरिने यस्ता अुनगमनबाट महासन्धिलाई राज्यहरुको नीतिगत प्रारुपमा कत्तिको राम्रोसँग समावेश गरिएको छ भनेर पत्ता लगाउन तथा यसका राम्रा नमूनाहरु पहिचान गर्न सकिन्छ ।

**सूचनाहरुको स्रोत तथा सूचना सङ्कलन**

सामान्यतया संस्कृतिको क्षेत्रका नीतिहरु एवं कानूनी तथा प्रशासनिक उपायहरु बनाउने कार्य संस्कृति मन्त्रालयले गर्दछ । यस्ता उपायहरु साँस्कृतिक सम्पदा (वा खासगरेर अमूर्त साँस्कृतिक सम्पदा) का बारेमा बनाइएका राष्ट्रिय कानूनहरु देखि लिएर विभिन्न प्रकारका प्रशासनिक नियमावलीहरुसम्म हुन सक्छन् । नीतिहरु सामान्यतया यस्ता कानून अनुसार र नियमित योजना चक्र (उदाहरणका लागि, पञ्च वर्षीय वा दस बर्षीय योजना) का आधारमा बनाइन्छ । विशिष्ट सम्पदाका लागि बनाइने योजना लगायत आईसीएच संरक्षणका प्रादेशिक/क्षेत्रीय रणनीतिहरु वा कार्ययोजनाहरु केन्द्रीय मन्त्रालयको प्रत्यक्ष निगरानी बिना पनि बनाइएका हुन सक्छन् । राज्यसँग परामर्शी निकाय वा समन्यवकारी संयन्त्र (मूल्याङ्कनको कारक तत्व १.३) भएमा, त्यस्तो निकाय वा संयन्त्रले संरक्षण कार्य योजनामा भइरहेको प्रगतीको विवरण राख्न सक्छ । यदि संरक्षणका लागि सार्वजनिक वित्तीय र/वा प्राविधिक सहयोग प्रदान गर्ने हो भने आर्थिक सहयोग प्रदान गर्ने निकायले त्यसको अभिलेख राख्नु पर्दछ । नीति निर्माण प्रक्रियामा समुदाय, समूह तथा व्यक्तिहरु कत्तिको सहभागी हुन्छन् भन्ने कुरा यस्ता सहभागिताका लागि बनाइएका स्पष्ट निर्देशिका वा आवश्यकताले निर्धारण गर्दछन् वा नीति निर्माण प्रक्रियाका लागि गुणात्मक अवलोकन पनि चाहिन सक्छ ।

**सम्भाव्य सूचनाका स्रोतहरु**

- औपचारिक राजपत्र/जर्नल वा कानून तथा कानूनी नियमावलीहरुको संग्रह
- संस्कृति मन्त्रालय वा विधायक निकायका नीतिगत कागजपत्रहरु
- संस्कृति मन्त्रालय र/वा आर्थिक सहयोग प्रदान गर्ने अन्य निकायहरुले आईसीएच संरक्षणका लागि छुट्याएको बजेट तथा कार्ययोजना
- तत्काल संरक्षण गर्नु पर्ने सूची वा प्रतिनिधिमूलक सूचीमा सूचीकृत गर्ने प्रस्ताव गरिएका सम्पदाहरुको मनोनयन फाइल
- राष्ट्रियस्तरको सूची वा रजिस्टरमा समावेश गर्नका लागि प्रस्ताव गरिएका सम्पदा तत्वहरुको मनोनयन फाइल, यस्ता फाइलहरुमा समावेश गर्नका लागि संरक्षण योजना पनि चाहिने हुन सक्छ
- नीति निर्माण प्रक्रियामा समुदाय, समूह तथा व्यक्तिहरुको सहभागिता के कस्तो छ भनेर मूल्याङ्कन गर्न सञ्चालन गरिएका सर्वेक्षण वा अुसन्धानहरु

# संक्षिप्त विवरण एवं औचित्य

| | |
|---|---|
| **सूचक** | **१२ शिक्षाको क्षेत्रमा भएका नीति तथा कानूनी एवं प्रशासनिक उपायहरुले आईसीएचको विविधता र यसको संरक्षणको महत्वलाई कत्तिको प्रतिविम्वित गरेका छन् र तिनीहरुको कार्यान्वयन कस्तो भइरहेको छ** |

| | | |
|---|---|---|
| **मूल्याङ्कनका कारका तत्वहरु** | यो सूचकलाई हरेक पक्ष राज्यले अनुगमन गरेर प्रतिवेदन पेश गरेका तीनवटा राज्यस्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ : | |
| | १२.१ अमूर्त साँस्कृतिक सम्पदाको मान्यता, यसप्रतिको सम्मान र विकास सुनिश्चित गर्न शिक्षासँग सम्बन्धित नीतिहरु र/वा कानूनी एवं प्रशासनिक उपायहरु बनाइएको वा परिमार्जित गरिएको तथा तिनीहरुको कार्यान्वयन गरिएको छ। | धारा १४ (ए) (ii) |
| | १२.२ आईसीएचको हस्तान्तरण तथा अभ्यास सुदृढीकरण गर्न शिक्षासँग सम्बन्धित नीतिहरु र/वा कानूनी एवं प्रशासनिक उपायहरु बनाइएको वा परिमार्जित गरिएको तथा तिनीहरुको कार्यान्वयन गरिएको छ। | धारा १४ (ए) (ii) |
| | १२.३ नीतिहरु र/वा कानूनी एवं प्रशासनिक उपायहरुले मातृभाषामा सिकाइ तथा बहुभाषी शिक्षाको प्रबर्द्धन गर्दछन। | धारा १४ (ए) (ii)<br>ओडी १०७ |

| | |
|---|---|
| **दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध** | **दिगो विकास लक्ष्य:** आईसीएच संरक्षणलाई नीति निर्माण प्रक्रियामा समावेश गर्ने कुराको प्रबर्द्धन गरेर यस सूचकले दिगो विकास लक्ष्य १ (सवैप्रकारको गरीवीलाई सबैठाउँबाट अन्त्य गर्ने) र खास गरेर गरिवी अन्त्यका लागि कार्यक्रम तथा नीतिहरुको कार्यान्वयनका बारेमा चर्चा गर्ने दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्य (एसडीजी टार्गेट) १ ए को प्राप्तीमा योगदान दिन्छ। शैक्षिक नीतिमा विशेष जोड दिएर यो सूचीले एसडीजी टार्गेट ४.७ लाई प्रत्यक्ष सहयोग पुऱ्याउँछ, जसले दिगो विकासका लागि शिक्षा र 'दिगो विकासका लागि साँस्कृतिक विविधता र संस्कृतिले पुऱ्याएको योगदानको कदर' गर्नु पर्ने कुरासँग सरोकार राख्दछ। थप यसलाई दिगो विकासका लागि नीतिगत एकरुपतामा सुधार ल्याउन आह्वान गर्ने एसडीजी टार्गेट १७.१४ लाई सहयोग पुऱ्याउने सूचकका रुपमा बुझ्न सकिन्छ। त्यसरी नै अन्य सबै सूचकहरुले जस्तै यसले पनि 'विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको सुरक्षा एवं संरक्षण गर्न प्रयासहरुलाई सुदृढी पार्ने' एसडीजी टार्गेट ११.४ लाई सम्बोधन गर्दछ।<br>**अन्य सूचकहरुसँगको सम्बन्ध:** आईसीएच र नीतिहरुसँग सरोकार राख्ने चारवटा सूचीहरु (सूची ११–१४) मध्ये प्रस्तुत सूची शिक्षा क्षेत्रका नीति तथा कानूनी र प्रशासनिक उपायहरुसँग सम्बन्धित छ। नीतिगत आयामहरुमा जोड दिँदै यसले सूची ४–६ को परिपूरकका रुपमा समेत काम गर्दछ, जसले शिक्षा कार्यक्रम तथा क्रियाकलापहरुलाई सम्बोधन गर्दछन्। |

| | |
|---|---|
| **कार्यक्रमको औचित्य** | महासन्धिमा आईसीएचप्रतिको सम्मान सुनिश्चित गर्ने तथा यसको महत्वका बारेमा चेतना अभिवृद्धि गर्ने साधनका रुपमा लिइएको छ (धारा १)। यसका साथै आईसीएच हस्तान्तरणमा सहयोग गरेर यसको संरक्षण गर्ने (धारा २.३) एउटा महत्वपूर्ण साधनका रुपमा शिक्षालाई विशेष जोड दिइएको छ। महासन्धिको धारा १४ (ए) ले 'समाजमा अमूर्त साँस्कृतिक सम्पदाको मान्यता, यसप्रतिको सम्मान र यसको विकास सुनिश्चित' गर्ने साधनका रुपमा 'सम्बन्धित समुदाय तथा समूहमा विशिष्ट प्रकारका शैक्षिक तथा तालिम कार्यक्रमहरुको' वाञ्छनीयतालाई समेत जोड दिएको छ। अमूर्त साँस्कृतिक सम्पदाका लागि शैक्षिक क्षेत्रमा प्रभावकारी तथा दिगो कार्यक्रम र क्रियाकलापहरुको डिजाइन, विकास, संप्रेषण र कार्यान्वयन गर्न उपयुक्त नीतिहरु र/वा कानूनी तथा प्रशासनिक उपायहरु बनाउनु महत्वपूर्ण हुन्छ। |
| **मुख्य शब्दावलीहरु** | • नीतिहरु<br>• कानूनी उपायहरु<br>• प्रशासनिक उपायहरु<br>• विविधता (आईसीए र यसका अभ्यासकर्ताहरुको)<br>• आईसीएचका तत्वहरु<br>• सूचीकृत (गरिएको वा नगरिएको)<br>• सहभागिता वा संलग्नता<br>• समुदाय, समूह वा, कतिपय अवस्थाहरुमा, व्यक्तिहरु |

# अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

| | |
|---|---|
| **अनुगमनका फाइदाहरु** | संस्कृतिको क्षेत्रमा भएका नीतिहरु र/वा कानूनी एवं प्रशासनिक उपायहरु (सूचक ११) मा जस्तै, शिक्षा नीति र कानूनी तथा प्रशासनिक उपायहरुको महत्व र प्रभावकारीताको मूल्याङ्कन गर्न अनुगमन अपरिहार्य हुन्छ। यसका साथै, नीति तथा उपायहरुलाई साँच्चिकै कार्यान्वयनमा ल्याए पछि मात्रै तिनीहरुयथार्थपरक र प्राप्त गर्न सकिने छन् कि छैनन् वा देशको यथार्थतासँग राम्रोसँग मिल्ने गरी परिवर्तन वा परिमार्जन गर्नु पर्दछ भनेर औंल्याउन सकिन्छ। वृहत नीतिगत प्रारुपको अनुगमनले यस्ता नीतिहरुको सबैभन्दा ठूलो प्रभाव कहाँ परेको छ भनेर तिनीहरुले समेट्ने एक-एक कार्यक्रम तथा क्रियाकलापहरुलाई सहयोग पुऱ्याउन सक्छ (सूची ४-६सँग तुलना गर्नुहोस्)। विश्वस्तरमा यो सूचीले विभिन्न राज्यहरुका विशिष्ट नीतिगत परिवेशहरुमा अवलम्बन गर्न सकिने राम्रा अभ्यासहरु पत्ता लगाउन तथा यस्ता प्रयासहरुको सुदृढीकरण गर्न अन्तर्राष्ट्रिय सहायताको आवश्यकता रहेको कुरालाई समेत औल्याँउन सक्छ। |

| | |
|---|---|
| **सूचनाहरुको स्रोत तथा सूचना सङ्कलन** | अनुगमन र प्रतिवेदनका लागि जिम्मेवार व्यक्ति तथा संस्थाहरुले शिक्षा मन्त्रालय र/वा उच्च शिक्षा मन्त्रालयका समकक्षी कर्मचारीहरुसँग निकट रहि काम गर्ने चाहना राख्न सक्छन्। माथिल्लो तहमा, शिक्षा सम्बन्धी कानून तथा प्रमुख नीतिहरु आधिकारिक जर्नलमा प्रकाशित भएका हुन सक्छन्; अझै विशिष्ट कानूनी तथा प्रशासनिक उपायहरु सम्बन्धित मन्त्रालयको वेवसाइटमा प्रकाशित भएका हुन सक्छन्। राज्यमा परामर्शी निकाय वा समन्वयकारी संयन्त्र भएमा त्यसमा शिक्षा क्षेत्रका सदस्यहरु समावेश गरिएको हुन सक्छ, शिक्षा सम्बन्धी नीति तथा उपायहरुसँग सम्बन्धित सूचनाका लागि उनीहरु महत्वपूर्ण स्रोत हुन सक्छन्। शिक्षण तथा शैक्षिक तालिम प्रदान गर्ने शैक्षिक अनुसन्धान केन्द्र वा विश्वविद्यालयहरुले शिक्षा नीतिका बारेमा अनुसन्धान गरेका हुन सक्छन्, र यस्ता नीतिहरुका साथै यस क्षेत्रमा विद्यमान कानूनी तथा प्रशासनिक उपायहरुको प्रभावकारीता र प्रभाव मूल्याङ्कन गर्ने जिम्मेवारी पाएका हुन सक्छन्।<br><br>**सम्भाव्य सूचनाका स्रोतहरु**<br><br>• आधिकारीक जर्नल वा कानून तथा कानूनी नियमावलीहरुको संग्रह<br>• शिक्षा मन्त्रालय, उच्च शिक्षा मन्त्रालय र/वा शिक्षाका लागि जिम्मेवार बैधानिक निकाय<br>• शैक्षिक नीतिहरुको अध्ययन तथा यस्ता नीतिहरुको अनुगमन गर्ने अनुसन्धान संस्था र/वा शिक्षा शास्त्रीय विश्वविद्यालयहरुले सञ्चालन गरेका सर्वेक्षण वा अनुसन्धानहरु<br>• शैक्षिक योजनाका निमित्त अन्तर्राष्ट्रिय संस्थाले तयार पारेका शिक्षा योजना तथा नीतिहरु समावेश गरिएको युनेस्कोको वेवसाइट (https://planipolis.iiep.unesco.org/)<br>• खास गरेर शिक्षामा अल्पसंख्यकहरुको भाषाका सम्बन्धमा शिक्षामा विभेद विरुद्ध युनेस्कोद्वारा सन् १९६० मा पारित महासन्धि तथा सिफारिशहरुको कार्यान्वयन सम्बन्धी राष्ट्रिय प्रतिवेदन<br>• अन्तर्राष्ट्रिय बुझाइ, सहायता र शान्ति तथा मानव अधिकार र मौलिक स्वतन्त्रता सम्बन्धी शिक्षासँग सरोकार राख्ने सन् १९७४ को सिफारिशको कार्यान्वयनका बारेमा युनेस्कोमा पेश गरिएको राष्ट्रिय प्रतिवेदन<br>• आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरु सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा १३ को कार्यान्वयन सम्बन्धी मा ECOSOC बुझाइएको राष्ट्रिय प्रतिवेदन |

# संक्षिप्त विवरण एवं औचित्य

| | | |
|---|---|---|
| **सूचक** | **१३. संस्कृति र शिक्षा बाहेकका अन्य क्षेत्रमा भएका नीतिका साथै कानूनी एवं प्रशासनिक उपायहरुले आईसीएच र यसको महत्वलाई कत्तिको प्रतिविम्वित गरेका छन् र तिनीहरुको के कस्तो कार्यान्वयन भएको छ** | |
| **मूल्याङ्कनका कारका तत्वहरु** | यो सूचकलाई हरेक पक्ष राज्यले अनुगमन गरेर प्रतिवेदन पेश गरेका पाँचवटा राज्यस्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ : | |
| | १३.१ यो सूचकलाई हरेक पक्ष राज्यले अनुगमन गरेर प्रतिवेदन पेश गरेका पाँचवटा राज्यस्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ : | ओडी १७१ (सी) ईपी |
| | १३.२ आईसीएच र यसको संरक्षणका लागि समावेशी सामाजिक विकास[१] तथा वातावरणीय दिगोपनाका लागि नीतिहरु र/वा कानूनी तथा प्रशासनिक उपायहरु बनाइएको वा परिमार्जनका लागि विचार गरिएको छ। | ओडी १७१ (डी), ओडी १७८, ओडी १७९, ओडी १८१, ओडी १८२, ओडी १८८-१९०, ओडी १९१ |
| | १३.३ प्रभावित आईसीएच समावेश गर्न तथा प्रभावित जनसमुदायलाई पहिले कै अवस्थामा फर्काउने कार्यका लागि यसको महत्व पहिचान गर्न प्राकृतिक विपद अथवा सशस्त्र द्वन्द्वको अवस्थालाई सम्बोधन गर्न नीति र/वा कानूनी तथा प्रशासनिक उपायहरु बनाइएको वा परिमार्जन गरिएको छ। | ओडी १८८, ओडी १९१, ओडी १९६ |
| | १३.४ आईसीएच र यसको संरक्षणमाथि विचार पुऱ्याउन समावेशी आर्थिक विकासका निम्ति नीतिहरु र/वा कानूनी तथा प्रशासनिक उपायहरु बनाइएको वा परिमार्जन गरिएको छ।[२] | ओडी १७१ (डी), ओडी १८३-१८६ |
| | १३.५ आईसीएचको अभ्यास र हस्तान्तरणलाई सहजीकरण गर्न तथा यसको अभ्यासका लागि आवश्यकता पर्ने प्राकृतिक तथा अन्य स्रोतहरुको उपलब्धता बढाउन अनुकूल वित्तीय वा आर्थिक उपायहरु एवं राहत कार्यक्रमहरु निर्माण गरिएको वा परिमार्जन गरिएको छ। | ओडी ७८, ओडी १८६ (बी) |

१. कार्यसञ्चालन निर्देशिका, भाग ६ का अनुसार, 'समावेशी सामाजिक विकास' मा खाद्यान्न, सुरक्षा, स्वास्थ्य स्याहार, लैङ्गिक समानता, सफा र स्वच्छ खानेपानीको पहुँच र पानीको दिगो प्रयोग पर्दछन्; गुणस्तरीय शिक्षालाई सूचक १२ मा समावेश गरिएको छ।

२. कार्यसञ्चालन निर्देशिकाको भाग ६ का अनुसार 'समावेशी आर्थिक विकास' अन्तगरत आईसीएच संरक्षणमा आय आर्जन र दिगो जीविका, उत्पादनमूलक रोजारी तथा सम्मानजनक काम र पर्यटनको प्रभाव र आईसीएच संरक्षणको यी क्षेत्रमा परेको प्रभाव पर्दछन्।

| | |
|---|---|
| **दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध** | **दिगो विकास लक्ष्यहरु:** यो सूचकले २०३० कार्यक्रमका लक्ष्य तथा परिमाणात्मक लक्ष्य (टार्गेट) लाई सहयोग नगरे तापनि आईसीएच संरक्षण आफैले दिगो विकास लक्ष्यका धेरै जसो लक्ष्यहरुको प्राप्तीमा योगदान पुऱ्याउँछ। तथापि, सुचक ११ र १२ बाट भिन्न यो सूचकले संस्कृति र शिक्षा भन्दा बाहेकका क्षेत्रहरु जस्तै दिगो कृषि (एसडीजी २), राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर (एसडीजी ३), स्वच्छ पानी र सरसफाइ (एसडीजी ६), जैविक विविधता (एसडीजी १५) लगायतका क्षेत्रहरुका योजना र कार्यक्रमहरुमा आईसीएच संरक्षणको के कस्तो प्रयोग भएको छ भनेर पत्ता लगाउन खोज्छ। यस अर्थमा, दिगो विकास लक्ष्यमा यो सूचकको संभवत वृहत उपयोगिता छ।<br>**अन्य सूचकहरुसँगको सम्बन्ध:** विभिन्न विकास क्षेत्रमा भएका विभिन्न नीति तथा कानूनी र प्रशासनिक उपायहरुमाथि विचार गर्दा, सूचक १३ ले संस्कृति क्षेत्रसँग सम्बन्धित सूचक ११ र शिक्षा क्षेत्रसँग सरोकार राख्ने सूचक १२ लाई सहयोग गर्ने देखिन्छ। त्यसरी नै सूचक १४ ले सबै क्षेत्रका नीति तथा उपायहरुका लागि वाञ्छनीय अवस्थाहरु माथि जोड दिन्छ। प्रस्तुत सूचकले नीतिगत सन्दर्भसँग सरोकार राख्दछ भने सूचक १५ र १६ खास गरेर दिगो विकासका क्षेत्रमा भएका त्यस्ता कार्यक्रम तथा योजनाहरु जसका माध्यमबाट नीतिहरुलाई कार्यमा बदल्न सकिन्छ, तिनीहरुसँग सरोकार राख्दछ। |
| **कार्यक्रमको औचित्य** | महासन्धिले प्रत्येक राज्यलाई 'समाजमा अमूर्त सांस्कृतिक सम्पदाको कार्यप्रवर्द्धन गर्ने तथा त्यस्ता सम्पदाको संरक्षणलाई योजनावद्ध कार्यक्रमहरूमा एकीकृत गर्ने उद्देश्यले एउटा सामान्य नीति अङ्गीकार गर्न' (धारा १३ ए) आह्वान गर्दछ। राज्यहरुले पनि कार्यसञ्चालन निर्देशिकाहरुको अध्याय ६ अङ्गीकार गरेका छन्, जसले आईसीएच संरक्षण र दिगो विकासकाबीचको सम्बन्धलाई सम्बोधन गर्ने (ओडी १७०-१९७) तथा कार्यक्रम तथा क्रियाकलापहरु र यस्ता कार्यक्रमहरुलाई मार्ग निर्देशन गर्न र तिनीहरुले पार्ने प्रभावलाई बढाउन नीति तथा कानूनी एवं प्रशासनिक उपायहरु बनाएर तिनीहरुको कार्यान्वयन गर्न आह्वान गर्दछन्। केहि राज्यहरुले यो सूची वा सम्बन्धित निर्देशिकामा प्रतिविम्वित भएका नीतिगत विकासलाई एकै साथ सम्पूर्ण क्षेत्रमा कार्यान्वयन गर्नेछन् भने धेरैले यहाँ पत्ता लगाएका एक वा सो भन्दा बढि क्षेत्रहरुलाई सम्बोधन गर्ने नीति तथा कानूनी एवं प्रशासनिक उपायहरु बनाउनु वा परिमार्जन गर्नु उपयोगी हुने ठान्नेछन्। |
| **मुख्य शब्दावलीहरु** | • नीतिहरु<br>• कानूनी उपायहरु<br>• प्रशासनिक उपायहरु<br>• विविधता (आईसीए र यसका अभ्यासकर्ताहरुको)<br>• अमूर्त साँस्कृतिक सम्पदा संरक्षणका नैतिक सिद्धान्तहरु<br>• समावेशी सामाजिक विकास<br>• समावेशी आर्थिक विकास<br>• आईसीएचको अभ्यासका लागि आवश्यक प्राकृतिक तथा अन्य स्रोतहरु |

# अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

| | |
|---|---|
| **अनुगमनका फाइदाहरु** | यस सूचकको अनुगमनले राज्यलाई दिगो विकास लक्षित नीति तथा कानूनी एवं प्रशासनिक उपायहरुमा आईसीएच र यसको संरक्षणलाई के कति मात्रामा समावेश गरिएको छ भनेर निर्धारण गर्न सहयोग गर्दछ । अन्य सूचकहरुले यस्ता नीतिहरुका आधारमा कार्यक्रम र क्रियाकलापहरुको कार्यान्वयनलाई सम्बोधन गर्ने भए तापनि नीतिगत परिवेश स्वयं र खास गरेर यसमा आईसीएच संरक्षणसँग सम्बन्धित राज्यका सरोकारहरु र आईसीएच संक्षणका नैतिक सिद्धान्तहरुमा उल्लेख गरिएका व्यवस्थाहरु प्रतिविम्वित भए नभएको कुरालाई अनुगमन गर्नु महत्वपूर्ण हुन्छ । आईसीएच संरक्षण र दिगो विकासकाबीच थुप्रै सम्भाव्य सम्बन्धहरु हुन सक्छन् र अनुगमनले राज्यलाई नीतिगत विकासका लागि अहिलेसम्म खोजतलास नभएका अवसरहरु पत्ता लगाउन सहयोग गर्न सक्छ । विश्वस्तरमा, अनुगमनले राज्यहरुले आईसीएच संरक्षणलाई नीति विकासमा कत्तिको रचनात्मक ढङ्गले समावेश गरिरहेका छन् भनेर बाहिर ल्याउन तथा अनुभव र दृष्टिकोणको आदान-प्रदानका सम्भाव्य क्षेत्रहरु औंल्याउन सक्छ । |
| **सूचनाहरुको स्रोत तथा सूचना सङ्कलन** | राज्यहरुले विकाससँग सम्बन्धित विभिन्न मन्त्रालयहरुका सदस्यहरु सम्मिलित एक समावेशी एवं बहु-क्षेत्रीय परामर्शी निकाय वा समन्वय संयन्त्र बनाएका हुन सक्छन् । योजना मन्त्रालय वा दिगो विकास मन्त्रालयहरुले पनि यस क्षेत्रमा नीतिहरुको वृहत सिंहावलोकन गरेका हुन सक्छन् । समन्वयकारी संयन्त्र वा यसैका लागि समर्पित मन्त्रालय नभएमा, अनुगमन र प्रतिवेदन कार्यका लागि जिम्मेवार व्यक्ति तथा संस्थाहरुले दिगो विकाससँग सम्बन्धित मन्त्रालहरुका नीतिहरु र/वा कानूनी एवं प्रसासनिक अभिलेखहरु अध्ययन गर्नु पर्ने हुन सक्छ ।<br>**सम्भाव्य सूचनाका स्रोतहरु**<br>• आधिकारिक जर्नल वा कानून तथा कानूनी नियमावलीहरुको संग्रह<br>• दिगो विकास र खास गरेर कार्य-सञ्चालन निर्देशिकाको अध्याय ६ मा उल्लेख गरिएका क्षेत्रहरुमा सक्रिय संलग्न सम्बन्धित मन्त्रालयहरुका नीतिगत कागजपत्रहरु<br>• दिगो विकासमा संलग्न सम्बन्धित मन्त्रालयहरुका बजेट तथा आर्थिक प्रतिवेदनहरु<br>• पञ्च-वर्षीय वा दश बर्षीय योजना जस्ता राष्ट्रिय दिगो विकास रणनीति<br>• विपद जोखिम न्यूनीकरणसँग सम्बन्धित राष्ट्रिय तथा स्थानीय योजनाहरु र यस्ता योजनाहरुको अनुगमन प्रतिवेदन<br>• विकास नीतिको अध्ययन गर्ने अनुसन्धान संस्थाहरुले गरेका सर्वेक्षण वा अनुसन्धानहरु |

# संक्षिप्त विवरण एवं औचित्य

| | | |
|---|---|---|
| **सूचक** | **१४. नीतिहरुका साथै कानूनी एवं प्रशासनिक उपायहरुले खास गरेर आईसीएचको अभ्यास र हस्तान्तरणका सम्बन्धमा प्रथाजन्य अधिकार, अभ्यास र अभिव्यक्तिहरुलाई के कति सम्मान गरेका छन्** | |
| **मूल्याङ्कनका कारका तत्वहरु** | यो सूचकलाई हरेक पक्ष राज्यले अनुगमन गरेर प्रतिवेदन पेश गरेका तीनवटा राज्यस्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ : | |
| | १४.१ अरु कसैले आईसीएचलाई व्यापारिक प्रयोजनका लागि प्रयोग गर्ने बेलामा सम्बद्ध आईसीएच अभ्यासकर्ता, संवाहक र उनीहरुको समुदायलाई बौद्धिक सम्पत्ति माथिको अधिकार र गोपनीयताको अधिकार जस्ता कानूनी संरक्षणहरु प्रदान गरिएको छ । | ओडी १०४ ओडी १७३ |
| | १४.२ आईसीएचको अभ्यास र हस्तान्तरणका लागि आवश्यक भूमी, समुद्र, वन पर्यावरणमाथि समुदाय एवं समूहको प्रथाजन्य अधिकारको महत्वलाई नीति र/वा कानूनी तथा प्रशासनिक उपायहरुमा मान्यता दिइएको छ । | ओडी १७८ (सी) |
| | १४.३ झै-झगडाको रोकथाम तथा शान्तिपूर्ण तवरले द्वन्द्व समाधानमा योगदान पुऱ्याउने अमूर्त साँस्कृतिक सम्पदाका अभिव्यक्ति, अभ्यास र प्रतिनिधित्वलाई नीति र/वा कानूनी एवं प्रशासनिक उपायहरुले मान्यता दिन्छन् । | ओडी १९४, ओडी १९५ |
| **दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध** | **दिगो विकास लक्ष्य:** यो सूचक दिगो विकासका विभिन्न लक्ष्य एवं परिमाणात्मक लक्ष्यहरुसँग मिल्दछ । परम्परागत ज्ञानको संरक्षण गर्ने सवालसँग चासो राखेर मूल्याङ्कन कारक तत्व १४.१ ले ‘ उत्पत्तिसम्बन्धी स्रोत र सम्बन्धित परम्परागत ज्ञानको उपयोगिताबाट प्राप्त लाभहरुसम्मको पहूँच र तिनीहरुको निष्पक्ष र समतामूलक वितरण’ को वकालत गर्ने दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्य (एसडीजी टार्गेट) २.५ र यसैसँग मिल्दोजुल्दो भाषा प्रयोग भएको एसडीजी टार्गेट १५.६ को परिपूरकका रुपमा काम गर्दछ । खास गरेर महिलाहरुका प्रथागत अधिकारहरुलाई एसडीजी टार्गेट ५ (ए) मा चर्चा गरिएको छ, जसले ‘भूमी ...र प्राकृतिक स्रोतमाथिको स्वामित्व र निय(न्त्रणमा उनीहरुको पहुँच’ का बारेमा उल्लेख गर्दछ । मूल्याङ्कन कारक तत्व १४.३ ले एसडीजी १६ (ए) लाई सहयोग गर्दछ जसले ‘हिंसाको रोकथामका लागि ...सबै तहमा क्षमता अभिवृद्धि गर्ने’ विषयसँग सरोकार राख्दछ । समग्रमा सूचक १४ ले एसडीजी टार्गेट १७.१४ (‘दिगो विकासका लागि नीतिगत एकरुपतामा सुधार ल्याउने’) र एसडीजी टार्गेट १७.१५ (‘गरीवी निवारण र दिगो विकासका लागि नीति निर्माण तथा तिनको कार्यान्वयन गर्न हरेक देशहरुको नीतिगत क्षेत्र र नेतृत्वलाई सम्मान गर्ने’) लाई सम्बोधन गर्दछ । प्रस्तुत सूचकले एसडीजी टार्गेट ११.४ लाई पनि सम्बोधन गर्दछ जसले ‘विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको सुरक्षा एवं संरक्षण गर्ने प्रयासहरुलाई सदृढ पार्ने’ लक्ष्य लिएको छ । | |

**अन्य सूचकहरुसँगको सम्बन्ध:** प्रस्तुत सूचकले क्रमशः सँस्कृति (सूचक ११), शिक्षा (सूचक १२) र अन्य दिगो विकास (सूचक १३) का क्षेत्रहरुमाथि जोड दिने नीतिहरुसँग सरोकार राख्ने अन्य सूचकहरुको परिपूरकका रुपमा काम गर्दछ। यहाँ नीतिमा समावेश हुने विषयवस्तु भन्दा पनि नीतिगत सन्दर्भमा जोड दिइएको छ भने सूचक १५ र १६ ले कार्यक्रम र योजनाहरु माथि ध्यान दिन्छन्, जसका माध्यमबाट खासगरेर दिगो विकासका क्षेत्रमा उक्त नीतिहरुलाई कार्यसम्पादनमा रुपान्तरित गरिन्छ। सूचक १७ ले उनीहरुको आईसीएचका बारेमा चेतना अभिवृद्धि गर्ने प्रयासहरुका सन्दर्भमा समुदाय, समूह एवं व्यक्तिहरुको अधिकारको संरक्षण गर्ने विषयसँग सरोकार राख्दछ।

**कार्यक्रमको औचित्य**

प्रस्तुत सूचक महासन्धिको धारा १३ (ए) सँग मिल्दछ जसले 'आईसीएचलाई योजनावद्ध कार्यक्रमहरूमा एकीकृत गर्ने' कुराको महत्वमाथि चर्चा गर्दछ। विश्वभरका धेरै देशहरुले उनीहरुका वृहत कानूनी तथा नीतिगत प्रारुपहरुमा प्रथागत अधिकार, अभ्यास र अभिव्यक्तिहरुलाई समावेश गर्नु थप उपयोगी हुँदै गएको र यसरी समावेश गर्नाले व्यापक समता र नागरिक सहभागितामा योगदान पुगेको महशुस गरेका छन्। यस्ता प्रथागत प्रणालीहरु –जसलाई समुदाय एवं समूहहरुले अक्सर गरेर उनीहरुको आईसीएचको हिस्साका रुपमा लिन्छन् – तिनले दिगो विकासका लागि महत्वपूर्ण स्रोत प्रदान गर्दछन्। आदिवासी जनताहरु प्रति विशेष ध्यान दिँदै, आदिवासी जनताहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणा (धारा ३१) मा उनीहरुका सम्बन्धित बौद्धिक सम्पत्तिका साथै 'उनीहरुको साँस्कृतिक सम्पदा, परम्परागत ज्ञान तथा परम्परागत साँस्कृतिक अभिव्यक्तिहरुलाई जारी राख्ने, नियन्त्रण, संरक्षण तथा विकास गर्ने अधिकार' प्रति विशेष ध्यान दिएको छ। धेरै राष्ट्रहरुका साथै अन्तर्राष्ट्रिय संघसंस्थाहरुले उनीहरुका नीति तथा न्याय प्रणालीहरुमा न्याय सम्पादन तथा झगडाहरु मिलाउन स्थानीय एवं अनौपचारिक परम्पराहरुलाई समावेश गरेका छन्। त्यसरी नै जैविक विविधता सम्बन्धी संयुक्त राष्ट्र संघको महासन्धिको धारा ८(जे) ले जैविक विविधता सुनिश्चित गर्नका लागि आदिवासी तथा स्थानीय समुदायको ज्ञान, अभ्यास र नयाँ कुराको प्रयोगको महत्वमाथि प्रकाश पारेको छ।

**मुख्य शब्दावलीहरु**

- नीतिहरु
- कानूनी उपायहरु
- प्रशासनिक उपायहरु
- प्रथागत अधिकार
- प्रथागत अभ्यासहरु
- बौद्धिक सम्पत्तिमाथिको अधिकार
- गोपनीयताको हक
- अभ्यासकर्ता एवं संवाहकहरु
- समुदाय, समूह, वा, कतिपय अवस्थाहरुमा, व्यक्तिहरु

# अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

| | |
|---|---|
| **अनुगमनका फाइदाहरु** | यो सूचकको अनुगमनले राज्यलाई उनीहरुको वृहत कानूनी तथा नीतिगत प्रारुपमा प्रथागत अधिकार, अभ्यास र अभिव्यक्तिहरुलाई प्रभावकारीरुपमा समावेश गरिएको छ कि छैन र यदि छैन भने समावेश गराउन प्रवेश विन्दु कहाँ फेला पार्न सकिन्छ भनेर निर्क्यौल गर्न सहयोग गर्दछ । यस प्रकारको अनुगमनले समुदाय, समूह र व्यक्तिहरुलाई उनीहरुको आईसीएचलाई अन्यायपूर्ण वा क्षतिपूर्तिरहित प्रयोगको खतरामा पार्न सक्ने वा आईसीएचको अभ्यास र हस्तान्तरणलाई निरन्तरता दिन नभइ नहुने पर्यावरण माथिको प्रथागत अधिकारलाई कमजोर तुल्याउन सक्ने (नीतिगत) कमजोरीहरुलाई औँल्याउन सक्छ । विश्वस्तरमा गरिने अनुगमनले विभिन्न देशहरुमा आविष्कार गरिएका राम्रा अभ्यासहरुलाई औँल्याउन, शान्तिको संस्कृति निर्माणमा आईसीएचको महत्व सिद्ध गर्न र आईसीएच र परम्परागत अभिव्यक्तिहरुको कानूनी संरक्षणका लागि विश्वव्यापी व्यवस्थाका लागि आवश्यक पर्ने कुराहरुमा सहयोग गर्न सक्छ । |
| **डाटा** | यी क्षेत्रका नीति तथा कानूनी र प्रशासनिक उपायहरु न्याय, ग्रामीण विकास, वातावरण वा वौद्धिक सम्पत्ति संरक्षण जस्ता विषयसँग सरोकार राख्ने विभिन्न मन्त्रालयहरुको कार्यक्षेत्र अन्तरगत पर्न सक्छन् । यस्ता मन्त्रालयहरुको प्रतिनिधित्व हुने गरी गठन भएको परामर्शी निकाय वा समन्वयकारी संयन्त्र पनि हुन सक्छ । नभएको खण्डमा, अनुगमन टोलीले यस्ता नीति तथा कानूनी र प्रशासनिक उपायहरु बनाइएको तथा कायान्वयनमा ल्याइएको छ कि छैन भनेर निर्क्यौल गर्न सम्बन्धित मन्त्रालयहरुमा सम्पर्क गर्नु पर्ने हुन सक्छ ।<br>**सम्भाव्य सूचनाका स्रोतहरु**<br>● आधिकारीक जर्नल वा कानून तथा कानूनी नियमावलीहरुको संग्रह<br>● सम्बन्धित मन्त्रालयका नीतिगत काजगपत्रहरु<br>● जैविक विविधता सम्बन्धी यूएन महासन्धिको धारा ८(जे) सम्बन्धी राष्ट्रिय प्रतिवेदन<br>● पञ्च वर्षीय वा दश वर्षे योजना जस्ता राष्ट्रिय दिगो विकास रणनीति<br>● सम्बन्धित नीतिगत क्षेत्रहरुको अध्ययन गर्ने अनुसन्धान संस्थाहरुले गरेका सर्वेक्षण वा अनुसन्धानहरु |

# संक्षिप्त विवरण एवं औचित्य

| | |
|---|---|
| **सूचक** | **१५. सम्बन्धित समुदाय, समूह र व्यक्तिहरु तथा समग्रमा समाज दुबैले समाजमा आईसीएच र यसको संरक्षणलाई कति सम्म महत्व दिएका छन्** |

| | | |
|---|---|---|
| **मूल्याङ्कनका कारका तत्वहरु** | यो सूचकलाई हरेक पक्ष राज्यले अनुगमन गरेर प्रतिवेदन पेश गरेका तीनवटा राज्यस्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ : | |
| | १५.१ समुदाय, समूह एवं व्यक्तिहरुले उनीहरुको आईसीएचलाई दिगो विकास कार्यक्रमको परिवेशमा लगायत उनीहरुको समृद्धिलाई माथि उठाउनमा प्रयोग गर्दछन् । | |
| | १५.२ समुदाय, समूह र व्यक्तिहरुले उनीहरुको आईसीएचलाई सम्वाद, आपसी सम्मानको प्रबर्द्धन, द्वन्द्व समाधान र शान्ति निर्माणमा प्रयोग गर्दछन् । | |
| | १५.३ विकासका लागि सञ्चालित कार्यक्रमहरुले समाजमा आईसीएचको महत्वलाई पहिचान र निरन्तरताको स्रोत र ज्ञान र सीपको स्रोतका रुपमा मान्यता दिन्छन् र दिगो विकासलाई सवल बनाउने एउटा संसाधनका रुपमा यसको सुदृढीकरण गर्दछन् । | ओडी १७०, ओडी १७३ |

| | |
|---|---|
| **दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध** | **दिगो विकास लक्ष्य:** यस सूचकले समृद्धि र दिगो विकाससँग सरोकार राख्ने भएकोले यसले एसडीजी लक्ष्य १ (सबै प्रकारको गरीवीलाई सबैठाउँमा अन्त्य गर्ने) र एसडीजी लक्ष्य ३ (सबै उमेर समूहका व्यक्तिहरुको स्वस्थ जीवन सुनिश्चित गर्ने तथा समृद्धिप्रबर्द्धन गर्ने) लाई सघाउँछ । मानव जीवनस्तरलाई पूर्वाधारसँग जोडेर एसडीजी टार्गेट ९.१ मा पनि सम्बोधन गरिएको छ भने द्वन्द्व समाधान र शान्ति निर्माण एसडीजी टार्गेट १६.२ का अङ्गहरु हुन् । यो टार्गेटले 'कानूनको शासन प्रबर्द्धन गर्ने... तथा सबैका लागि समान पहूँचको सुनिश्चित गर्ने' लक्ष्य राखेको छ । अन्य सबै सूचकहरुले जस्तै प्रस्तुत सूचकले 'विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको सुरक्षा एवं संरक्षण गर्ने प्रयासहरुलाई सुदृढ पार्ने' एसडीजी टार्गेट ११.४ लाई सहयोग गर्दछ । |
| | **अन्य सूचकहरुसँगको सम्बन्ध:** सूचक ११-१४ ले नीति निर्माणको वातावरणलाई सम्बोधन गर्दछन् भने सूचक १५ ले यस्ता नीति तथा कानूनी एवं प्रशासनिक उपायहरुलाई प्रभावकारी रुपमा कसरी कार्यान्वयन गरिएको छ भनेर हेर्दछ । |
| **कार्यक्रमको औचित्य** | यो सूचकले समाजमा आईसीएचको महत्वलाई जोड दिँदै आईसीएचले दिगो विकास र मानव जीवनस्तर लाई कसरी टेवा पुऱ्याउन सक्छ भनेर हेर्दछ । त्यसैले यसमा मानव अधिकार र सामाजिक न्यायका बलिया आयामहरु रहेका छन् । महासन्धिको धारा १३ (ए) ले 'समाजमा अमूर्त सांस्कृतिक सम्पदाको कार्यप्रवर्द्धन गर्ने तथा त्यस्ता सम्पदाको संरक्षणलाई योजनावद्ध कार्यक्रमहरूमा एकीकृत गर्ने उद्देश्यले एउटा सामान्य नीति अङ्गीकार गर्ने' चर्चा गरेको छ । तथापि, नीति निर्माण र विकास योजना बनाउने कार्य अमूर्त अभ्यास होइनन्, बरु कार्यक्रम र क्रियाकलापहरुमा तिनीहरुलाई रुपान्तरण गरे पछि मात्रै तिनीहरुले प्रभाव पार्न सक्छन् भन्ने कुरालाई स्मरण गर्नु पर्दछ । यहाँ यस्ता नीतिहरु रहेका छन् कि छैनन् भनेर जाँच गरिएको होइन, बरु मानिसहरुको जीवनस्तरमा सुधार ल्याउन वास्तवमा आईसीएचको प्रयोग गरिएको छ कि छैन भनेर हेरिन्छ । |

| | |
|---|---|
| **मुख्य शब्दावलीहरु** | • समुदाय, समूह वा, कतिपय अवस्थाहरुमा, व्यक्तिहरु<br>• दिगो विकास |

## अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

**अनुगमनका फाइदाहरु**

यस सूचकको अनुगमनले समुदाय, समूह तथा व्यक्तिहरुले उनीहरुको समृद्धि तथा जीवनको गुणस्तरमा सुधार ल्याउन नीति तथा कानूनी एवं प्रशासनिक उपायहरुबाट कत्तिको लाभ लिएका छन् भन्ने कुरालाई दर्शाउँछ (मूल्याङ्कन कारक तत्व १५.१ र १५.२)। यसका साथै मूल्याङ्कन कारक तत्व १५.३ को अनुगमनले पक्ष राज्यहरुले उनीहरुका नीतिगत प्रारुपमा तय गरिएका लक्ष्यहरुलाई उनीहरुले सञ्चालन गरेका विकास कार्यक्रमबाट वास्तवमै प्राप्त गर्न सकेका छन् कि छैनन् र दिगो विकासका लागि आईसीएचलाई स्रोतका रुपमा कसरी प्रयोग गरिएको छ भनेर निर्क्यौल गर्दछ। द्वन्द्वको सामना गरेका वा गर्न सक्ने देशहरुमा, यो सूचकको अनुगमनले द्वन्द्वलाई रोक्न तथा द्वन्द्वोत्तर समयमा मेलमिलापका लागि समेत टेवा पुऱ्याउँछ। विश्वस्तरमा गरिने अनुगमनले विश्वभरी देशहरुमा अपनाइएका रणनीति र कार्यक्रमहरुको पहिचान गर्न तथा प्रभावकारी देखिएका राम्रा अभ्यासका उदाहरणहरु प्रस्तुत गर्दै अन्तर्राष्ट्रिय सहायता र आदानप्रदानका अवसरहरु औंल्याउन सक्छ।

**सूचनाहरुको स्रोत तथा सूचना सङ्कलन**

अनुगमन र प्रतिवेदनका लागि जिम्मेवार व्यक्ति तथा निकायहरुले आईसीएच सम्बधी क्रियाकलापका ठोस उदाहरणहरु पत्ता लगाउन व्यापक मात्रामा सूचनाहरुको स्रोतलाई खोज्नु पर्ने हुन सक्छ। आईसीएच संरक्षणका क्षेत्रमा विभिन्न व्यक्ति तथा निकायहरुले गरेका आवधिक सर्वेक्षणहरु वा आम सञ्चार माध्यमले समेटेका खवरहरुको समीक्षा पनि तथ्याङ्क सूचना गर्ने राम्रो साधन हुन सक्छन्। व्यापक रुपमा समावेशी परामर्शी निकाय वा समन्वयकारी संयन्त्र भएको खण्डमा, यस सूचकका लागि त्यस्ता सूचनाको पनि महत्वपूर्ण स्रोत बन्न सक्छ।

**सम्भाव्य सूचनाका स्रोतहरु**

- गैर-सरकारी संस्था, सामुदायिक संगठन र अन्य कर्ताहरुले आफूले सम्पादन गरेका कार्यहरुका बारेमा तयार पारेका प्रतिवेदनहरु
- पेशागत संघसंस्था वा अनुसन्धानकर्मीहरुको सञ्जालले छाप्ने पत्रपत्रिका, बुलेटिन वा वेवसाईटहरु
- समुदायमा आधारित कार्यक्रमहरु वा अन्य संरक्षण गतिविधिहरुका सम्बन्धमा आम सञ्चार माध्यमले समेटेका जानकारीहरु

# संक्षिप्त विवरण एवं औचित्य

| | | |
|---|---|---|
| **सूचक** | **१६. आत्म-सम्मान तथा आपसी सम्मानलाई प्रोत्साहन गर्ने समावेशी योजना एवं कार्यक्रमहरुका माध्यमबाट आईसीएच संरक्षणको महत्वलाई कत्तिको मान्यता दिइएको छ** | |
| **मूल्याङ्कनका कारका तत्वहरु** | यो सूचकलाई हरेक पक्ष राज्यले अनुगमन गरेर प्रतिवेदन पेश गरेका दुईवटा राज्यस्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ : | |
| | १६.१ आईसीएच संरक्षण योजना तथा कार्यक्रमहरुले निम्नानुसारका समाजका सबै क्षेत्र र तहहरुलाई समावेश गर्दछन्, तर यी क्षेत्र र तहहरुमा नै सीमित हुनु पर्छ भन्ने छैनः<br>• आदिवासी जन-समुदाय;<br>• फरक-फरक जातीय पहिचान भएका समूहहरु;<br>• वसाइ सरेर आएका स्वदेशी वा विदेशी आप्रवासी तथा शरणार्थीहरु;<br>• विभिन्न उमेर समूहका जन-समुदायहरु;<br>• विभिन्न लैङ्गिक समूहका जन-समुदायहरु;<br>• जोखिममा परेका समूहका सदस्यहरु | ओडी १००, ओडी १०२, ओडी १७४, ओडी १९४<br>ईपी १, ईपी २, ईपी ४, ईपी ९, ईपी १० |
| | १६.२ सामान्यतया सूचीकृत गरिएको वा नगरिएको आईसीएचका लागि र/वा आईसीएचको विशिष्ट तत्वका लागि बनाइएका संरक्षण योजना तथा कार्यक्रमका माध्यमबाट समुदाय, समूह र व्यक्तिहरुको आत्म-सम्मान तथा उनीहरुका माझ आपसी सम्मान प्रोत्साहित गरिएको छ। | धारा १, धारा २, धारा १४ (ए), ओडी १००, ओडी १०७, ओडी १५५ |
| **दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध** | **दिगो विकास लक्ष्यः** सूचक १६ ले 'विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको सुरक्षा र संरक्षण गर्ने प्रयासहरुलाई सुदृढ पार्ने' लक्ष्य लिएको दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्य (एसडीजी टार्गेट) ११.४ र 'सबै देशहरुमा सहभागितामूलक, एकीकृत र दिगो मानव वसोवास योजना तथा व्यवस्थापनका लागि समावेशी तथा दिगो शहरीकरण एवं क्षमता अभिवृद्धि गर्ने' एसडीजी टार्गेट ११.३ लगायत थुप्रै एसडीजी टार्गेटहरुको परिपुरकका रुपमा काम गर्दछ। यसका साथै, यसले एसडीजी टार्गेट ५.५ लाई पनि सम्बोधन गर्दछ, जसले निर्णय प्रक्रियामा 'महिलाको पूर्ण तथा प्रभावकारी सहभागिता'सँग सरोकार राख्दछ। त्यसरी नै यसले 'लैङ्गिक समानता र सबै तहमा सबै महिला र बालिकाहरुको सशक्तिकरण प्रबर्द्धन' का लागि आह्वान गर्ने एसडीजी टार्गेट ५ (सी) लाई समेत सघाउ पुऱ्याउँछ। समावेशीताको यस्तै भाव अझै व्यापक रुपमा एसडीजी टार्गेट १०.२ र एसडीजी टार्गेट १०.३ मा प्रस्तुत गरिएको छ। एसडीजी टार्गेट १०.२ ले 'उमेर, लिङ्ग, अपाङ्गता, वर्ण, जातजाति, उत्पत्ति, धर्म वा आर्थिक वा अन्य दर्जाहरुको परवाह नगरीकन सबैको सामाजिक, आर्थिक तथा राजनैतिक समावेशीकरण' को वकालत गर्दछ भने टार्गेट १०.३ ले 'समान अवसरको सुनिश्चित गर्न तथा उपलब्धीहरुको असमानता घटाउन' खोज्दछ। अन्त्यमा, एसडीजी टार्गेट १०.७ ले 'मानिसहरुको व्यवस्थित, सुरक्षित, नियमित र जिम्मेवार वसाइ-सराइ र यात्रा' का बारेमा चर्चा गर्दछ। | |

| | |
|---|---|
| | **अन्य सूचकहरुसँगको सम्बन्ध:** समावेशीता र समानताका सामान्य सिद्धान्तहरु तथा आत्मसम्मान एवं आपसी सम्मानको प्रबर्द्धन गर्ने समग्र लक्ष्यहरुलाई प्रस्तुत गर्ने यो सूचक अन्य सबै सूचकहरुसँग समेत सम्बन्धित छ । विशिष्ट सम्भाव्य कार्यक्षेत्रहरु वा विशेष जोड जे सुकै भए पनि समावेशीता, समानता, आत्म-सम्मान र आपसी सम्मानलाई संरक्षण योजना र कार्यक्रहरुको मूल मर्म मानिन्छ । यसरी यसले सूचक ११ को परिपूरकका रुपमा समेत काम गर्दछ, उक्त सूचकले पनि सामान्यतया आईसीएच वा आईसीएचको विशिष्ट तत्वहरुको संरक्षण योजनासँग सरोकार राख्दछ । यसका अतिरिक्त, यसले सूचक १७-२० अन्तरगतका निर्देशनात्मक सिद्धान्तहरुलाई समेत प्रस्तुत गर्दछ, जसले विशेष गरेर आईसीएच र यसको संरक्षणको महत्वका बारेमा चेतना जगाउने कार्यक्रमहरुको बारेमा चर्चा गर्दछ । यसका साथै प्रस्तुत सूचकले आईसीएच संरक्षण कार्यक्रमहरुसँग सम्बन्धित सूचक २२ लाई समेत सम्बोधन गर्दछ । |
| **कार्यक्रमको औचित्य** | यो सूचक महासन्धिका मूल सिद्धान्तहरुसँग सम्बन्धित छ जसलाई अमूर्त साँस्कृतिक सम्पदाका लागि नैतिक सिद्धान्तहरु (Ethical Principles for Safeguarding Intangible Cultural Heritage) मा समेटिएको छ । 'समुदाय, समूह र व्यक्तिहरुका माझ आपसी सम्मान' को आवश्यकतालाई  महासन्धिले गरेको आईसीएचको परिभाषा (धारा २.१) मा समावेश गरिएको छ भने 'समुदाय, समूह र सम्बन्धित व्यक्तिहरुको अमूर्त साँस्कृतिक सम्पदाप्रतिको सम्मान सुनश्चित गर्ने' महासन्धिको (धारा १ बी) उद्देश्यले सम्बन्धित जनमानस र उनीहरुको आईसीएचप्रतिको सम्मानलाई जनाउँछ । समावेशीता र विभेद नगर्ने संयुक्त राष्ट्र संघका मूलभूत सिद्धान्त हुन् जसलाई युनेस्कोले समेत मूलभूत सिद्धान्त मान्दछ र कार्यसञ्चालन निर्देशिका एवं नैतिक सिद्धान्तहरुमा यिनीहरुलाई दोहोऱ्याइएको छ । आईसीएच संरक्षण र व्यवस्थापनमा 'समुदाय, समूह तथा उपयुक्तताका आधारमा व्यक्तिहरूको व्यापक सम्भाव्य सहभागिता' लाई उद्धृत गरेर धारा १५ ले समावेशीताको मूल्यको उदाहरण प्रस्तुत गरेको छ । |
| **मुख्य शब्दावलीहरु** | • मावेशी/समावेशी तरीकाले<br>• समाजका क्षेत्र र तह<br>• आदिवासी जनता<br>• फरक-फरक जातीय पहिचान भएका समूह;<br>• वसाइ सरेर आएका स्वदेशी वा विदेशी आप्रवासी तथा शरणार्थीहरु;<br>• विभिन्न उमेर समूहका जन-समुदायहरु ;<br>• विभिन्न लैङ्गिक समूहका जन-समुदायहरु;<br>• जोखिममा परेका समूह<br>• समुदाय, समूह वा, कतिपय अवस्थामा, व्यक्तिहरु,<br>• आईसीएचका तत्वहरु<br>• सूचीकृत (गरिएको वा नगरिएको) |

# अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

**अनुगमनका फाइदाहरु**

अनुगमनले राज्यलाई उसका संरक्षण योजना एवं कार्यक्रमहरु यथासम्भव पूर्णरुपले के कति मात्रामा समावेशी हुन सकेका छन् र समुदाय, समूह वा व्यक्तिहरुको व्यापक सम्भाव्य सहभागितामा अवरोध पुऱ्याउने अनपेक्षित बाधा वा अडचनहरु छन् कि छैनन् भनेर निर्क्यौल गर्न मद्दत गर्दछ। यसका साथै अनुगमनले राज्यलाई उसका संरक्षण गतिविधिहरुले महासन्धिको मर्म अनुसार वास्तवमै आत्म-सम्मान र आपसी सम्मानमा योगदान पुऱ्याएको निश्चित गर्न सहयोग गर्दछ। यसले राज्यलाई संरक्षण योजना तथा कार्यक्रमहरुका अवाञ्छित तथा (अपेक्षा गरे भन्दा) विपरित असर हुन सक्ने परिस्थितहरु पत्ता लगाउन समेत सघाउ पुऱ्याउँछ। विश्वस्तरमा, यस सूचकको अनुगमनले राज्यहरुलाई सँगै मिलेर महासन्धिको पहुँच र सहभागितामा कुनै पद्धतिगत वा अवाञ्छित कमिकमजोरीहरु भए नभएको पत्ता लगाउन र यसले आत्सम्मान र आपसी सम्मानलाई घटाउने भन्दा पनि सुदृढ बनाउने कुरामा ढुक्क रहन सहयोग गर्दछ।

**सूचनाहरुको स्रोत तथा सूचना सङ्कलन**

सूचक १५ मा जस्तै अनुगमन तथा प्रतिवेदनका लागि जिम्मेवार व्यक्ति तथा निकायहरुले आईसीएच संरक्षण योजना तथा कार्यक्रमहरुमा समावेशीता कसरी सुनिश्चित गरिएको छ भनेर त्यसका ठोस उदारणहरु पत्ता लगाउन थुप्रै सूचनाहरुलाई केलाउनु पर्ने हुन सक्छ। आईसीएच संरक्षणको क्षेत्रमा कार्यरत विभिन्न कर्ताहरुसँग गरिएको आवधिक सर्वेक्षण, वा मिडियाले समेटेका सूचना तथा जानकारीहरु र अनुसन्धानमूलक प्राज्ञिक कृतिहरुको समीक्षा पनि सूचना सङ्कलन गर्ने महत्वपूर्ण सामाग्रीहरु बन्न सक्छन्। परामर्शी निकाय वा समन्वयकारी संयन्त्र भएमा त्यो पनि यो सूचकका सूचनाको लागि महत्वपूर्ण स्रोत बन्न सक्छ।

**सम्भाव्य सूचनाका स्रोतहरु**

- महासन्धिको सूची वा राष्ट्रिय सूचीमा सूचीकृत आईसीएच तत्व संरक्षणका लागि बनाइएको योजना कार्यान्वयनको प्रतिवेदन
- गैर-सरकारी संस्था, सामुदायिक संगठन, तथा अन्य कर्ताहरुले उनीहरुको संरक्षण योजना तथा कार्यक्रमहरुका बारेमा बनाएको प्रतिवेदन
- पेशागत संघसंस्था वा अनुसन्धानकर्ताहरुको सञ्जालका खवरपत्र, बुलेटिन वा वेवसाइटहरु
- संरक्षण योजना तथा कार्यक्रमहरुका बारेमा मिडियाले समेटेका सूचनाहरु

# संक्षिप्त विवरण एवं औचित्य

| | | |
|---|---|---|
| **सूचक** | **१७. आईसीएच र यसको संरक्षणको महत्वका बारेमा चेतना जगाउन समुदाय, समूह र व्यक्तिहरु व्यापक रुपमा कत्तिको सहभागी भएका छन्** | |
| **मूल्याङ्कनका कारका तत्वहरु** | यो सूचकलाई हरेक पक्ष राज्यले अनुगमन गरेर प्रतिवेदन पेश गरेका पाँचवटा राज्यस्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ : | |
| | १७.१ चेतना जगाउने क्रियाकलापहरुले सम्बन्धित समुदाय, समूह र व्यक्तिहरुको समावेशी एवं व्यापक सम्भाव्य सहभागितालाई प्रतिविम्वित गर्दछन् । | ओडी १०१ |
| | १७.२ सम्बन्धित समुदाय, समूह र व्यक्तिहरुसँग उनीहरुका अमूर्त साँस्कृतिक सम्पदाका विशिष्ट तत्वहरुसँग सम्बन्धित चेतना अभिवृद्धि क्रियाकलापहरु स्वतन्त्र, अटुट एवं पूर्व सुसूचित सहमति प्राप्त गरिएको छ । | ओडी १०१ |
| | १७.३ आईसीएचका बारेमा चेतना अभिवृद्धि सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्दा सम्बन्धित समुदाय, समूह र व्यक्तिहरुको अधिकार एवं उनीहरुका आध्यात्मिक तथा भौतिक अभिरुचीहरुलाई यथोचितरुपमा संरक्षण गरिएको छ । | ओडी १०१ (बी), ओडी १०१ (डी), ओडी १०४, ओडी १७१ ईपी ७ |
| | १७.४ युवाहरु आफ्नो समुदायका अमूर्त साँस्कृतिक सम्पदाहरुसँग सम्बन्धित सूचनाहरुको संकलन तथा वितरण गर्ने लगायत चेतना अभिवृद्धि क्रियाकलापहरुमा सक्रिय भएर लागि परेका छन् । | धारा १४(ए) (i) ओडी १०७ (एफ) |
| | १७.५ समुदाय, समूह र व्यक्तिहरुले आईसीएच र यसको संरक्षणका बारेमा चेतना जगाउन सूचना तथा सञ्चार प्रविधि, एवं सबै प्रकारका मिडियाहरु, खास गरेर आधुनिक मिडियाहरुको प्रयोग गर्दछन् । | |
| **दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध** | **दिगो विकास लक्ष्य:** यो सूचकले 'विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको सुरक्षा एवं संरक्षण गर्ने प्रयासहरुलाई सुदृढ पार्ने' दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्य (एसडीजी टार्गेट) ११.४ लाई सहयोग गर्नुका साथै 'सबै तहहरुमा जवाफदेही, समावेशी, सहभागितामूलक तथा प्रतिनिधिमूलक निर्णय प्रक्रियाको सुनिश्चित गर्ने' एसडीजी टार्गेट १६.७ मा समेत योगदान पुऱ्याउँछ । समुदाय, समूह र व्यक्तिहरुको महत्वपूर्ण हिस्सा अन्तर्गत महिलाहरु पर्ने भएकोले यसले एसडीजी टार्गेट ५.बी लाई पनि मद्दत पुऱ्याउँछ जसले महिला सशक्तिकरणको प्रबर्द्धन गर्न सूचना तथा सञ्चार प्रबिधिको प्रयोग गर्ने कुरासँग सरोकार राख्दछ ।<br>**अन्य सूचकहरुसँगको सम्बन्ध:** चेतना अभिवृद्धिसँग सम्बन्धित चारवटामध्ये एक सूचकका रुपमा प्रस्तुत सूचकले सूचकहरु १८–२० को परिपूरकका रुपमा काम गर्दछ । यहाँ भने यस्ता चेतना अविृद्धिसँग सम्बन्धित क्रियाकलापहरुमा समुदाय, समूह र व्यक्तिहरुको व्यापक सहभागिता र तिनीहरुको अधिकार एवं अभिरुचीको रक्षा गर्ने कुरालाई विशेष ध्यान दिइएको छ । सूचक १८ ले मिडियाको भूमिकामाथि जोड दिन्छ; सूचक १९ ले चेतना अभिवृद्धिका लागि अपनाइने उपायहरुका विषयवस्तु र उद्देश्यहरुलाई  हेर्दछ, र सूचक २० ले यस्ता उपायहरुलाई, खास गरेर नैतिक सिद्धान्त अनुरुप हुने गरी भए नभएको निश्चय गर्दै कसरी अपनाइएको छ भन्ने कुरासँग सरोकार राख्दछ । | |

| | |
|---|---|
| **कार्यक्रमको औचित्य** | महासन्धिका चारवटा उद्देश्यहरुमध्ये एक स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा अमूर्त सांस्कृतिक सम्पदाको महत्वको बारेमा जनचेतना जगाउनु, तथा पारस्परिक कदरको सुनिश्चितता गर्नु' (धारा १ सी) हो । यसका साथै राज्यहरुलाई 'जनसाधारण, खासगरी युवा वर्गमा लक्षित गरिएका शैक्षिक, चेतना अभिवृद्धि तथा जानकारीमूलक कार्यक्रमहरू' का माध्यमबाट 'समाजमा अमूर्त सांस्कृतिक सम्पदाको कदर, सो प्रतिको आदर तथा त्यसको सुदृढीकरणको सुनिश्चित गर्न' उत्प्रेरित गरिएको छ (धारा १४ ए (i) । महासन्धिले संरक्षणका सबै क्रियाकलापहरुमा 'यस्ता सम्पदाहरुको सृजना, रेखदेख र हस्तान्तरण गर्ने समुदाय, समूह तथा उपयुक्तताका आधारमा व्यक्तिहरूको' व्यापक सम्भाव्य सहभागिताका लागि आह्वान गरेको छ (धारा १५) । चेतना अभिवृद्धिका बारेमा विस्तृत रुपमा कार्यसञ्चालन निर्देशिकाको अध्याय ६, खास गरेर निर्देशिका नं. १०० देखि ११७ सम्म दिइएको छ । यो सूचकले चेतना अभिवृद्धि सम्बन्धि क्रियाकलापहरु समावेशी ढङ्गले, व्यापक सहभागितामा र नैतिक सिद्धान्तहरु अनुरुप भएको निश्चय गरेर कसरी सञ्चालन गर्न सकिन्छ भनेर औँल्याउँछ । |
| **मुख्य शब्दावलीहरु** | • समुदाय, समूह वा, कतिपय अवस्थामा, व्यक्तिहरु<br>• सहभागिता वा संलग्तना<br>• समावेशी/समावेशीतापूर्वक<br>• स्वतन्त्र, अटुट एवं पूर्व सुसूचित सहमति<br>• आईसीएचका तत्वहरु<br>• आध्यात्मिक (नैतिक) तथा भौतिक अभिरुची<br>• वितरण/संप्रेषण<br>• सूचना तथा सञ्चार प्रविधि (आईसीटी) |

# अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

| | |
|---|---|
| **अनुगमनका फाइदाहरु** | यो सूचकको अनुगमनले महासन्धि र कार्यसञ्चालन निर्देशिकामा बताइए जसरी आईसीएचको महत्वका बारेमा चेतना अभिवृद्धि कार्य के कति मात्रामा भइरहेको छ भनेर निर्क्यौल गर्न राज्यलाई सहयोग गर्न सक्छ । अनुगमनले यस्ता गतिविधिहरुमा समुदाय, समूह वा व्यक्तिहरुको व्यापक सहभागिता छ या छैन एवं यस्तो सहभागिता समावेशी तथा स्वयंसेवी हो कि होइन भनेर मूल्याङ्कन गर्न सक्छ । यसले युवाहरु संलग्न भएको तथा समुदाय, समूह एवं व्यक्तिहरुको अधिकारका साथै उनीहरुको आध्यात्मिक एवं लौकिक चासोलाई पूर्ण रुपले सुरक्षित गरिएको छ भनेर सुनिश्चित गर्न मद्दत गर्न सक्छ । विश्वस्तरमा, अनुगमनले यस क्षेत्रमा नविन कार्य र विधिहरु तर्फ ध्यानाकर्षणका लागि आह्वान गर्न सक्छ । |
| **सूचनाहरुको स्रोत तथा सूचना सङ्कलन** | धेरै जसो सन्दर्भहरुमा राज्यका सूचना, सञ्चार र मिडिया क्षेत्रका जिम्मेवार अधिकारीहरु तथ्याङ्कका महत्वपूर्ण स्रोत हुन सक्छन् । राज्यको परामर्शी निकाय वा समन्वयकारी संयन्त्र भएमा, यसमा मिडियाका प्रतिनिधिहरु वा चेतना अभिवृद्धिका क्षेत्रमा सक्रियरुपले संलग्न व्यक्तिहरु पनि रहेका हुन सक्छन् र उनीहरुले थप सूचनाहरु प्रदान गर्न सक्छन् । मूल्याङ्कन कारक तत्वहरु १७.२ र १७.३ ले प्रकाशित संहिता वा निर्देशिकाहरुका बारेमा बताउन सक्छन्, जसले चेतना अभिवृद्धि सम्बन्धी क्रियाकलापहरुलाई मार्ग निर्देशन गर्ने सिद्धान्तहरु तय गर्दछन् । चेतना अभिवृद्धिका अधिकांश क्रियाकलापहरु सार्वजनिक प्रकृतिको हुने भएकोले सूचनाहरु तुरुन्तै उपलब्ध हुने सम्भावना रहन्छ ।<br>**सम्भाव्य सूचनाका स्रोतहरु**<br>• प्रकाशन, प्रतिवेदन लगायत चेतना अभिवृद्धिसम्बन्धी सामाग्रीहरुका संग्रहहरु<br>• मिडिया र चेतना अभिवृद्धिमा संलग्न अन्य (व्यक्ति तथा निकाय)हरुका लागि बनाइएका आचार संहिता वा निर्देशिकाहरु<br>• बौद्धिक सम्पत्तिसँग सम्बन्धित बैधानिक तथा नीतिगत प्रावधानहरु<br>• सूचना मन्त्रालय, सञ्चार मन्त्रालय, र/वा युवा मन्त्रालयका वेवसाइट तथा प्रतिवेदनहरु<br>• वेवसाइट, ब्लग, भिडियो अभिलेख तथा सामाजिक सञ्चालमा छापिएका सामाग्रीहरु |

# संक्षिप्त विवरण एवं औचित्य

| | | |
|---|---|---|
| **सूचक** | **१८. आईसीएच र यसको संरक्षणको महत्वका बारेमा चेतना अभिवृद्धि गर्न तथा समझदारी र पारस्परिक सम्मानको प्रबर्द्धनमा सञ्चार माध्यम कतिसम्म संलग्न भइरहेका छन्** | |
| **मूल्याङ्कनका कारका तत्वहरु** | यो सूचकलाई हरेक पक्ष राज्यले अनुगमन गरेर प्रतिवेदन पेश गरेका चारवटा राज्यस्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ : | |
| | १८.१ सञ्चार माध्यम समेटिएका सामाग्रीहरुले आईसीएच र यसको संरक्षणको महत्वका बारेमा चेतना अभिवृद्धि गर्दछन् र समुदाय, समूह र व्यक्तिहरुका माझ पारस्परिक सम्मान प्रबर्द्धन गर्दछन् । | ओडी १११, ओडी ११२, ओडी ११३ |
| | १८.२ आईसीएचसँग सम्बन्धित विभिन्न सरोकारवालाहरु र सञ्चार संस्थाहरुका बीच क्षमता निर्माण क्रियाकलापहरु सहित आईसीएच सम्बन्धी विशेष सहायता क्रियाकलाप वा कार्यक्रमहरु बनाइएको तथा तिनीहरुको कार्यान्वयन गरिएको छ। | |
| | १८.३ आईसीएच सम्बन्धी मिडिया कार्यक्रमहरु समावेशी हुनुका साथै तिनीहरुले सम्बन्धित समुदाय तथा समूहको भाषा प्रयोग गर्दछन् र/वा विभिन्न लक्षित समूहहरुलाई सम्बोधन गर्दछन् । | ओडी ११२, ओडी ११३ |
| | १८.४ अमूर्त साँस्कृतिक सम्पदा र यसको संरक्षण सम्बन्धी मिडियाले समेटेको सामाग्री महासन्धिले निर्दिष्ट गरेको अवधारणा र शब्दावली अनुसार छ। | |

| | |
|---|---|
| **दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध** | **दिगो विकास लक्ष्य:** विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको सुरक्षा र संरक्षण गर्ने कुरालाई सम्बोधन गर्ने दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्य (एसडीजी टार्गेट) ११.४ का अतिरिक्त प्रस्तुत सूचकले एसडीजी टार्गेट १७.१७ लाई पनि सम्बोधन गर्दछ । यो टार्गेटले 'साझेदारीका अनुभव एवं स्रोत जुटाउने रणनीतिहरुका आधारमा सार्वजनिक, सार्वजनिक-नीजि र नागरिक समाजका बीच प्रभावकारी साझेदारीका लागि अभिप्रेरित तथा प्रबर्द्धन' गर्दछ ।<br><br>**अन्य सूचकहरुसँगको सम्बन्ध:** सूचक १७ ले समुदाय, समूह र व्यक्तिहरु तथा आईसीएच सम्बन्धी चेतना अभिवृद्धिमा तिनीहरुको भूमिकासँग सरोकार राख्दछ भने, सञ्चार क्षेत्र चेतना अभिवृद्धिमा स्पष्टसँग संलग्न रहने हुँदा प्रस्तुत सूचकले सञ्चार माध्यमको भूमिका माथि विशेष जोड दिन्छ। सूचक १९ ले चेतना अभिवृद्धि सम्बन्धी उपायहरुको विषयवस्तु र अभिप्रायसँग सरोकार राख्दछ भने सूचक २० ले यस्ता उपायहरु कुन तरिकाले कार्यान्वयन/सञ्चालन भएका छन् भन्ने कुरामा सरोकार राख्दछ । सञ्चार संस्थाहरुको क्षमता निर्माणलाई (मूल्याङ्कन कारक तत्व १८.२) सूचक २, ३ र ४ मा समेटिएका अन्य तालिम तथा क्षमता विकास क्रियाकलापहरुको परिपुरकका रुपमा लिन सकिन्छ। संरक्षणका लागि विभिन्न कर्ताहरुको सहयोगलाई सूचक २१ मा सम्बोधन गरिएको छ। |

| | |
|---|---|
| **कार्यक्रमको औचित्य** | सूचक १७ को सन्दर्भमा उल्लेख गरिए जस्तै महासन्धिका चारवटा उद्देश्यहरु मध्ये एउटा उद्देश्य, 'स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अमूर्त सांस्कृतिक सम्पदाको महत्वको बारेमा जनचेतना अभिवृद्धि गर्नु, तथा तिनको एकआपसमा कदरको सुनिश्चितता गर्नु' हो (धारा १ सी)। यस प्रयासका निम्ति आम सञ्चार माध्यमहरु महत्वपूर्ण साझेदार हुन् चाहे ती नीजि कम्पनी हो ऊन् वा सरकारद्वारा सञ्चालित । आईसीएचसँग सम्बन्धित सरोकारवालाहरु र सञ्चार संस्थाहरुका बीचको सहकार्य वा साझेदारीले दोस्रोको पहुँच र प्राविधिक क्षमताबाट पहिलोलाई फाइदा पुग्छ भने पहिलोको ज्ञान र दक्षताबाट दोस्रोलाई फाइदा लिने अवसर प्राप्त हुन्छ । आईसीएच र यसको संरक्षणको महत्वका बारेमा यथासम्भव व्यापक रुपमा र सहि तरिकाले सूचना प्रवाह गर्नका लागि मिडिया समावेशी हुनु पर्दछ र त्यसले स्रोता तथा दर्शकहरुलाई उनीहरुकै भाषामा सम्बोधन गर्ने उपायहरु खोज्नु पर्दछ । महासन्धि, यसको अवधारणा र यसमा प्रयोग भएका शब्दावलीहरुका बारेमा पर्याप्त बुझाइ भएको र संरक्षण तथा आपसी सम्मान प्रबर्द्धनमा प्रभावकारी रुपमा योगदान पुऱ्याएको सुनिश्चित गर्न सञ्चार माध्यमको क्षमता विकास गर्नु महत्वपूर्ण हुन्छ । |
| **मुख्य शब्दावलीहरु** | • समुदाय, समूह, वा कतिपय अवस्थामा व्यक्तिहरु<br>• सरोकारवालाहरु<br>• समावेशी/समावेशी ढङ्गले |

# अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

**अनुगमनका फाइदाहरु**

यस सूचकको अनुगमनले आमसञ्चार माध्यमको व्यापक प्रभाव तथा महासन्धि र यसको महत्वलाई प्रभावकारी रुपमा प्रबर्द्धन गर्नमा यसले खेल्ने सशक्त भूमिका अथवा असावधानीले महासन्धिको प्रतिकूल हुनेगरी मिश्रित सन्देशहरु संप्रेषण हुन सक्ने सम्भाव्यताका बारेमा मूल्याङ्कन गर्न राज्यहरुलाई सहयोग गर्न सक्छ। त्यसैले राज्यले महासन्धिको कार्यान्वयन गर्न मिडियाको योगदानलाई थप सवल बनाउन तथा तिनीहरुको क्षमता विकास गर्ने अवसरहरुको खोजी गर्न सामार्थ्यवान हुनेछ। विश्वस्तरमा गरिने अुनगमनले सहकार्यका राम्रा अभ्यासहरु एवं नमूनाहरु पहिचान गर्नमा सहयोग गर्न सक्छ जसले अन्यत्र पनि यस्तैखाले प्रयासहरु सञ्चालन गर्न प्रेरणा मिल्न सक्छ।

**सूचनाहरुको स्रोत तथा सूचना सङ्कलन**

आम सञ्चार माध्यमको आफ्नै स्वभावका कारण ऊ व्यापक रुपमा जनमानस सम्म पुग्न खोज्छ, त्यसैले अनुगमन र प्रतिवेदनका लागि जिम्मेवारहरु पनि मिडियाका लक्षित स्रोता/दर्शकहरु मध्येकै हुन सक्छन्, त्यसैले सूचनाहरु यथोचित मात्रामा सार्वजनिक रुपमा उपलब्ध हुन सक्छन् र तिनीहरुलाई सजिलैसँग अवलोकन गर्न सकिने पनि हुन सक्छ। राज्यसँग परामर्शी निकाय वा समन्वयकारी संयन्त्र भएमा त्यस्ता संयन्त्रहरुमा मिडियाको पनि प्रतिनिधित्व रहेको हुन सक्छ। यस्तो निकाय सहयोगका विशेष उदाहरणहरुसँग सम्बन्धित सूचनाको स्रोत बन्न सक्छ।

**सम्भाव्य सूचनाका स्रोतहरु**

- टेलिभिजन तथा रेडियो प्रसारण तथा अभिलेखहरु
- पत्रपत्रिका तथा म्यागेजिनहरु
- मिडिया संगठनका वेवसाइटहरु
- सूचना मन्त्रालय वा सञ्चार मन्त्रालयका वेवसाइट एवं प्रतिवेदनहरु
- क्षमता विकास कार्यक्रमहरु लगायत सहकार्यका गतिविधिसँग सम्बन्धित आर्थिक सहयोगका निवेदन वा प्रतिवेदनहरु

# संक्षिप्त विवरण एवं औचित्य

| | |
|---|---|
| **सूचक** | **१९. सार्वजनिक सूचना कार्यक्रमहरुले आईसीएच र यसको संरक्षणको महत्वका बारेमा कतिसम्म चेतना अभिवृद्धि गरेका छन् र तिनीहरुले समभ्रूदारी र आपसी सम्मानको कत्तिको प्रबर्द्धन गरेका छन्** |

| | | |
|---|---|---|
| **मूल्याङ्कनका कारका तत्वहरु** | यो सूचकलाई हरेक पक्ष राज्यले अनुगमन गरेर प्रतिवेदन पेश गरेका चारवटा राज्यस्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ : | |
| | १९.१ नीति तथा कार्यक्रमहरुका माध्यमबाट आईसीएचका अभ्यासकर्ताहरु एवं संवाहकहरुप्रति समावेशी ढङ्गले सार्वजनिक रुपमा आभार प्रकट गरिएको छ। | ओडी १०५(डी) |
| | १९.२ समुदाय, समूह र व्यक्तिहरु, जनसाधारण, अनुसन्धानकर्ता, मिडिया र अन्य सरोकारवालाहरुका लागि आईसीएच, यसको महत्व तथा संरक्षण र महासन्धिसँग सम्बन्धित सार्वजनिक कार्यक्रमहरुको आयोजना गरिएको छ। | ओडी १०५ (बी) |
| | १९.३ संरक्षणका राम्रा अभ्यासहरुलाई प्रबर्द्धन एवं संप्रेषण गर्ने कार्यक्रमहरुलाई प्रोत्साहन तथा सहयोग गरिएको छ। | ओडी १०६ |
| | १९.४ आईसीएच सम्बन्धी सार्वजनिक सूचनाले समुदाय र समूहभित्र र उनीहरुकाबीच आपसी सम्मान र सराहनाको प्रबर्द्धन गर्दछ। | धारा १४ (ए) (i) |

| | |
|---|---|
| **दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध** | **दिगो विकास लक्ष्य:** अन्य सूचकहरुले जस्तै यस सूचकले पनि 'विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको सुरक्षा र संरक्षण गर्ने प्रयासहरुलाई सुदृढ पार्ने' दिगो विकास लक्ष्यको परिमाणत्मक लक्ष्य (एसडीजी टार्गेट) ११.४ लाई सहयोग पुऱ्याउँछ।<br>**अन्य सूचकहरुसँगको सम्बन्ध:** प्रस्तुत सूचकले चेतना अभिवृद्धि तथा सार्वजनिक सूचना कार्यक्रमहरुका विषयवस्तु र उद्देश्यहरु एवं तिनीहरुको प्रभावलाई हेर्दछ। यसरी यसले सूचक १७ लाई सघाउ पुऱ्याउँदछ, जसले यस्ता कार्यक्रमहरु समुदाय, समूह तथा व्यक्तिहरुको सक्रिय सहभागिता हुनु पर्ने कुरासँग सरोकार राख्दछ। यसका साथै यसले सूचक १८ लाई पनि सहयोग गर्दछ, जसले आम सञ्चार मिडियाको भूमिकामाथि विशेष जोड दिन्छ। यसको विपरित सूचक २० काम गर्ने तौरतरिकाहरुसँग सम्बन्धित छ। पारस्परिक सम्मान र कदरलाई समुदायमा आधारित प्रयासहरु तथा संरक्षण योजना र कार्यक्रमहरुका सन्दर्भमा सूचक १५ र १६ मा पनि सम्बोधन गरिएको छ। संरक्षणका राम्रा अभ्यासहरु सम्बन्धी जानकारीहरुलाई अन्तर्राष्ट्रिय स्तरमा आदानप्रदान गर्ने बारेमा सूचक २४ मा चर्चा गरिएको छ। |

**कार्यक्रमको औचित्य**

सूचक १७ र १८ मा चर्चा गरिए जस्तै महासन्धिका चार वटा मध्ये एउटा उद्देश्य 'स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा अमूर्त सांस्कृतिक सम्पदाको महत्वको बारेमा जनचेतना जगाउनु, तथा तिनको परस्पर सम्मानको सुनिश्चितता गर्नु' हो (धारा १ सी)। यहाँ भने पक्ष राज्यले प्रत्यक्ष रुपमा गरेका वा सञ्चार संस्था लगायत अन्य कर्ताहरुले स्थानीय तथा राष्ट्रियस्तरमा गरेका प्रयासहरुमाथि जोड दिइएको छ। कार्यसञ्चालन निर्देशिकाहरुमा यस्ता सार्वजनिक जानकारी कार्यक्रमका प्राथमिकताहरु र समावेशीपूर्वक, सहभागी तरीकाले र पारस्परिक सम्मान र कदरको प्रबर्द्धन गर्ने लक्ष्यका साथ तिनीहरुलाई कसरी सर्वोत्कृष्ट ढङ्गले कार्यान्वयन गर्ने भन्ने सिद्धान्तहरुको पहिचान गरिएको छ। महासन्धिको धारा १९ को मर्म अनुसार संरक्षणका राम्रा अभ्यासहरुलई प्रबर्द्धन गर्न विशेष ध्यान दिइनु पर्दछ।

**मुख्य शब्दावलीहरु**

- अभ्यासकर्ता एवं संवाहकहरु
- नीतिहरु
- समुदाय, समूह र कतिपय अवस्थाहरुमा व्यक्तिहरु
- सरोकारवालाहरु
- संप्रेषण/वितरण

# अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

**अनुगमनका फाइदाहरु**

अनुगमनले सार्वजनिक सूचना कार्यक्रमहरुले वाञ्छित उद्देश्यहरु तथा इच्छित प्रभावहरु पार्ने दिशामा के कस्तो प्रगती हाँसिल गरेका छन् भनेर निर्क्यौल गर्न सहयोग गर्न सक्दछ। अनुगमनले चेतना अभिवृद्धि कार्यक्रमहरुले कतै अनजानमै अभ्यासकर्ता र संवाहकहरुको महत्वलाई ध्यान नदिइ राखेका त छैनन् वा विना सोचविचार पारस्परिक सम्मानलाई प्रबर्द्धन गर्ने भन्दा पनि त्यसलाई कमजोर पो पारेका छन् कि भनेर राज्यलाई सतर्क बनाउन पनि सक्छ। विश्वस्तरमा अनुगमनले चेतना अभिवृद्धिका सफल रणनीतिहरु पहिचान गर्न सक्छ। राज्यहरुले स्थानीय तथा राष्ट्रिय स्तरमा संरक्षणका राम्रा अभ्यासहरु प्रसार गरेको भए यस्ता राम्रा अभ्यासहरुले संभवतः अन्य देशहरुका लागि प्रेरणाको स्रोतका रुपमा काम गर्न सक्छन्।

**सूचनाहरुको स्रोत तथा सूचना सङ्कलन**

सूचक १७ मा जस्तै सूचना, सञ्चार र मिडियाको क्षेत्रका जिम्मेवार अधिकारीहरुलाई सूचनाको महत्वपूर्ण स्रोतका रुपमा लिन सकिन्छ। अनुगमनमा र प्रतिवेदनमा संलग्न हुनेहरुले कार्यक्रमहरु र उनीहरुको अनुभवका आधारमा प्रतिवेदन बुझाउन सक्छन्। राज्यमा परामर्शी निकाय वा समन्वयकारी संयन्त्र भएमा, यसमा चेतना अभिवृद्धिमा सक्रिय रुपले संलग्न व्यक्तिहरुका प्रतिनिधिहरु पनि समावेश भएका हुन सक्छन् जसले थप सूचना प्रदान गर्न सक्छन्।

**सम्भाव्य सूचनाका स्रोतहरु**

- प्रकाशन, प्रतिवेदन लगायत चेतना अभिवृद्धि सम्बन्धी सामाग्रीहरुका संग्रहहरु
- सूचना मन्त्रालय, र/वा सञ्चार मन्त्रालयका वेवसाइट तथा प्रतिवेदनहरु
- वेवसाइट, ब्लग, भिडियो अभिलेख तथा सामाजिक सञ्चालमा छापिएका सामाग्रीहरु
- सामाजिक सञ्जालका समूह तथा समुदायहरु

# संक्षिप्त विवरण एवं औचित्य

| | | |
|---|---|---|
| **सूचक** | **२०. आईसीएचका बारेमा चेतना अभिवृद्धि गर्ने कार्यक्रमहरुले सम्बद्ध नैतिक सिद्धान्तहरुलाई कत्तिको सम्मान गरेका छन्** | |
| **मूल्याङ्कनका कारका तत्वहरु** | २०.१ चेतना अभिवृद्धि क्रियाकलापहरुमा अमूर्त साँस्कृतिक सम्पदा संरक्षणका नैतिक सिद्धान्तहरुलाई सम्मान गरिएको छ | |
| | २०.२ चेतना अभिवृद्धि क्रियाकलापहरुमा अमूर्त साँस्कृतिक सम्पदा संरक्षणका नैतिक सिद्धान्तहरुलाई सम्मान गरिएको छ | ईपी |
| | २०.३ चेतना अभिवृद्धि क्रियाकलापहरुमा नैतिक सिद्धान्तहरु, खास गरेर सम्बद्ध पेशागत नियम वा मापदण्डहरुलाई समेटिएको छ। | ओडी १०३ |
| **दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध** | **दिगो विकास लक्ष्य:** अन्य सूचकहरुले जस्तै यस सूचकले पनि 'विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको सुरक्षा र संरक्षण गर्ने प्रयासहरुलाई सुदृढ पार्ने' दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्य (एसडीजी टार्गेट) ११.४ लाई सहयोग पुऱ्याउँछ।<br>**अन्य सूचकहरुसँगको सम्बन्ध:** प्रस्तुत सूचकले चेतना अभिवृद्धि कार्यक्रमहरु कसरी कार्यान्वयन गरिएको छ र विशेषतः तिनीहरुलाई नीतिसम्मत तरिकाले सञ्चालन गरिएको छ कि छैन भन्ने कुरामा ध्यान केन्द्रित गर्दछ। यसरी यसले चेतना अभिवृद्धिसँग सम्बन्धित चारवटा सूचकहरुको समूहलाई पूर्णता प्रदान गर्दछ। सूचक १७ ले समुदाय, समूह र व्यक्तिहरुको व्यापक सहभागितालाई हेर्दछ भने सूचक १८ ले मिडियाको भूमिका र सूचक १९ ले विषयवस्तु र प्रभावलाई सम्बोधन गर्दछन्। आईसीएच संरक्षणका नैतिक सिद्धान्तहरु अनुसन्धान र अभिलेखिकरणसँग पनि सरोकार राख्ने सन्दर्भमा सूचक ९ का हकमा पनि सान्दर्भिक हुन्छन्। त्यसरी नै विकास योजना, नीति तथा कार्यक्रमहरुको परिप्रेक्षमा सूचक १३ र नीजि क्षेत्रले गरेका संरक्षणका प्रयासहरुका सन्दर्भमा सूचक २१ का हकमा पनि यो सूचक सान्दर्भिक हुन्छ। | |
| **कार्यक्रमको औचित्य** | महासन्धिको धारा १ (सी) मा उल्लेख गरिए अनुसार यसका चार वटा मध्ये एउटा उद्देश्य 'स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा अमूर्त सांस्कृतिक सम्पदाको महत्वको बारेमा जनचेतना जगाउनु, तथा तिनका बीच पारस्परिक सम्मानको सुनिश्चितता गर्नु' हो । आईसीएच संरक्षणका नैतिक सिद्धान्तहरुमा चेतना अभिबृद्धि कार्यक्रमहरु लगायत सबै प्रकारका संरक्षण प्रयासहरुलाई मार्ग निर्देशन गर्नु पर्ने धेरै वटा आधारभूत मूल्यहरुको उल्लेख गरिएको छ। यी सिद्धान्तहरुलाई पत्रकार एवं अन्य सञ्चारकर्मी वा संग्रहालयकर्मीहरु जस्ता चेतना अभिवृद्धिमा संलग्न सदस्यहरु भएका पेशागत संघसंस्थाहरु एवं संगठनहरुले बनाएका सान्दर्भिक नैतिक नियम वा मापदण्डहरुले थप पूर्ण बनाउँछन्। | |
| **मुख्य शब्दावलीहरु** | • अमूर्त साँस्कृतिक सम्पदा संरक्षणका लागि नैतिक सिद्धान्तहरु<br>• पेशागत नियम वा मापदण्डहरु | |

# अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

**अनुगमनका फाइदाहरु**

अनैतिक क्रियाकलाप वा व्यवहारहरुले आईसीएच स्वयं र योसँग सम्बन्धित समुदाय, समूह वा व्यक्तिहरुमा नकरात्मक असर पार्न सक्ने भएकोले आईसीएच संरक्षणका नैतिक सिद्धान्तहरुका साथै अन्य पेशागत नियम एवं मापदण्डहरुको अत्यन्तै महत्व रहेको छ। अनुगमनले यस्ता नैतिक सिद्धान्तहरुलाई कत्तिको मात्रामा ख्याल राखिएको छ भनेर मूल्याङ्कन गर्न तथा यी नैतिक सिद्धान्तहरुलाई पुनर्पुष्टि एवं सुदृढ गर्न सुधारात्मक कार्य सञ्चालन गर्नु पर्ने आवश्यकताका बारेमा राज्य लाई सतर्क रहन सहयोग गर्न सक्छ। विश्वस्तरमा, अनुगमनले यस्ता नैतिक सिद्धान्तहरुका बारेमा सामान्य बुझाई कति मात्रामा छ र यस्तो बुझाईलाई सुदृढ पार्न क्षमता विकासका प्रयासहरुको आवश्यकता पर्दछ कि पर्दैन भनेर पहिचान गर्न सक्छ।

**सूचनाहरुको स्रोत तथा सूचना सङ्कलन**

अधिकांश सन्दर्भहरुमा सूचना र सञ्चार एवं मिडिया क्षेत्रका लागि जिम्मेवार अधिकारीहरुलाई सूचनाको महत्वपूर्ण स्रोतका रुपमा लिन सकिन्छ। राज्यमा परामर्शी निकाय वा समन्वयकारी संयन्त्र भएमा त्यसमा चेतना अभिवृद्धिमा संलग्न व्यक्तिहरु समावेश भएका हुन सक्छन् र उनीहरुले थप जानकारी प्रदान गर्न सक्छन्। सम्बद्ध नैतिक सिद्धान्तहरु अनुरुप नहुँदा स्वतः सार्वजनिक विवाद वा मिडियाबाजीको अवस्था निम्त्याउन सक्छ; अनुसन्धानकर्ताहरुले चेतना अभिवृद्धिमा संलग्न व्यक्तिहरुले यी सिद्धान्तहरुको पूर्णरुपले पालना नगरेका घटनाहरु प्रति ध्यान दिन आह्वान गर्न सक्छन्।

**सम्भाव्य सूचनाका स्रोतहरु**

- चेतना अभिवृद्धि सम्बन्धी प्रकाशन, प्रतिवेदन वा सामाग्रीहरुको संग्रह
- मिडिया र चेतना अभिवृद्धिमा संलग्न अन्य व्यक्ति तथा निकायहरुका लागि बनाइएको आचार संहिता वा निर्देशिका
- समुदाय, समूह र व्यक्तिहरुसँग उनीहरुको आईसीएचका बारेमा गरिएका अनुसन्धानबाट प्राप्त जानकारीहरु
- सूचना मन्त्रालय र/वा सञ्चार मन्त्रालयवका वेवसाइट तथा प्रतिवेदनहरु
- वेवसाइट, ब्लग, भिडियो अभिलेख तथा सामाजिक सञ्चालमा छापिएका सामाग्रीहरु
- सामाजिक सञ्जालका समूह तथा समुदायहरु

# संक्षिप्त विवरण एवं औचित्य

| सूचक | २१. आईसीएच संरक्षणका लागि सरोकारवालाहरुको सहभागितामा कत्तिको अभिवृद्धि भएको छ | |
|---|---|---|
| मूल्याङ्कनका कारका तत्वहरु | यो सूचकलाई हरेक पक्ष राज्यले अनुगमन गरेर प्रतिवेदन पेश गरेका तीनवटा राज्यस्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ : | |
| | २१.१ समग्रमा, सूचीकृत गरिएको वा नगरिएको, आईसीएच र आइसीएचको विशिष्ट तत्वको संरक्षणमा समावेशी आधारमा र यथासम्भव व्यापक रुपमा समुदाय, समूह र व्यक्तिहरु सहभागी हुन्छन् । | धारा १५, ओडी १, ओडी २, ओडी ७, ओडी ७९, ओडी १०१ (बी), ओडी १७१ (ए), ईपी १, ईपी २, ईपी ९ |
| | २१.२ समग्रमा, सूचीकृत गरिएको वा नगरिएको, आईसीएच र आइसीएचको विशिष्ट तत्वको संरक्षणमा गैर-सरकारी संस्थाहरु र नागरिक समाजका अभियन्ताहरु सहभागी हुन्छन् । | ओडी ९०, ओडी १०८, ओडी १५७ (ई), ओडी १५८ (बी), ओडी १६२ (डी), ओडी १६३ (बी) |
| | २१.३ आईसीएच संरक्षणका नैतिक सिद्धान्तहरुको सम्मान गर्दै, सूचीकृत गरिएका वा नगरिएका, आईसीएच र आईसीएचका विशिष्ट तत्वहरुको संरक्षणमा नीजि क्षेत्रका संघसंस्थाहरु सहभागी हुन्छन् । | ओडी १८७ |
| दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध | **दिगो विकास लक्ष्य:** प्रस्तुत सूचकले आईसीएच संरक्षणमा विभिन्न क्षेत्र र तहका व्यक्ति तथा संस्थाहरुको व्यापक सहभागिताका लागि पैरवी गर्दै 'सबै तहमा उत्तरदायी, समावेशी, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णय प्रक्रिया सुनिश्चित गर्ने' दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्य (एसडीजी टार्गेट) १६.७ र 'प्रभावकारी सार्वजनिक, सार्वजनिक-नीजि र नागरिक समाज साझेदारी .... को प्रोत्साहन तथा प्रबर्द्धन गर्ने' एसडीजी टार्गेट १७.१७ लाई सघाउ पुर्‍याउँछ । यसले एसडीजी टार्गेट ११.४ लाई पनि सम्बोधन गर्दछ जसले विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको सुरक्षा एवं संरक्षण गर्ने कुरासँग सरोकार राख्दछ ।<br>**अन्य सूचकहरुसँगको सम्बन्ध:** आईसीएच संरक्षणमा समुदाय, समूह र व्यक्तिहरुको व्यापक तथा समावेशी सहभागीतासँगको यसको सरोरकारका कारण प्रस्तुत सूचकले संरक्षणका विशिष्ट उपायहरु सम्बन्धी विभिन्न सूचकहरुः सूचक ४ (शिक्षा), सूचक ८ (वस्तुसूचीकरण), सूचक ११ (साँस्कृतिक नीति) सूचक १७ (चेतना अभिवृद्धि) को परिपूरकका रुपमा काम गर्दछ । समुदाय, समूह र व्यक्तिहरु, गैर-सरकारी संस्था तथा नागरिक समाजका साथै नीजि क्षेत्रका संघसंस्थाहरु लगायत संरक्षणमा संलग्न विभिन्न व्यक्ति तथा निकायहरुसँग समन्वय गर्ने यसको भावार्थलाई सूचक २५ ले साथ दिएको छ । | |

| | |
|---|---|
| **कार्यक्रमको औचित्य** | धारा १५ ले हरेक राज्यलाई 'समुदाय, समूह तथा उपयुक्तताका आधारमा व्यक्तिहरूको व्यापक सम्भाव्य सहभागिता सुनिश्चित गरी' उनीहरुको आईसीएच संरक्षण तथा व्यवस्थापनमा संलग्न गराउन अभिप्रेरित गर्दछ। यो साधारण सिद्धान्तलाई कार्यसञ्चालन निर्देशिका तथा नैतिक सिद्धान्तमा यथेष्ट मात्रामा समावेश गरिएको छ। यसको तात्पर्य केवल राज्य र यस्ता समुदायहरुका बीच दुईतर्फी साझेदारी मात्रै होइन । कार्यसञ्चालन निर्देशिकाले संरक्षणमा गैर-सरकारी संस्था र अन्य नागरिक समाजका अभियन्ताहरुका साथै निजी क्षेत्रका लागि पनि उनीहरुको महत्वपूर्ण भूमिकाको चर्चा गरेको छ । संरक्षणका प्रतिफलहरुलाई सबैभन्दा राम्रोसँग हाँसिल गर्नका लागि यी व्यापक तह र क्षेत्रका कर्ताहरुलाई प्रभावकारी रुपमा संलग्न गराउनु अपरिहार्य हुन्छ चाहे त्यो आम आईसीएचका हकमा होस् वा आईसीएचको विशिष्ट तत्वका लागि। |
| **मुख्य शब्दावलीहरु** | • सरोकारवालाहरु<br>• समुदाय, समूह वा, कतिपय अवस्थामा व्यक्तिहरु<br>• सहभागिता वा संलग्नता<br>• समावेशी/समावेशी ढङ्गले<br>• आईसीएच तत्वहरु<br>• सूचीकृत (गरिएको वा नगरिएको)<br>• गैर-सरकार संस्था<br>• नागरिक समाज<br>• कर्ताहरु<br>• नीजि क्षेत्र<br>• अमूर्त साँस्कृतिक सम्पदा संरक्षणका लागि नैतिक सिद्धान्तहरु |

# अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

| | |
|---|---|
| **अनुगमनका फाइदाहरु** | धारा १५ लाई महत्व दिँदै अनुगमनले राज्यलाई समुदाय, समूह र व्यक्तिहरुको व्यापक संभाव्य सहभागितामा संरक्षण प्रयासहरु प्रभावकारी रुपमा सञ्चालन गरिएका छन् कि छैनन् भनेर मूल्याङ्कन गर्न सहयोग गर्दछ । आईसीएच संरक्षणमा नागरिक समाज र निजी क्षेत्रको सहभागिताको अनुगमनले राज्य र समुदायका प्रयासहरुको प्रभावकारीता बढाउने अवसरहरु र यसका लागि उपयुक्त हुन सक्ने स्थानीय उपायहरु पहिचान गर्न सहयोग गर्न सक्छ । विश्वस्तरमा, अनुगमनले राम्रा अभ्यासका उदाहरणहरु र पाठहरु त्यस्ता राज्यहरुलाई प्रदान गर्न सक्छ जसले अझै सम्म पनि संरक्षणका साझा प्रयासहरुमा आईसीएचका व्यापक क्षेत्र र तहका सरोकारवालाहरुलाई पूर्णरुपमा संलग्न गराएका छैनन् । |

**सूचनाहरुको स्रोत तथा सूचना सङ्कलन**

संस्कृति मन्त्रालय वा राष्ट्रिय तथा स्थानीय तहमा संरक्षण क्रियाकलापहरुको नेतृत्व लिने उस्तै निकायहरु विभिन्न सरोकारवालाहरुको व्यापक सहभागिताका सन्दर्भमा सूचनाको महत्वपूर्ण स्रोत बन्न सक्छन् । राज्यको समावेशी परामर्शी निकाय वा समन्वयकारी संयन्त्र भएमा यसमा संरक्षणमा संलग्न विभिन्न क्षेत्रका प्रतिनिधिहरु समावेश भएका हुन सक्छन् जो यो सूचकको अनुगमनका लागि उचित स्रोत बन्न सक्छन् । यस्ता परामर्शी निकाय वा संयन्त्रहरुले आम आईसीएच वा विशिष्ट आईसीएच तत्वका बारेमा भैरहेका संरक्षणका प्रयासहरु सम्बन्धी सूचनाहरु प्रदान गर्न सक्छन् र अनुभवको आदान-प्रदान र प्रभावकारी साझेदारी विकास गर्ने विविध प्रकारका कर्ताहरुको मञ्चको रुपमा कार्य गर्न सक्छन् । यदि राज्यले संरक्षण गतिविधिहरुलाई सहयोग गर्न एक वा सो भन्दा बढि आर्थिक सहयोगका योजना हरु सञ्चालन गरेको छ भने यस्ता संयन्त्रहरुले व्यापक क्षेत्र र तहका सरोकारवालाहरुको संलग्नता र सहभागिताका उदाहरणहरुमाथि प्रकाश पार्न सक्छन् ।

**सम्भाव्य सूचनाका स्रोतहरु**

- संस्कृति मन्त्रालय र/वा आईसीएच संरक्षणमा मद्दत गर्ने अन्य आर्थिक सहयोग निकायका बजेट, कार्य योजना र क्रियाकलाप प्रतिवेदनहरु
- आईसीएच संरक्षणमा सक्रिय सामुदायिक संस्था एवं गैर-सरकारी संस्थाका वेवसाइटहरु र अन्य सूचनाका स्रोतहरु
- मनोनयन फाइलमा संरक्षण योजना पनि समावेश गर्नु पर्ने भएमा, राष्ट्रिय तहको सूची वा रजिस्टरमा समावेश गर्नका लागि प्रस्ताव गरिएका सूचीहरुको मनोनयन फाइल
- तत्काल संरक्षणको आवश्यकता भएका अमूर्त साँस्कृतिक सम्पदाहरुको सूची वा प्रतिनिधिमूलक सूचीमा सूचीकृत गर्न प्रस्ताव गरिएका सम्पदाहरुको मनोनयन फाइल
- राष्ट्रिय सूचीमा वा युनेस्कोको कुनै सूचीमा सूचीकृत सम्पदा तत्वहरुसँग सम्बन्धित पक्ष राज्यको आवधिक प्रतिवेदन

# संक्षिप्त विवरण एवं औचित्य

| सूचक | २२. आईसीएच संरक्षणको अनुगमनमा नागरिक समाजले कति सम्म योगदान पुऱ्याएको छ |
|---|---|

**मूल्याङ्कनका कारका तत्वहरु**

यो सूचकलाई हरेक पक्ष राज्यले अनुगमन गरेर प्रतिवेदन पेश गरेका तीनवटा राज्यस्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ :

| | |
|---|---|
| २२.१ आईसीएच संरक्षण कार्यक्रम तथा उपायहरुको अनुगमन तथा वैज्ञानिक, प्राविधिक एवं कला सम्बन्धी अध्ययन गर्न सम्बन्धित समुदाय, समूह र व्यक्तिहरुका लागि सहज वातावरण उपलब्ध छ। | ओडी ८५, ओडी १५१, ओडी १५३ (बी) (ii) |
| २२.२ आईसीएच संरक्षण कार्यक्रम तथा उपायहरुको अनुगमन तथा वैज्ञानिक, प्राविधिक एवं कला सम्बन्धी अध्ययन गर्न गैर-सरकारी संस्था, र अन्य नागरिक समाज निकायका लागि सहज वातावरण उपलब्ध छ। | ओडी ८३, ओडी १५१, ओडी १५३ (बी) (ii) |
| २२.३ आईसीएच संरक्षण कार्यक्रम तथा उपायहरुको अनुगमन तथा वैज्ञानिक, प्राविधिक एवं कला सम्बन्धी अध्ययन गर्न अध्येता, विज्ञ, अनुसन्धान संस्था तथा विशेषज्ञता केन्द्र लागि सहज वातावरण उपलब्ध छ। | ओडी ८३, ओडी ८४, ओडी १५१, ओडी १५३ (बी) (ii) |

**दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध**

**दिगो विकास लक्ष्य:** सूचक २१ ले जस्तै प्रस्तुत सूचकले पनि 'सबै तहमा उत्तरदायी, समावेशी, सहागिता मूलक र प्रतिनिधिमूलक निर्णय प्रक्रिया सुनिश्चित गर्ने' दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्य (एसडीजी टार्गेट) १६.७ का साथै 'प्रभावकारी सार्वजनिक, सार्वजनिक-निजी र नागरिक समाज साझेदारीको प्रोत्साहन तथा प्रबर्द्धन गर्ने' एसडीजी टार्गेट १७.१७ लाई सघाउ पुऱ्याउँछ। सबै सूचकहरुले जस्तै यसले पनि 'विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको सुरक्षा एवं संरक्षण गर्ने प्रयासहरुलाई सुदृढ पार्ने' एसडीजी टार्गेट ११.४ लाई सम्बोधन गर्दछ।

**अन्य सूचकहरुसँगको सम्बन्ध:** सूचक २१ ले आईसीएच संरक्षणमा विभिन्न व्यक्ति तथा संस्थाहरुको यथासम्भव व्यापक सहभागिताको चर्चा गर्दछ भने यहाँ आईसीएच संरक्षणको अनुगमनमा उनीहरुको सहभागिता तर्फ ध्यान केन्द्रित गरिएको छ। यसका अतिरिक्त, प्रस्तुत सूचकले सूचक ९ लाई पूर्णता दिने काम गर्दछ, जसले वैज्ञानिक, प्राविधिक तथा कला सम्बन्धी अध्ययनमाथि विचार पुऱ्याउछ, यद्यपि त्यहाँ आईसीएच स्वयंमा ध्यान दिइएको छ भने यहाँ आईसीएच संरक्षण कार्यक्रम एवं उपायहरुको अध्ययनमाथि जोड दिइएको छ।

| | |
|---|---|
| **कार्यक्रमको औचित्य** | नियमित अनुगमन र वैज्ञानिक, प्राविधिक तथा कलात्मक अध्ययनका माध्यमबाट आईसीएच संरक्षण कार्यक्रमहरु तथा उपायहरुको प्रभावकारीता बढाउन तथा तिनमा सुधार ल्याउन सकिन्छ । यस्तो अनुगमन तथा अध्ययनले कुन कार्यक्रम तथा उपायहरुले सकरात्मक प्रभाव पारेका छन् भनेर प्रतिक्रिया प्रदान गर्दछन् । गैर-सरकारी संस्था तथा अन्य नागरिक समाज निकायहरुले अक्सर आफूसँग भएका सूचना, विशेषज्ञता र अनुभवहरुलाई लिएर आउँछन् जसले उनीहरुलाई यस्ता अनुगमन तथा अध्ययनहरुमा महत्वपूर्ण कर्ता बनाउदछ । हरेक देशको आफ्नो अवस्था अनुसार, अनुसन्धान संस्था तथा विशेषज्ञता केन्द्रहरु सरकारी वा गैर-सरकारी हुन सक्छन् र अध्येता तथा विशेषज्ञहरु सरकारी कर्मचारी वा निजी व्यक्तिहरु पनि हुन सक्छन् । तथापि, जे भए पनि यस्ता व्यक्ति तथा संस्थाहरुले राष्ट्रिय स्तरमा भैरहेको महासन्धिको कार्यान्वयनको अनुगमनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् । |
| **मुख्य शब्दावलीहरु** | • नागरिक समाज<br>• सहज वातावरण<br>• समुदाय, समूह वा, कतिपय अवस्थामा व्यक्तिहरु<br>• वैज्ञानिक, प्राविधक तथा कलात्मक अध्ययन<br>• गैर-सरकारी संस्था<br>• अनुसन्धान संस्था<br>• विशेषज्ञता केन्द्र |

# अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

| | |
|---|---|
| **अनुगमनका फाइदाहरु** | यो सूचकको अनुगमनले अनुगमन प्रक्रिया माथि नै प्रकाश पारेको छ र यसले आईसीएचमा संलग्न विभिन्न तप्काका नागरिक समाजका कार्यकर्ताहरुको व्यापक सहभागिताबाट यो प्रक्रियामा फाइदा पुगेको छ कि छैन साथै विभिन्न दृष्टिकोणबाट सञ्चालन गरिएका आईसीएच संरक्षणको अध्ययनका बारेमा यो प्रक्रिया जानकार छ कि छैन भनेर भनेर निर्क्यौल गर्न राज्यलाई सहयोग गर्न सक्छ। यो सूचकको अनुगमनबाट हाल सञ्चालन भैरहेका र भविष्यमा गरिने अनुगमन तथा अध्ययनहरुमा यस्ता कार्यकर्ताहरुको पूर्ण संलग्नताका लागि अन्य अवसरहरु पहिचान गर्न सकिन्छ। विश्वस्तरमा यो सूचकको अनुगमनले अनुगमन प्रक्रिया र सम्बन्धित अध्ययनमा नागरिक समाजलाई संलग्न गराउने प्रभावकारी संयन्त्रहरुका उदाहरणहरु प्रदान गर्न सक्दछ। साथै यसबाट नागरिक समाजका कार्यकर्ताहरुको ज्ञान तथा दृष्टिकोणबाट राज्यले फाइदा उठाउन सके-नसकेको निर्क्यौल गर्न सकिन्छ। |
| **सूचनाहरुको स्रोत तथा सूचना सङ्कलन** | यो सूचकले अनुगमन प्रक्रियामा नै जोड दिने भएकोले राज्यका तर्फबाट अनुगमन र प्रतिवेदनका लागि जिम्मेवार व्यक्ति तथा संस्थाहरुले समुदाय, गैर-सरकारी संस्था र अन्य सरोकारवालाहरुसँग परामर्श गर्नु पर्ने हुन सक्छ, जसले विभिन्न तहमा अनुगमन अभ्यासमा योगदान पुऱ्याएका हुन सक्छन्। यदि परामर्शी निकाय वा समन्वयकारी संयन्त्र भएमा, त्यसले अनुगमन क्रियाकलापहरुको योजना बनाउन, सुपरिवेक्षण गर्न, अनुगमन सञ्चालन गर्न तथा त्यसको मूल्याङ्कन गर्न विभिन्न व्यक्ति तथा निकायहरुलाई जुटाउने महत्वपूर्ण मञ्च प्रदान गर्न सक्छ।<br><br>**सूचनाका सम्भाव्य स्रोतहरु**<br><br>• अनुगमन र प्रतिवेदनका लागि जिम्मेवार निकायहरुको कार्य योजना<br>• परामर्शी निकाय वा समन्वयकारी संयन्त्रको कार्ययोजना तथा बैठकका कार्यसूची तथा निर्णयहरु<br>• सन्दर्भ-ग्रन्थसूची, प्रकाशकको सूचीपत्र वा प्रकाशित कृतिको समीक्षा<br>• सभाको कार्यसूची वा प्रस्तुती विवरण, साथै गैर-सरकारी संस्था वा अन्य नागरिक समाजका कार्यकर्ताहरुका सार्वजनिक प्रस्तुती तथा कार्यक्रमहरुका बारेमा वर्णन गरेका अभिलेखहरु<br>• गैर-सरकारी संस्थाहरु वा अन्य नागरिक समाजका कार्यकर्ताहरुले गरेका अध्ययन प्रतिवेदनहरु |

# संक्षिप्त विवरण एवं औचित्य

| | |
|---|---|
| **सूचक** | **२३. समितिले सल्लाहकार वा परामर्शदाताको हैसियतमा संलग्न गराएका गैर-सरकारी संस्था, सार्वजनिक तथा निजी क्षेत्र र निजी व्यक्तिहरुको संख्या तथा भौगोलिक वितरण** |

**मूल्याङ्कनका कारका तत्वहरु**

यो सूचकलाई सचिवालयले अनुगमन गरेर प्रतिवेदन पेश गरेका तीनवटा विश्वस्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ :

| | |
|---|---|
| २३.१ सल्लाहकार सेवा प्रदान गर्नका लागि मान्यता प्रदान गरिएका गैर- सरकारी संस्थाहरुको संख्या, तिनीहरुको भौगोलिक वितरण र विभिन्न विधागत क्षेत्रहरुमा तिनीहरुको प्रतिनिधित्व । | धारा ९ ओडी ९३ |
| २३.२ महासन्धिका नियामक निकायहरुका अधिवेशन/बैठक र कार्य समूहमा सहभागी हुने मान्यता प्राप्त गैरसरकारी संस्थाहरुको प्रतिशत र तिनीहरुको भौगोलिक वितरण । | ओडी ९६ |
| २३.३ मूल्याङ्कन संयन्त्र बाहेक परामर्शको उद्देश्यका लागि समितिले मान्यता प्राप्त गैर-सरकारी संस्थाहरुलाई संलग्न गराएका अवसर तथा क्रियाकलापहरुको संख्या | धारा ८, ओडी ९६ |

**दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध**

**दिगो विकास लक्ष्य:** प्रस्तुत सूचकले 'प्रभावकारी सार्वजनिक, सार्वजनिक-निजी र नागरिक समाज साझेदारीको प्रोत्साहन तथा प्रबर्द्धन गर्ने' दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्य (एसडीजी टार्गेट) १७.१७ लाई प्रत्यक्षरुपमा सहयोग गर्दछ र सम्भवतः यसले 'सबै तहमा उत्तरदायी, समावेशी, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णय प्रक्रिया सुनिश्चित गर्ने' एसडीजी टार्गेट १६.७ मा पनि योगदान पुऱ्याउँछ । महासन्धिको शासकीय प्रक्रियामा योगदान दिएर यसले 'विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको सुरक्षा एवं संरक्षण गर्ने प्रयासहरुलाई सुदृढ पार्ने' एसडीजी टार्गेट ११.४ लाई सम्बोधन गर्दछ।

**अन्य सूचकहरुसँगको सम्बन्ध:** अन्य थुप्रै सूचकहरुले राष्ट्रियस्तरमा गैर-सरकारी संस्थाको योगदानलाई सम्बोधन गर्दछन्: सूचक ४ (क्षमता निर्माण), सूचक ८ (वस्तुसूचीकरण), सूचक २१ (सामान्यतया आईसीएचको र यसका विशिष्ट तत्वहरुको संरक्षण), र सूचक २२ (राष्ट्रियस्तरको अनुगमन) । प्रस्तुत सूचकले समिति आफैले सल्लाहकार वा परामर्शको हैसियतमा काम गरिरहेका गैर-सरकारी संस्था वा अन्य व्यक्ति तथा निकायहरुको ज्ञान र अनुभवबाट कत्तिको फाइदा लिन सकेको छ भन्ने कुरामा ध्यान केन्द्रित गर्दछ।

**कार्यक्रमको औचित्य**

धारा ९ ले समितिको सल्लाहकारको हैसियतले कार्य गर्न समितिले अमूर्त सांस्कृतिक सम्पदाका क्षेत्रमा मान्यता प्राप्त, योग्य गैर-सरकारी संस्थाहरूलाई आधिकारिकता' प्रदान गर्ने प्रक्रिया प्रस्तुत गर्दछ भने धारा ८.४ ले 'विशेष विषयमा परामर्श गर्नका लागि' यस्ता गैर-सरकारी संस्थाहरु र अन्य 'सार्वजनिक तथा निजी निकायका साथमा निजी व्यक्तिहरु' लाई आफ्ना बैठकहरुमा आमन्त्रित गर्न समितिलाई अधिकार दिएको छ । मूल्याङ्कन निकायका हैसियतले मनोनयन, प्रस्तावपत्र, निवेदन र प्रतिवेदनहरुको मूल्याङ्कन गर्ने अभिभारा निर्वाह गर्नु (ओडी ९६) का अतिरिक्त गैर-सरकारी संस्थाहरुलाई समितिले यस्ता परामर्शी वा सल्लाह दिने सेवाहरु प्रदान गर्ने जिम्मेवारी दिन सक्छ।

| | |
|---|---|
| **मुख्य शब्दावलीहरु** | • गैर-सरकारी संस्थाहरु<br>• आईसीएचका विधागत क्षेत्रहरु |

# अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

| | |
|---|---|
| **अनुगमनका फाइदाहरु** | विश्वस्तरमा यस सूचकको अनुगमनले समितिलाई गैर-सरकारी संस्थाहरु, सार्वजनिक तथा निजी निकाय एवं निजी व्यक्तिहरुले प्रदान गरेका सल्लाह तथा परामर्श सेवाबाट यथासम्भव फाइदा लिन सके-नसकेको जानकारी दिन सहयोग गर्न सक्छ। यसका साथै, विश्वस्तरीय अनुगमनले समितिले मान्यता प्रदान गरेका गैर-सरकारी संस्थाहरुमा विश्वका विभिन्न क्षेत्रहरु राम्रोसँग प्रतिविम्वित भए-नभएको, तिनीहरुले आईसीएचका विभिन्न विधागत क्षेत्रहरुलाई पर्याप्त मात्रामा प्रतिनिधित्व गर्न सके-नसकेको र कम प्रतिनिधित्व भएको हुन सक्ने क्षेत्र वा विधागत क्षेत्रको प्रतिनिधित्व बढाउन समितिले कुनै नयाँ कार्यक्रमको शुरुवात गर्न चाहे-नचाहेको मूल्याङ्कन गर्न सक्छ। |

| | |
|---|---|
| **सूचनाहरुको स्रोत तथा सूचना सङ्कलन** | यो सूचकलाई सचिवालयले विश्वस्तरमा अनुगमन गर्दछ। सचिवालयले समितिले सल्लाहकार सेवा प्रदान गर्नका लागि मान्यता प्रदान गरेका गैरसरकारी संस्थाहरु, तिनीहरुको देश र तिनीहरुको कार्यक्षेत्र का बारेमा विस्तृत जानकारीहरु सहितको तथ्य विवरण राखेको हुन्छ। सचिवालयले यस्ता गैर-सरकारी संस्थाहरुले समिति र महासभाका अधिवेशन र कार्यसमूहहरुमा जनाएको सहभागिताका साथै समिति आफैले उनीहरुबाट के कस्ता अवसरहरुमा परामर्श सेवाहरु प्राप्त गरेको छ भन्ने जानकारीहरु पनि राख्दछ।<br>**सम्भाव्य सूचनाका स्रोतहरु**<br>• सचिवालयले सङ्कलन गरेर राखेका सूचनाहरु<br>• आईसीएचमा संलग्न गैर-सरकारी संस्था मञ्च (फोरम) र अन्य नागरिक समाजका वेवसाइट एवं सामाजिक सञ्जालहरु |

# संक्षिप्त विवरण एवं औचित्य

| | |
|---|---|
| **सूचक** | **२४. संरक्षणका लागि सहकार्यमा अन्य पक्ष–राज्यहरुसँग सक्रियरुपले संलग्न पक्ष–राज्यहरुको प्रतिशत** |

| | | |
|---|---|---|
| **मूल्याङ्कनका कारका तत्वहरु** | यो सूचकलाई हरेक पक्ष राज्यले अनुगमन गरेर प्रतिवेदन पेश गरेका चारवटा राज्य स्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ : | |
| | २४.१ आमरुपमा आईसीएच संरक्षणका उपायहरु कार्यान्वयन गर्न द्विपक्षीय, बहुपक्षीय, क्षेत्रीय अथवा अन्तर्राष्ट्रिय सहयोगको काम प्रारम्भ गरिएको छ। | धारा १९ ओडी ८६ |
| | २४.२ आईसीएचका विशेष तत्वहरु, खास गरेर खतरामा परेका, एकभन्दा बढि राज्यहरुको भूभागमा प्रचलित एवं (दुई देशको) सीमाक्षेत्र वारपार अभ्यास गरिने तत्वहरु संरक्षणका उपायहरु कार्यान्वयन गर्न द्विपक्षीय, बहुपक्षीय, क्षेत्रीय अथवा अन्तर्राष्ट्रिय सहयोगको काम प्रारम्भ भएको छ। | धारा १९ ओडी १३, ओडी १४, ओडी १५ |
| | २४.३ आईसीएच र आईसीएच संरक्षणका राम्रा अभ्यासहरु लगायत यसको संरक्षण सम्बन्धी सूचना तथा अनुभवहरु अन्य पक्ष राज्यहरुसँग आदान-प्रदान गरिएको छ। | धारा १९, ओडी १५६, ओडी १९३ |
| | २४.४ अर्को पक्ष-राज्यको भू-भागमा प्रचलित आईसीएच तत्वसँग सम्बन्धित अभिलेखहरु उक्त पक्ष-राज्यलाई समेत दिइएको छ। | धारा १९ ओडी ८७ |

| | |
|---|---|
| **दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध** | **दिगो विकास लक्ष्य:** अन्य सूचकहरु जस्तै, प्रस्तुत सूचकले 'विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको सुरक्षा एवं संरक्षण गर्ने प्रयासहरुलाई सुदृढ पार्ने' दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्य (एसडीजी टार्गेट) ११.४ लाई सम्बोधन गर्दछ।<br>**अन्य सूचकहरुसँगको सम्बन्ध:** अरु धेरै सूचकहरुले कुनै एउटा राज्यको भू-भाग भित्र रहेका आईसीएचको संरक्षणका लागि गरिएका प्रयत्नहरुमाथि ध्यान केन्द्रित गर्दछन् भने यो सूचकले एकभन्दा बढि राज्यमा रहेका सामान्यतया आईसीएच र आईसीएचका विशेष तत्वहरुका साथै (दुई देशको) सीमाना वारीपारी अभ्यास गरिने आईसीएच तत्वहरुको संरक्षणमा सम्बन्धित देशले अन्य देशहरुसँग लिएको सहयोगसँग सरोकार राख्दछ। यसरी अभिलेखीकरणका सन्दर्भमा यसले सूचक ९ र १० लाई तथा संरक्षणका राम्रा अभ्यासहरुसँग सरोकार राख्ने सूचक १९ लाई सघाउ पुऱ्याउँछ। आईसीएचको संरक्षण अधिकांश सूचकहरुमा चर्चा गरिएको हुँदा यहाँ समेटिएका क्रियाकलापहरुले त्यस्ता आन्तरिक प्रयासहरुको परिपुरकका रुपमा काम गर्दछन्। सूचक २५ यहाँ वर्णन गरिएका क्रियाकलापहरु लगायत अन्तर्राष्ट्रिय संरक्षण सहायता क्रियाकलापहरु सञ्चालन गर्ने संघसंस्था तथा कर्ताहरुसँग सम्बन्धित छ। |

| | |
|---|---|
| **कार्यक्रमको औचित्य** | महासन्धिका चारवटा उद्देश्यहरुमध्ये एक 'अन्तर्राष्ट्रिय सहयोग तथा सहायता उपलब्ध गराउनु' (धारा १ डी) हो। महासन्धिले अन्य कुराहरुका साथै 'सूचना र अनुभव (र) संयुक्त पहलहरु' लाई समावेश गर्न अन्तर्राष्ट्रिय सहयोगलाई थप परिभाषित गरेको छ (धारा १९)। राज्यहरुले 'द्विपक्षीय, उप-क्षेत्रीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा सहायता' गतिविधिहरु सञ्चालन गर्दछन् (धारा १९) र यसरी अन्तर्राष्ट्रियस्तरमा गरिने सहयोगका निम्ति सञ्चालित उनीहरुका कार्यहरु महासन्धिका मूल सिद्धान्तहरु अनुरुप हुन्छन्। राज्यहरुका बीच द्वैपक्षीय र बहुपक्षीय सहयोगले पनि महासन्धिमा उल्लेखित सहायताको भावनालाई प्रतिविम्वित गर्दछ। |
| **मुख्य शब्दावलीहरु** | • क्षेत्रीय<br>• आईसीएच तत्व |

# अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

| | |
|---|---|
| **अनुगमनका फाइदाहरु** | यस सूचकको अनुगमनबाट हरेक राज्यले ऊ आफैले सञ्चालन गरेका संरक्षण कार्यहरुका अतिरिक्त अन्य राज्यहरुसँग लिन सकिने सहयोगका अवसरहरुबाट कत्तिको फाइदा लिन सकिएको छ भनेर मूल्याङ्कन गर्न सक्छ। अनुगमनले यस्तो सहयोगका लागि अहिलेसम्म थाहा नभएका थप अवसर हरु पहिचान गर्न समेत सहयोग गर्न सक्छ। विश्वस्तरमा यो सूचकको अनुगमनले महासन्धिको भावना अनुरुप तर महासन्धिको नियामक निकायहरु बाहेक स्वतन्त्ररुपमा सञ्चालित द्विपक्षीय एवं बहुपक्षीय कार्यक्रमहरुको विविधतामाथि प्रकाश पार्न सक्छ। |

| | |
|---|---|
| **सूचनाहरुको स्रोत तथा सूचना सङ्कलन** | अनुगमन र प्रतिवेदनका लागि जिम्मेवार व्यक्ति तथा निकायहरुले संस्कृति मन्त्रालय र परराष्ट्र मन्त्रालय लगायत अन्य सम्बन्धित मन्त्रालयहरुको अन्तर्राष्ट्रिय सहायता कार्यालयसँग परामर्श गर्न सक्छन्, जसले अन्य राज्यहरुसँग गरिएका द्विपक्षीय र बहुपक्षीय सहायताहरुको अभिलेख राखेका हुन सक्छन्। राज्यमा यदि परामर्शी निकाय वा समन्वयकारी संयन्त्र भएमा, अन्तर्राष्ट्रिय सहायतासँग सम्बन्धित क्रियाकलापहरुमा संलग्न भएको हुन सक्ने यसका सदस्यहरुसँग परामर्श गर्न सकिन्छ। अन्य देशहरुसँग कागजपत्रको आदानप्रदानका बारेमा थाहा पाउन सम्बन्धित अभिलेखालय संस्थामा पनि सम्पर्क गर्न सकिन्छ।<br><br>**सम्भाव्य सूचनाका स्रोतहरु**<br><br>• संस्कृति मन्त्रालय तथा परराष्ट्र मन्त्रालय लगायत सम्बन्धित अन्य मन्त्रालयहरुमा रहेका अन्तर्राष्ट्रिय सहायता कार्यालयका प्रतिवेदन तथा अभिलेखहरु<br>• अभिलेखालय  र अन्य अभिलेख संस्थाहरुका प्रतिवेदन एवं अभिलेखहरु<br>• आईसीएच संरक्षणकर्मीहरुका सञ्जाल तथा पेशागत संस्थाहरु |

# संक्षिप्त विवरण एवं औचित्य

| | |
|---|---|
| **सूचक** | **२५. अन्तर्राष्ट्रिय सञ्जाल निर्माण तथा संस्थागत सहयोगमा सक्रियरुपले संलग्न पक्ष राज्यहरुको प्रतिशत** |

| | | |
|---|---|---|
| **मूल्याङ्कनका कारका तत्वहरु** | यो सूचकलाई हरेक पक्ष राज्यले अनुगमन गरेर प्रतिवेदन पेश गरेका तीनवटा राज्यस्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ : | |
| | २५.१ पक्ष राज्यहरु आईसीएचका क्याटगोरी २ केन्द्रहरुका क्रियाकलापहरुको आयोजक वा लाभग्राहीका रुपमा संलग्न हुन्छन् । | ओडी ८८ |
| | २५.२ आईसीएचका क्षेत्रमा सक्रिय समुदाय, समूह तथा व्यक्ति, गैर-सरकारी संस्था, विशेषज्ञ, विशेषज्ञता केन्द्र र अनुसन्धान संस्थाहरुका बीच अन्तर्राष्ट्रिय सञ्जाल फस्टाएको छ । | ओडी ८६ |
| | २५.३ पक्ष राज्यहरु युनेस्को बाहेक अन्य अन्तर्राष्ट्रिय तथा क्षेत्रीय निकायहरुका आईसीएच सम्बन्धी क्रियाकलापहरुमा सहभागी हुन्छन् । | |

| | |
|---|---|
| **दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध** | **दिगो विकास लक्ष्य:** यो सूचकले विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको सुरक्षा एवं संरक्षणसँग सम्बन्धित दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्य (एसडीजी टार्गेट) ११.४ लाई सहयोग गर्दछ । यसले एसडीजी टार्गेट १७.१७ को परिपूरकका रुपमा समेत काम गर्दछ, जसले 'प्रभावकारी सार्वजनिक, सार्वजनिक-नीजि र नागरिक समाज साझेदारीलाई प्रोत्साहित तथा प्रबर्द्धन गर्ने' लक्ष्य राख्दछ ।<br>**अन्य सूचकहरुसँगको सम्बन्ध:** प्रस्तुत सूचकले सूचक २४ लाई सघाउँछ जसले संरक्षणका लागि अन्तर्राष्ट्रिय सहायतासँग सरोकार राख्दछ । यहाँ यस्ता क्रियाकलापहरु सञ्चालन गर्ने संस्था तथा अन्य कर्ताहरुमा ध्यान केन्द्रित गरिएको छ । यी संस्थाहरु अन्य सूचकहरु, जस्तैः सूचक १ (संस्थागत क्षमता), सूचक २ (क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने संस्थाहरु) वा सूचक ६ (उत्तर-माध्यामिक संस्थाहरु) मा वर्णन गरिएका संस्थाहरुमध्येकै पनि हुन सक्छन् । |

| | |
|---|---|
| **कार्यक्रमको औचित्य** | सूचक २४ का सन्दर्भमा उल्लेख गरिए जस्तै महासन्धिका चारवटा मध्ये एउटा उद्देश्य 'अन्तर्राष्ट्रिय सहायता तथा सहयोग उपलब्ध गराउनु' (धारा १ डी), हो, । महासन्धिले अन्तर्राष्ट्रिय सहायतालाई अन्य कुराहरुका अतिरिक्त संयुक्त प्रयासहरुलाई समेत थप परिभाषित गरेको छ (धारा १९) । धारा १९ का अनुसार राज्यले 'द्विपक्षीय, उप-क्षेत्रीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा सहयोग गर्नु' पर्दछ र यस्तो सहयोगलाई यहाँ वर्णन गरिए जस्तै सञ्जाल एवं संस्थागत सहायताका माध्यमबाट औपचारिकता प्रदान गरिन्छ । स्वभावतः क्याटगोरी २ केन्द्रहरु खास गरेर महासन्धिले परिकल्पना गरेका क्षमता विकास कार्यक्रमहरुलाई सघाउने परिप्रेक्षमा अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सञ्जालहरुलाई सुदृढ पार्ने तथा संरक्षण का अनुभवहरु आदान-प्रदान गर्ने कार्यमा संलग्न रहन्छन् । संयुक्त राष्ट्रका निकायहरु एवं क्षेत्रीय निकायहरु आईसीएच र यसको संरक्षणमा संलग्न रहने क्रम बढ्दै गएको छ र धेरै देशहरुले यिनीहरुलाई अन्तर्राष्ट्रिय सहायताका लागि एउटा महत्वपूर्ण मञ्चका रुपमा पाएका छन् । |

| | |
|---|---|
| **मुख्य शब्दावलीहरु** | • क्याटगोरी २ केन्द्रहरु<br>• समुदाय, समूह वा कतिपय अवस्थामा व्यक्तिहरु<br>• गैर-सरकारी संस्था,<br>• विशेषज्ञता केन्द्र,<br>• अनुसन्धान संस्थाहरु,<br>• क्षेत्रीय |

## अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

| | |
|---|---|
| **अनुगमनका फाइदाहरु** | अन्तर्राष्ट्रिय सञ्जाल तथा संस्थागत सहायताको अनुगमन तथा प्रतिवेदनले राज्यलाई अन्तर्राष्ट्रिय सहायतालाई प्रोत्साहित गर्ने महासन्धिको मूल उद्देश्यलाई उसले कत्तिको सम्बोधन गरेको छ भनेर ध्यान दिएर सोच्नका लागि सहयोग गर्न सक्छ । यस्तो अनुगमनबाट राज्यले यस्ता सहायताका सफल उदाहरणहरुको स्मरण गर्न सक्छ, जसलाई उसले पुनर्ताजगी गर्ने वा विस्तार गर्ने चाहना गर्न सक्छ । यसरी नै विस्वस्तरीय अनुगमनले सफल सिद्ध भएका अन्तर्राष्ट्रिय सहायताका उदाहरण एवं घटनाहरु पहिचान गर्न र कस्ता उपाय वा विधिहरुलाई निरन्तरता दिनु पर्छ भनेर व्याख्या गर्न सक्छ । |

| | |
|---|---|
| **सूचनाहरुको स्रोत तथा सूचना सङ्कलन** | सूचक २४ मा उल्लेख गरिए जस्तै अनुगमन र प्रतिवेदनका लागि जिम्मेवार व्यक्ति तथा निकायहरुले संस्कृति मन्त्रालयस्थित अन्तर्राष्ट्रिय सहायता कार्यालयसँग परामर्श गर्न सक्छन्, जसले अन्य राज्यहरुसँग संस्थागत सहायताका अभिलेखहरु राखेको हुनसक्छ । परराष्ट्र मन्त्रालयले अन्तर्राष्ट्रिय एवं क्षेत्रीय निकायहरुसँग राज्यको संलग्नताको संक्षिप्त विवरण राखेको हुन सक्छ । यस्ता निकायहरुमध्ये धेरैजसोले आईसीएच र यसको संरक्षणका क्षेत्रमा अझै बढि सक्रिय हुँदै गएका हुन सक्छन् । यदि राज्यमा परामर्शी निकाय वा समन्वयकारी संयन्त्र भएमा, यसका सदस्यहरुसँग उनीहरु संलग्न भएका संस्थागत सहायताका बारेमा परामर्श गर्नु पर्दछ ।<br>**सूचनाका सम्भाव्य स्रोतहरु**<br>• संस्कृति मन्त्रालय तथा पराराष्ट्र मन्त्रालय लगायत सम्बन्धित अन्य मन्त्रालयहरुमा रहेका अन्तर्राष्ट्रिय सहायता कार्यालयका प्रतिवेदन तथा अभिलेखहरु<br>• सम्बन्धित क्याटगोरी २ केन्द्रहरुका समाचार-पत्र तथा वेवसाइटहरु<br>• गैर-सरकारी संस्था, विशेषज्ञता केन्द्र र अनुसन्धान संस्थाहरुका समाचार-पत्र तथा वेवसाईटहरु<br>• राज्य पक्ष भएका सन्धि तथा अन्तर्राष्ट्रिय सहमतीहरुका आधिकारिक राजपत्र/जर्नल वा संग्रह<br>• अभिलेखालय  र अन्य अभिलेख संस्थाहरुका प्रतिवेदन एवं अभिलेखहरु |

# संक्षिप्त विवरण एवं औचित्य

| सूचक | २६. आईसीएच कोषले संरक्षण तथा अन्तर्राष्ट्रिय संलग्नतालाई प्रभावकारी रुपमा सहयोग गर्दछ | |
|---|---|---|
| मूल्याङ्कनका कारका तत्वहरु | यो सूचकलाई सचिवालयले अनुगमन गरेर प्रतिवेदन पेश गरेका तीनवटा विश्वस्तरीय कारक तत्वहरु (factors) का आधारमा मूल्याङ्कन गरिन्छ : | |
| | २६.१ पक्ष राज्यहरुले आईसीएच कोषबाट आर्थिक वा प्राविधिक सहयोग प्राप्त गर्ने प्रयास गर्दछन् र यस्तो सहायताको परिणाम स्वरुप आएका कार्यक्रमहरुलाई कार्यान्वयन गर्दछन् । | धारा १९,<br>धारा २१ |
| | २६.२ पक्ष राज्य वा अन्य निकायहरुले साधारण वा विशेष उद्देश्यका लागि, खास गरेर विश्वव्यापी क्षमता अभिवृद्धि कार्यक्रमका लागि आईसीएच कोषमा स्वेच्छाले थप योगदान पुऱ्याउँछन् । | धारा २५.५,<br>धारा २७<br>ओडी ६८-७१ |
| | २६.३ आईसीएच कोषलाई महासन्धिको नियामक निकायका बैठकहरुमा सल्लाहकारको हैसियतमा बोलाइएका आईसीएच विज्ञहरु तथा विकासशील देशका मान्यताप्राप्त गैर-सरकारी संस्थाहरु, सार्वजनिक तथा नीजि निकायका साथै समुदाय एवं समूहका सदस्यहरु लगायत व्यापक तह र तप्काका सरोकार वालाहरुको सहभागिताका लागि लाग्ने खर्च व्यहोर्न उपयोग गरिएको छ । | धारा ८,<br>धारा ९,<br>ओडी ६७ |
| दिगो विकास लक्ष्यहरु एवं अन्य सूचकहरुसँगको सम्बन्ध | **दिगो विकास लक्ष्य:** दिगो विकास लक्ष्यले अन्तर्राष्ट्रिय सहयोग एवं सहायता (आर्थिक सहायता लगायत) प्रबर्द्धनमा जोड दिएकाले, प्रस्तुत सूचकले थुप्रै लक्ष्य तथा परिमाणात्मक लक्ष्यहरुलाई सघाउ पुऱ्याउँछ । उदाहरणका लागि, एसडीजी टार्गेट १ (ए) ले 'विकासशील देशहरु, खास गरेर अतिकम विकसित देशहरुले गरीबीका सबै आयामहरुको अन्त्य गर्न कार्यक्रम तथा नीतिहरु कार्यान्वयन गर्न सकून् भनी यथेष्ट र अपेक्षित साधनहरु प्रदान गर्नका लागि, सुदृढ विकास सहायता लगायत विभिन्न स्रोतहरुका माध्यमबाट स्रोत साधनहरुको सार्थक परिचालन सुनिश्चित गर्ने' चर्चा गर्दछ । एसडीजी टार्गेट १० (बी) ले आर्थिक सहायताका लागि 'अत्यन्तै ठूलो आवश्यकता भएका राज्यहरु, खास गरेर कम विकसित देशहरु, अफ्रिकी मुलुकहरु, विकासशील स-साना टापू राज्यहरु र भूपरिवेष्टित देशहरु' लाई विशेष रुपले प्राथमिकतामा राखेको छ भने एसडीजी टार्गेट १७.३ ले 'विकासशील देशहरुका लागि विभिन्न माध्यमहरुबाट थप आर्थिक स्रोतहरु परिचालन गर्ने' तथा एसडीजी टार्गेट १७.३ ले विकासशील देशहरुमा क्षमता निर्माणका लागि अन्तर्राष्ट्रिय सहयोगको उल्लेख गरेको छ । मूल्याङ्कन कारक तत्व २६.३ ले 'विश्वव्यापी शासकीय संस्थाहरुमा विकासशील देशहरुको सहभागितालाई फराकिलो पार्ने तथा सुदृढ पार्ने' एसडीजी टार्गेट १६.८ लाई सहयोग गर्दछ । वास्तवमा, यो सूचकले 'विश्वका साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको सुरक्षा एवं संरक्षण गर्ने प्रयासहरुलाई सुदृढ पार्ने' एसडीजी टार्गेट ११.४ लाई पनि मद्दत गर्दछ । | |

| | |
|---|---|
| | **अन्य सूचकहरुसँगको सम्बन्ध:** अमूर्त साँस्कृतिक सम्पदा संरक्षण कोष (आईसीएच फण्ड) बाट प्राप्त सहायतालाई सबै प्रकारका संरक्षण कार्यक्रमहरुमा प्रयोग गर्न पाइने भएकोले प्रस्तुत सूचकले विशेष संरक्षण क्रियाकलापहरुसँग सम्बन्धित थुप्रै सूचकहरुलाई सघाउ पुऱ्याउँछ। विश्वव्यापी क्षमता-विकास कार्यक्रमको विशिष्ट सन्दर्भमा, यो सूचकले सूचक २ र ३ को परिपुरकका रुपमा काम गर्दछ। मूल्याङ्कन कारक तत्व २६.३ ले सूचक २३ लाई सहयोग पुऱ्याउँछ, जसले सल्लाहकार वा परामर्शदाताको हैसियतमा समितिद्वारा बोलाईएका कार्यकर्ताहरुसँग सरोकार राख्दछ। |
| **कार्यक्रमको औचित्य** | सूचक २४ र २५ को सन्दर्भमा उल्लेख गरिए जस्तै महासन्धिका चारवटा उद्देश्यहरुमध्ये एक 'अन्तर ष्ट्रिय सहयोग र सहायता उपलब्ध गराउनु' हो (धारा १ डी)। महासन्धिले अन्तर्राष्ट्रिय सहयोगमा 'पक्ष राज्यहरुलाई अमूर्त साँस्कृतिक सम्पदा संरक्षण गर्ने उनीहरुको प्रयासका लागि एउटा सहायता संयन्त्रको स्थापना गर्ने' कुरालाई समेत समावेश गनुपर्ने बारेमा थप प्रष्ट पारेको छ (धारा १९)। यस्तो सहायतामा सघाउ पुऱ्याउन महासन्धिले आईसीएच कोष स्थापना गर्ने व्यवस्था गरेको छ र राज्यहरु लाई बार्षिक योगदानका अतिरिक्त स्वैच्छिक थप योगदान गर्नका लागि आह्वान गरेको छ (धारा २७)। यसका साथै यस्तो योगदानलाई सामान्य तथा विशेष उद्देश्यका लागि प्रयोग गर्न सकिने कुरालाई समेत थप व्याख्या गरिएको छ (धारा २५.५)। यस्तो थप योगदानका लागि नियामक निकायहरुले क्षमता विकासको महत्वलाई विशेष ध्यान दिएका छन्। अन्त्यमा, 'समिति विभिन्न भौगोलिक क्षेत्रहरुको उचित प्रतिनिधित्वको सुनिश्चित गर्नका लागि' समितिले आफ्नो कार्यप्रणाली नियम (Rules of Procedure) मा व्यापक तह र तप्काका, खास गरेर विकासशील देशहरुका आईसीएच कर्ताहरुले उसका सत्रहरुमा सहभागी हुने वातावरणका लागि सहजीकरण गर्न आर्थिक सहयोग उपलब्ध गराउने व्यवस्था गरेको छ। |

| | |
|---|---|
| **मुख्य शब्दावलीहरु** | • सरोकारवालाहरु<br>• गैर-सरकारी संस्था,<br>• समुदाय, समूह वा कतिपय अवस्थामा व्यक्तिहरु |

# अनुगमन तथा आवधिक प्रतिवेदन सम्बन्धी विशेष निर्देशन

**अनुगमनका फाइदाहरु**

विश्वस्तरमा यस सूचकको अनुगमनबाट समितिलाई आईसीएच कोषका माध्यमबाट उसले प्रदान गर्ने सहायताको प्रभावकारीता कस्तो छ भनेर मूल्याङ्कन गर्न, तथा एक वा अर्को क्षेत्रका विकासशील देशहरुबाट हुने सहभागितामा असर पार्ने सम्भावित अवरोधहरुप्रति ध्यानाकर्षण गर्न सहयोग गर्न सक्छ। विश्व-स्तरीय अनुगमनबाट दाता राष्ट्रहरुको झुकावमाथि प्रकाश पार्न तथा आर्थिक सहायतामा रहेका सम्भावित कमिकमजोरीहरु पहिचान गर्न सकिन्छ, जसले गर्दा समितिले थप योगदानको दर बढाउने उपायहरु अपनाउन सक्छ। अन्त्यमा, व्यापक तह र तप्काका सरोकार वालाहरुले महासन्धिका नियामक निकायहरुको बैठकमा भाग लिने कार्यमा सघाउ पुऱ्याउनका निम्ति गरिने सहायताको अनुगमनबाट यथासम्भव व्यापक सहभागिता प्राप्त भएको सुनिश्चित गर्न मद्दत पुग्छ।

**डाटा**

यो सूचकको अनुगमन विश्वव्यापी तहमा सचिवालयले गर्दछ, जसले आईसीएच कोष, यसको आम्दानी (स्वैच्छिक थप योगदान लगायत) र यसको खर्च (अन्तर्राष्ट्रिय सहायता र नियामक निकायहरुको बैठकमा सहभागितामा सहयोग गर्ने दुबै कामका लागि) लगायत विस्तृत विवरणयुक्त डाटावेस तथा अन्य सामाग्रीहरु राखेको हुन्छ। सचिवालयको डाटावेसले महासन्धिको वेवसाइटमा आर्थिक सहयोगका लागि प्राप्त भएका निवेदनहरु सम्बन्धी विस्तृत जानकारीहरु प्रकाशनमा समेत सहयोग गर्दछ। अन्तर्राष्ट्रिय सहायताबाट सञ्चालित क्रियाकलापहरुलाई लाभग्राही पक्ष राज्यले समिति समक्ष नियमित रुपमा प्रतिवेदन पेश गर्नु प्रतिवेदनकै विषय भएकोले यस्ता प्रतिवेदनहरु लाई पनि महासन्धिको वेवसाइटमा उपलब्ध गराइएको हुन्छ।

**सूचनाका सम्भाव्य स्रोतहरु**

- सचिवालयले सम्हालेर राखेका डाटावेस तथा अन्य सामाग्रीहरु
- लाभग्राही पक्ष राज्यले आफूले प्राप्त गरेको अन्तर्राष्ट्रिय सहायताका बारेमा समितिमा बुझाएको प्रतिवेदन

यो प्रकाशन गणतन्त्र कोरियाको साँस्कृतिक सम्पदा प्रशासनको सहयोगमा युनेस्को अन्तरगत एशिया-प्रशान्त क्षेत्रमा अमूर्त साँस्कृतिक सम्पदाका लागि अन्तर्राष्ट्रिय सूचना तथा सञ्जाल केन्द्र (ICHCAP) ले जारी गरेको हो ।

**मुद्रण मिति**ः डिसेम्बर २०२०
**कार्यकारी प्रकाशक**ः जी हुवाङ कीउम
**प्रमुख सम्पादक**ः वेन्मो पार्क
**सम्पादन सहयोगी**ः मिञ्जी कीम
**अनुवाद**ः ख्याम विश्वकर्मा
**शुद्धाशुद्धी**ः भीम नेपाल
**डिजाइन**ः ग्राफिक कोरिया

प्रकाशकः ICHCAP ९५ सिओहाक-रो, वान्सन-गु, जिअञ्जु, जिआल्लावक-डो ५५१०१ गणतन्त्र कोरिया
फोनः +८२ ६३ २३० ९७४२ फ्याक्सः +८२ ६३ २३० ९७०० ईमेलः info@unesco-ichcap.org

ichcap

United Nations
Educational, Scientific and
Cultural Organization
국제연합
교육과학문화기구

International Information and Networking Centre
for Intangible Cultural Heritage in the Asia-Pacific Region
under the auspices of UNESCO
유네스코 아태무형유산센터

55101 전라북도 전주시 완산구 서학로 95 유네스코아태무형유산센터
95 Seohak-ro, Wansan-gu, Jeonju 55101 Republic of Korea